# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधपत्र इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा प्रयोगशीलता शीर्षकमा केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत शोधपत्रमा दुई अनुसन्धेय पक्षहरू रहेका छन् । ती पक्षहरू **आज रमिता छ** उपन्यास तथा **प्रयोगशीलता** हुन् । ती शोधपक्षहरूलाई विषयपरिचयअन्तर्गत चिनारी दिनु आवश्यक देखिन्छ ।

इन्द्रबहादुर राईको जन्म १९८४ माघ १७ गते सोमबार भारतको दार्जिलिङको बालसिन गाउँको मजदुर वा निम्न मध्यम वर्गीय परिवारमा भएको हो । यिनलाई आइ. बी. राई, इबरा, इन्द्र राई, आइ. बी. दाजु आदि नामले बोलाइए पनि यिनको जन्मकुण्डलीको नाम र साहित्यमा चर्चित नाम भने इन्द्रबहादुर राई नै हो । राईलाई अक्षरारम्भ घरमै शिक्षक कमलकुमार शर्माले गराएका थिए । त्यसपछि यिनले औपचारिक शिक्षा स्नातक तहसम्म हाँसिल गरे । यसक्रममा सेन्ट रोवटस हाइस्कुलबाट प्रवेशिका र सेन्ट जोसेफश कलेजबाट प्रमाणपत्र (दुबै प्रथम श्रेणीमा), उत्तर बङ्गाल विश्वविद्यालयबाट बी. एल. र अङ्ग्रेजी विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेको बुझिन्छ । इन्द्रबहादुर राईलाई नेपाली साहित्यमा सर्जक, उपन्यासकार, कथाकार, चिन्तक तथा समालोचकका रूपमा चिन्ने गरिन्छ । नेपाली साहित्यको इतिहासमा तेस्रो आयमेली आन्दोलन, लीलालेखनअन्तर्गत परम्परामुक्त कथा संरचना र रूपविन्यास स्थापित गर्ने साहित्यकार नै इन्द्रबहादुर राई हुन् । राईको वि.सं १९९८ मा साहित्य सम्मेलन पत्रिकामा 'आधुनिक शिक्षक' नामक पहिलो निबन्ध प्रकाशित भएको थियो । वि.सं २०१६ सालको शारदा पत्रिकामा 'रातभरि हुरी चल्यो' शीर्षकको सामाजिक यथार्थवादी कथा प्रकाशित गराएर नेपाली साहित्यको फाँटमा देखा परेका राई वर्तमान समयसम्म पनि साहित्य सृजनामा निरन्तर लागिरहेका छन् । वि.सं २०१६ देखि हालसम्म राईका 'रातभरि हुरी चल्यो' (वि.सं २०१६) कथा तथा **विपना कतिपय** (वि.सं २०१७), **कथास्था** (वि.सं २०२७) र **कठपुतलीको मन** (वि.सं २०४६) कथासङ्ग्रह र **आज रमिता छ** (वि.सं २०२१) उपन्यासलगायत अन्य कृतिहरू **मुलुक बाहिर १-५ पढेर** (सन् १९५१) समालोचना, **टिपेका टिप्पणीहरू** (वि.सं २०२३), **भानुभक्तका कृति अध्ययनहरू** (वि.सं २०२६), **नेपाली उपन्यासका आधारहरू** (वि.सं २०३१), **सन्दर्भमा ईश्वर बल्लभका**

**कविता** (वि.सं २०३३), **दार्जिलिङमा नाटकको अर्ध शताब्दी** (वि.सं २०४१), **अर्थका पछिल्तिर** (वि.सं २०४८), पनि प्रकाशित छन् । पाश्चात्य साहित्यमा दोस्रो विश्वयुद्धसँगै अल्बर्ट कामुद्वारा स्थापित मान्यता ग्रहण गरी **आज रमिता छ** उपन्यास आएको देखिन्छ ।

प्रयोगशीलता भन्नाले परम्परागत मान्यताका विरुद्धमा गरिएको आन्दोलन हो भन्ने बुझिन्छ । उपन्यास तथा साहित्यका क्षेत्रमा परम्परागत साहित्य/उपन्यासलेखनले स्थापना गरेका वस्तु, भाषा तथा शिल्पमाथि गरिएको अतिक्रमण अथवा आक्रमण नै प्रयोगशीलता हो । कथानक, चरित्र, पर्यावरण, दृष्टिविन्दु र सारवस्तु आदि जस्ता उपन्यासका संरचनात्मक अवयवहरूमाथि गरिएको अतिक्रमण र नवीन मान्यताको वरण नै प्रयोगशीलता हो । प्रयोगशीलताअन्तर्गत यिनै संरचक र शिल्प सौन्दर्यगत पक्षहरूमा भएका नवीन प्रयोगहरूको खोजी गर्ने प्रयत्न गरिएको छ । इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा परम्पराधर्मी उपन्यासभन्दा भिन्न के-कस्ता नवउपन्यास लेखन प्रयोग भएका छन् भनी अध्ययन गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्र इन्द्रबहादुर राईको **आज रमिता छ उपन्यासमा प्रयोगशीलता** शीर्षक समस्यामा केन्द्रित रहेको छ । **आज रमिता छ** उपन्यासमा निहित प्रयोगशीलताको निरूपण नै प्रस्तुत शोधपत्रको अध्ययनीय समस्या हो । उपन्यासमा प्रयोगशीलता भन्नाले परम्परागत उपन्यासलेखनले स्थापना गरेका उपन्यासका संरचनात्मक र शिल्पसौन्दर्यगत अवयवहरूभन्दा भिन्न तिनका विरुद्धमा आएको नव उपन्यासलेखन हो । यसअन्तर्गत वस्तुविधान र शिल्पविधानमा नवनव प्रयोग भएका छन्, यिनै शोधसमस्यागत पक्षहरूलाई **आज रमिता छ** उपन्यासकृति आदिको विश्लेषणमा उपयोग गरिएको छ । शोधपत्रको समस्यालाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क. **आज रमिता छ** उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारमा के-कस्तो प्रयोग रहेको छ ?

ख. यस उपन्यासको संवाद तथा भाषाशैली, बिम्ब र प्रतीक, दृष्टिबिन्दु तथा शीर्षकविधानमा के-कस्तो प्रयोग रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क. **आज रमिता छ** उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारमा निहित प्रयोगशीलताको उद्घाटन गर्नु र

ख. यस उपन्यासको संवाद, भाषाशैली, बिम्ब र प्रतीक, दृष्टिबिन्दु तथा शीर्षकविधानमा रहेका नवनव प्रयोगको निरूपण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत अध्ययनको शीर्षकअन्तर्गत रहेर विस्तृत अध्ययन गरिएको नपाइए तापनि विभिन्न पुस्तक तथा पत्रपत्रिकाहरूमा केही समालोचक तथा अध्ययनकर्ताहरूले कलम चलाएको पाइन्छ । तिनै पुस्तक तथा पत्रपत्रिकाहरूमा प्रकाशित सामग्रीलाई कालक्रमका आधारमा पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ ।

तारानाथ शर्माले 'दार्जिलिङको रमिता' (**मधुपर्क** २०२६, १:१२ ) शीर्षकको लेखमा **आज रमिता छ** उपन्यासका पात्रहरूको प्रशंसा गर्नाका साथै उपन्यासको संरचनाको बारेमा पनि उल्लेख गरेका छन् । शर्माले दार्जिलिङे जीवन जति अव्यवस्थित, विशृङ्खलित र लथालिङ्गै छ त्यसलाई **आज रमिता छ** उपन्यासले प्रस्तुत गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । यस उपन्यासले जतिसुकै लथालिङ्गो जीवन उदाङ्गो पारोस् तर आफैँ चाहिँ लथालिङ्गो छैन, अव्यवस्थित र सु-व्यवस्थित छ भन्दै उपन्यासको शैलीगत नवीनतातर्फ सङ्केत गर्दै उपन्यासको संरचनात्मक पक्ष विसङ्गत रहेको धारणा प्रस्तुत गरेका छन् ।

शान्तिराज शर्माले 'दार्जिलिङ र सेरोफेरो' (२०२९) शीर्षकको लेखमा **आज रमिता छ** यहाँ (दार्जिलिङ) का उपन्यास परिपाटीदेखि मुक्त उपन्यास हो भन्दै सामयिक सामाजिक समस्याको झलक यस उपन्यासमा पाइन्छ भनेर सरसर्ती सानो टिप्पणी गरेका छन् । शर्माले **आज रमिता छ** उपन्यासमा यसपूर्वका उपन्यासमा जस्तो कथावस्तुको कार्यकारण शृङ्खला मिलेको देखिँदैन भन्दै यसको संरचनात्मक विसङ्गतितर्फ सङ्केत गरेका छन् । शर्माले दार्जिलिङे नेपाली जीवनले भोग्न बाध्य रहेको अवस्थालाई यस उपन्यासले प्रस्तुत गरेको छ भन्ने धारणा राख्दै यस उपन्यासको शैलीगत नवीनतालाई सङ्केत गरेका छन् ।

ठाकुरपसाद पराजुलीले 'नेपाली उपन्यासको ऐतिहासिक विवेचना' (२०३१) शीर्षकको लेखमा **आज रमिता छ** उपन्यासले अव्यवस्थित जीवनको चित्रण सोही गतिमा गर्दा

उपन्यासको संरचना पनि अव्यवस्थित बनाइएको छ र यसले नेपाली उपन्यास परम्परामा नयाँ औपन्यासिक शैलीको सुरु गरेको छ भन्ने तर्कपूर्ण टिप्पणी गर्दै उपन्यासको संरचनागत विसङ्गतिलाई औँल्याएका छन् ।

कृष्णचन्द्रसिंह प्रधानले **नेपाली उपन्यास र उपन्यासकार** (२०३७) नामक समालोचनात्मक कृतिमा **आज रमिता छ** उपन्यासको समालोचना गर्ने क्रममा अनिच्छापूर्ण जिन्दगी जिउन बाध्य मानव यथार्थ यो स्थिति सकार्न सक्तैन तर यसको विरोध पनि गर्न असमर्थ मान्छे आफूले नचाहेको काममा संलग्न हुनुपर्ने विवशताले सदैव बाँधिएको छ भन्दै उपन्यासको शीर्षकको विसङ्गतिले त्यसलाई सङ्केत गर्छ भनेका छन् । मानिसमा पाइने अर्थहीनता र विवशता केवल उसको बाँचिदिनेसम्मको मोह पनि परित्याग गर्न नसक्नु कमजोरी हो भन्दै प्रधानले उपन्यासको शीर्षक हुँदै पात्रलगायत समग्र उपन्यासलाई विसङ्गतिको पूर्वाभास हो भनेका छन् । जीवन मिलेको छैन यसलाई ठिक्क मिलाएर चलाउने प्रयत्नमा अनेक विसङ्गति, विरोधहरू जन्मिन्छन् र यसैकारण दुवैको द्वन्द्वपूर्ण संयोगमा के हुन्छ र कता बगिन्छ त्यो ठम्मिदैन, यही नठम्मिने सत्य ठम्याउने चेष्टा जन्मिदो रहेछ र **आज रमिता छ** को सृष्टि स्थिति मिलाउने क्रममा भएर उपन्यास जीवन जति नै निस्कमित भएको छ भन्दै उपन्यासले परम्परागत उपन्यास लेखनको सिद्धान्तप्रति विद्रोह गरेर नवीन शैली स्थापना गर्न अग्रसर रहेको छ भन्ने धारणा अगाडि सारेका छन् ।

राजेन्द्र सुवेदीले 'कतिपय कोणबाट **आज रमिता छ** उपन्यासको अध्ययन' (वाङ्मय २०३७, १:१) शीर्षकको लेखमा **आज रमिता छ** उपन्यासका माध्यमले आजको अविन्यस्त मान्छेका जीवनलाई अविन्यस्त जीवनका चरित्रलाई अविन्यस्त चरित्रबाट जन्मिने प्रतिक्रियालाई समेत प्रस्तुत गरेको चर्चा गर्दै प्रस्तुत उपन्यास आजका जीवनको रमिता प्रदर्शन गर्न सक्षम भएको निष्कर्ष प्रस्तुत गरेका छन् । प्रस्तुत उपन्यासमा अन्वितिमूलक दृष्टिले स्थान, काल र चरित्रको प्रयोग नभएकाले उपन्यासको सिङ्गै परिवेशमा सङ्गतिमूलक निर्माण देखिँदैन, बरु यो परिवेश विसङ्गतिमूलक दृष्टिकोणका निमित्त परिपोषक रहेको छ भन्ने धारणा सुवेदीको रहेको छ । अन्वितिमूलक ढङ्गबाट स्थान, काल र चरित्रको प्रयोग नभएको र भाषाशैलीका असङ्गठित परिधिभित्र पाइने वस्तुविन्यासको विसङ्गतिहरूले वर्तमान जीवनलाई यस उपन्यासमा जिउँदो रूपमा उभ्याइएको छ भन्दै वर्तमानको मानवीय जीवनसँग तुलना गरेका छन् ।

शङ्कर सुब्बाले 'साहित्यकार इन्द्रबहादुर राईको जीवनी, व्यक्तित्त्व र कृतित्व' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०३८) मा राईको जीवनी, व्यक्तित्त्व र

कृतित्वको बारेमा चर्चा गरेका छन् । सुब्बाले राईको कृतित्वको चर्चा गर्ने क्रममा **आज रमिता छ** उपन्यासको चर्चा गर्दै यस उपन्यासले विसङ्गत जीवनलाई प्रस्तुत गरेको छ भन्दै उपन्यासमा प्रयुक्त विसङ्गतिको बारेमा संक्षिप्त टिप्पणी गरेका छन् ।

घनश्याम उपाध्याय कँडेलले **केही अन्वेषण: केही विश्लेषण** (२०४०) नामक समालोचनात्मक कृतिको "**आज रमिता छ** उपन्यासको सङ्गठनात्मक वैशिष्ट्य" शीर्षकमा राईको **आज रमिता छ** उपन्यासबारे र्‍याङठ्याङ नमिलेका, कुरा र कार्यकारणबीचमा सम्बन्ध नमिलेको बताउँदै समस्या समाधानको प्रयास तथा अन्त्य पनि विसङ्गतिपूर्ण देखा पर्छ भन्ने धारणा व्यक्त गरेका छन् । कँडेलले **आज रमिता छ** ले यथार्थका नाममा कुनै सिद्धान्तको पुष्टि गरेको देखिँदैन भन्दै यस उपन्यासमा सामाजिक चित्रणको नभएर व्यक्ति चित्रणमा आधारित भई व्यक्तिगत चित्रणबाट समाज चित्रण गर्न खोजेको देखिन्छ भनेका छन् । कँडेलले अघिल्ला **रूपमती, भ्रमर** र **मुलुकबाहिर** उपन्यासका तुलनामा **आज रमिता छ** उपन्यासको आङ्गिक सङ्गठनात्मक सुसम्बद्धता देखिँदैन र यसको कथावस्तु र घटनातत्त्व क्षीण छ भनेर कथावस्तुको विसङ्गतितर्फ सङ्केत गरेका छन् । त्यस्तै उपन्यासलाई कुनै परिच्छेदमा नबाँडिएकाले पनि यसको संरचना विसङ्गत रहेको छ भन्ने धारणा कँडेलले प्रस्तुत गरेका छन् ।

विष्णुप्रसाद पौडेलले 'उपन्यासकार इन्द्रबहादुर राई (कृतिपरक अध्ययन)' शीर्षकको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०४४) मा **आज रमिता छ** उपन्यासको कृतिपरक अध्ययन गर्ने क्रममा **आज रमिता छ** उपन्यास नेपाली उपन्यास परम्पराको उत्कृष्ट विसङ्गतिवादी उपन्यास हो भनेका छन् । पौडेलले उक्त अध्ययनमा उपन्यासको समग्र पक्षमा देखिएको नवीन प्रयोगको बारेमा चर्चा गरी उपन्यासमा प्रयुक्त भाषिक विसङ्गतिको बारेमा पनि केही चर्चा गर्दै समग्रमा उपन्यास प्रयोगशील रहेको धारणा प्रस्तुत गरेका छन् ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास: परम्परा र प्रवृत्ति** (२०५३) नामक समालोचनात्मक कृतिमा विसङ्गतिको मूर्तरूप **आज रमिता छ** भन्ने शीर्षकमा **आज रमिता छ** उपन्यासका विविध विसङ्गत पक्षको चर्चा गर्दै **आज रमिता छ** सामाजिक यथार्थको उत्तर प्राप्ति हो र विसङ्गतिको पूर्वाभास हो भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । अन्वितिमूलक संरचना शिल्पका दृष्टिले **आज रमिता छ** उपन्यासमा स्थान, समय र चरित्रको अन्वितिहीनता प्रयोग भएको छ भन्दै उपन्यासको संरचनात्मक विसङ्गततर्फ सङ्केत गर्दै सुवेदीले उपन्यासको परिवेशमा पनि कुनै सङ्गति र सम्बद्धता नरहेको बताएका छन् । विसङ्गत मानव जीवनलाई हुबहु प्रस्तुत गर्दा उपन्यास समग्रमै विसङ्गत बनेको छ भन्ने धारणा सुवेदीको छ ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०५६) नामक कृतिमा नेपाली उपन्यासका क्षेत्रमा विसङ्गतिवादी धाराको सूत्रपात राईको **आज रमिता छ** उपन्यासबाट भएको हो भन्ने धारणा प्रस्तुत गरे तापनि उपन्यासमा प्रयुक्त विसङ्गत पक्षको खासै चर्चा नगरी उपन्यासको समस्यासमाधान लेखकको विसङ्गतिमा निर्धारण भएको छ । के यथार्थ भनेको समस्या मात्र हो ? समाधान कतै पनि हुँदैन ? भन्ने प्रश्न उठ्तै जान्छ तर उपन्यास फेरि पनि मानवीय सम्बन्धको विसङ्गतिबाटै उघ्रेको छ । धेरैका सङ्गत-विसङ्गत धारणा, भोगाइ, चरित्र, व्यवहार र चिन्तनको थलो बनेर दार्जिलिङे जीवनले देखाएको त्रासद रमिता उपन्यासमा गम्भीर प्रकृतिले आएको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

यादवप्रसाद लामिछानेले 'आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध' (२०६०) नामक अप्रकाशित विद्यावारिधि शोधप्रबन्धमा विसङ्गतिबोध भएका आधुनिक नेपाली उपन्यासको चर्चा गर्ने क्रममा **आज रमिता छ** उपन्यासको चर्चा गरेका छन् । लामिछानेले उक्त शोधप्रबन्धमा **आज रमिता छ** उपन्यासका पात्रले जीवनमा निराशा, निरर्थकता, शून्यता आदिको बोध गरेको प्रस्ट पारेका छन् । जनक, एम. के., रवि, यमुना लगायतका पात्रले उपन्यासमा कहीँ कतै पनि सुख र खुसीको बोध गर्न नसकेको भन्दै उपन्यासका सम्पूर्ण पात्र विसङ्गत देखिन्छन् र समग्रमा उपन्यास पनि विसङ्गत छ भन्ने धारणा राखेका छन् ।

टी. बी. चन्द्र सुब्बाले **श्री इन्द्रबहादुर राई व्यक्ति, कृति र कार्य** (२०६१) नामक कृतिको "**आज रमिता छ** उपन्यासमाथि मेरो अध्ययन" शीर्षकमा **आज रमिता छ** उपन्यासले बृहत परिवेशमा विशृङ्खलित मानव जीवनको यथार्थलाई स्पष्ट दर्साएको र आजको रमिता भोलि पनि हुनेछ, हिजो पनि थियो र भविष्यसम्म पनि रहनेछ भन्ने यथार्थलाई प्रस्तुत उपन्यासले व्यक्ताइदिएको निष्कर्ष प्रस्तुत गरेका छन् । राईको उपन्यासले विसङ्गत मानव जीवनलाई उपन्यासको शीर्षकदेखि नै प्रस्तुत गरेको छ भन्ने धारणा राखेका छन् । दार्जिलिङे जन परिवेशलाई समेट्ने सन्दर्भमा त्यहाँको विसङ्गत मानव जीवनले उपन्यासमा ठाउँ पाएको छ र उपन्यास आफैमा विसङ्गतिपूर्ण बनेको छ भनेका छन् ।

बद्रीप्रसाद कोइरालाले '**आज रमिता छ** उपन्यासमा भाषिक प्रयोग' नामक अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६७) मा **आज रमिता छ** उपन्यासको भाषिक प्रयोगको पक्षमा अध्ययन गर्ने क्रममा भाषिक विचलनको बारेमा टिप्पणी गरेका छन् । राईको **आज रमिता**

**छ** उपन्यासमा भाषिक विचलनको प्रयोगले भाषामा विसङ्गतिको झल्को पाइन्छ भन्ने संक्षिप्त टिप्पणी गरेका छन् ।

खगेन्द्रप्रसाद लुइँटेलले **नेपाली उपन्यासको इतिहास** (२०६९) नामक कृतिमा **आज रमिता छ** उपन्यास शिल्पसंरचना र कथ्य दुवै दृष्टिले नवीन ढाँचामा लेखेका छन् भन्दै निष्ठावान, इमानदार व्यक्तिको पराजय र दुष्ट व्यक्तिको विजयतर्फ सङ्केत गरिएकाले उपन्यासमा विसङ्गतिकै प्रबलता रहेको छ भन्ने कुरा उल्लेख गरेका छन् । लुइँटेलले उपन्यासमा सहभागी पात्रको नामकरण व्यतिरेक ढाँचामा गरिएको र तिनको नाम र काममा पूर्णतः व्यतिरेक सम्बन्ध रहेको छ भन्दै कतै पनि रमिता नभएको विसङ्गत घटना, परिवेश चित्रित यस उपन्यासको शीर्षकले पनि व्यतिरेक अर्थ बहन गरेको छ र उपन्यास समग्रमा औपन्यासिक तत्त्वकै आधारमा विसङ्गत रहेको छ भन्ने कुरा उल्लेख गरेका छन् । उपन्यासमा प्रयोग गरिएको भाषिक विचलनले पनि उपन्यासलाई विसङ्गत बनाएको छ भन्ने धारणा लुइँटेलको रहेको छ ।

विभिन्न पत्रपत्रिका तथा पुस्तकमा पनि **आज रमिता छ** उपन्यासको विभिन्न प्रकारले चर्चा गरे तापनि प्रयोगशीलताको बारेमा चर्चा गरेको पाइँदैन ।

कुसुम गौतमले '**आज रमिता छ** उपन्यासमा विसङ्गतिवाद' (२०७०) नामक अप्रकाशित स्नातकोत्तर शोधपत्रमा **आज रमिता छ** उपन्यास विसङ्गतिबोधको थुप्राको रूपमा रहेको छ भन्ने धारणा राखेका छन् । यसको कथानकदेखि लिएर उद्देश्य र सारवस्तु नै विसङ्गतिपूर्ण रहेको छ, दार्जिलिङे नेपालीहरूले भोग्नुपरेको जीवनको यथार्थलाई उपन्यासको माध्यमबाट प्रस्तुत गरिएको छ र मान्छेका हरेक कुरा सङ्गति सुत्रमा आबद्ध भएका छैनन् भन्ने निष्कर्ष निकालिएको छ भन्ने धारणा राखेका छन् ।

समग्रमा भन्नुपर्दा राईले **आज रमिता छ** उपन्यासमा कार्यकारण शृङ्खला नमिलाइकन संरचनात्मक तत्त्वहरूमा पनि विसङ्गति देखाइनुका साथै दार्जिलिङे प्रवासी नेपालीहरूले भोगेका सम्पूर्ण कुराहरूलाई राम्ररी उतारेका छन् भन्न सकिन्छ ।

## १.५ शोधको औचित्य र महत्त्व

उल्लिखित पूर्वकार्यको समीक्षाबाट '**आज रमिता छ उपन्यासमा प्रयोगशीलता**' शीर्षक अध्ययन नभएको हुँदा प्रस्तुत शोध ज्ञानको नवीन र मौलिक प्रतिपादनका दृष्टिले उपयोगी रहेको छ । प्रस्तुत शोधका लागि छनौट गरिएको इन्द्रबहादुर राईको **आज रमिता**

**छ** उपन्यासमा प्रयोगशीलता अवधारणात्मक दृष्टिले नवीन र मौलिक रहेको छ भने यस सिद्धान्तको उपयोग गरी उल्लिखित उपन्यासमा निहित ज्ञानको नवीन तथ्यको उद्घाटनका दृष्टिले पनि प्रस्तुत शोध औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोध कार्यबाट प्रयोगशील अवधारणाका आधारमा उपन्यास कृतिलाई जोडेर विश्लेषण गर्न सकिने नवीन दृष्टिकोणको सुरुवातसमेत भएको छ । यसका साथै नेपली साहित्यका विभिन्न विधामा परम्परागत मान्यताभन्दा भिन्न प्रयोगसहित लेखिएका रचनाहरूको शोध गर्ने आधारसमेत प्रस्तुत शोधले प्रदान गर्ने हुँदा यसको महत्त्व स्वतः सिद्ध हुन्छ । त्यसैगरी प्रस्तुत शोधले उपन्यासलगायत साहित्यका अन्य विधामा प्रयोगशीलतासँग सम्बन्धित भएर अध्ययन गर्न चाहने समवर्ती र उत्तरवर्ती अनुसन्धाताहरूलाई मार्गदर्शन गर्न सहयोग मिल्नेछ । साहित्यको अध्ययन अनुसन्धानमा लाग्दै गर्नुभएका तमाम शोधार्थीहरूलाई समेत प्रस्तुत शोधले आधार प्रदान गर्नेछ । यसकारण प्रयोगशीलता अवधारणाको उपयोग गरी त्यसका आधारमा कृतिको विश्लेषण गर्ने मौलिक र नवीन ज्ञानको प्रतिपादन गरी सार्वजनिक उपादेयतालाई बढाउन सहयोग पुऱ्याएको हुनाले प्रस्तुत  शोध औचित्यपूर्ण हुन पुगेको विश्वास गर्न सकिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधको क्षेत्र प्रयोगशीलतासँग सम्बन्धित भएर इन्द्रबहादुर राईद्वारा रचित **आज रमिता छ** उपन्यासको अध्ययन गर्नु रहेको छ । यस उपन्यासमा पाइने प्रयोगशीलता अध्ययनको समाधेय समस्या रहेको छ । प्रस्तुत शोधको क्षेत्रभित्र यस उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारअन्तर्गतको प्रयोगशीलता जस्ता आधारभूत वस्तु संयोजनमा पाइने प्रयोगशीलताको चर्चा गरिएको छ भने संवाद तथा भाषाशैली, बिम्ब, प्रतीक, दृष्टिबिन्दु, शीर्षकविधानअन्तर्गत प्रयोगशीलताको सौन्दर्यलाई पनि केलाइएको छ । यसका साथै इन्द्रबहादुर राईद्वारा रचित **आज रमिता छ** उपन्यासको मात्र अध्ययन गरिएको छ, यो नै प्रस्तुत शोध को सीमा हो ।

## १.७ शोधविधि

शोधविधिअन्तर्गत सामग्री सङ्कलन विधि र अवधारणात्मक पर्याधार र अर्थापन विधिसँग सम्बन्धित भएर गरिएका पूर्वकार्यलाई लिइएको छ ।

### १.७.१. सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र नमुना छनौट विधिमा आधरित छ । **आज रमिता छ** उपन्यासको छनौट सोद्देश्यपूर्ण नमुना छनौट विधिमा आधरित भएर गरिएको छ । प्रस्तुत शोधमा उठाइएका जिज्ञासाहरूको प्राज्ञिक र प्रामाणिक समाधानका लागि पुस्तकालयीय अध्ययनविधिको उपयोग गरिएको छ । समस्याकथनअन्तर्गतका शोधप्रश्नहरूको समाधानका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत इन्द्रबहादुर राईद्वारा रचित **आज रमिता छ** उपन्यासलाई लिइएको छ भने द्वितीयक स्रोतअन्तर्गत शोधशीर्षक, शोधप्रश्न र अवधारणात्मक पर्याधारसँग प्रस्तुत शोध इन्द्रबहादुर राईको **आज रमिता छ उपन्यासमा प्रयोगशीलता** शीर्षकमा केन्द्रित रहेको छ । त्यसैले प्रस्तुत शोधमा दुई अनुसन्धेय पक्षहरू रहेका छन् । ती पक्षहरू **आज रमिता छ** उपन्यास तथा **प्रयोगशीलता** हुन् । ती शोधपक्षहरू विषयपरिचयअन्तर्गत चिनारी दिनु आवश्यक देखिन्छ ।

### १.७.२ अवधारणात्मक पर्याधार र अर्थापन विधि

**आज रमिता छ** उपन्यासमा प्रयोगशीलता शीर्षक समस्याको समाधानमा केन्द्रित प्रस्तुत शोधको अवधारणात्मक पर्याधार प्रयोगशीलता हो । प्रयोगशीलताअन्तर्गत कृति विश्लेषणका क्रममा उपयोग गरिएको आधारहरूको रेखाङ्कन गरी तिनै आधारको उपयोगद्वारा निर्धारित समस्याको समाधान गरिएको छ । **आज रमिता छ उपन्यासमा प्रयोगशीलता** अध्ययन गर्न उठाइएका दुईवटा शोध अध्ययनमध्ये पहिलो अध्ययन

क) **आज रमिता छ** उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारमा प्रयोगशीलता भन्ने शोध अध्ययनसँग सम्बन्धित सामग्री विश्लेषण गर्नको लागि उपन्यासमा प्रयुक्त प्रयोगलाई आधार बनाइएको छ ।

त्यस्तै प्रस्तुत शोधमा उठाइएको दोस्रो अध्ययन

ख) **आज रमिता छ** उपन्यासको भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु, शीर्षकविधानमा प्रयोगशीलता भन्ने शोध अध्ययनसँग सम्बन्धित सामग्री विश्लेषण गर्नको लागि उपन्यासमा प्रयुक्त भाषिक सौन्दर्यलाई आधार बनाइएको छ । सामग्री विश्लेषणका यी आधारबारे प्रस्तावित अनुसन्धान कार्यको दोस्रो परिच्छेदमा विस्तारपूर्वक चर्चा गरिएको छ ।

## १.८ प्रस्तावित शोधको रूपरेखा

प्रस्तावित शोधलाई निम्नलिखित पाँच परिच्छेदहरूमा सङ्गठित गरिएको छ ।

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : **'आज रमिता छ' उपन्यासमा प्रयोगशीलता** को विश्लेषणको अवधारणात्मक पर्याधार

परिच्छेद तीन : **आज रमिता छ** उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारमा प्रयोग

परिच्छेद चार : **आज रमिता छ** उपन्यासको भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु र शीर्षकविधानमा प्रयोग

परिच्छेद पाँच : सारांश तथा निष्कर्ष

प्रस्तावित परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ र अन्त्यमा सन्दर्भ सूची राखिएको छ ।

# दोस्रो परिच्छेद

## 'आज रमिता छ' उपन्यासमा प्रयोगशीलता विश्लेषणको अवधारणात्मक पर्याधार

### २.१ विषयप्रवेश

प्रयोगवाद भनेको के हो ? यसको कसरी विकास भयो ? यसले विश्व तथा नेपाली साहित्य क्षेत्रमा के कसरी आफ्नो अस्तित्व कायम राख्यो भन्ने कुराको यस परिच्छेदमा विश्लेषण गरिएको छ । प्रयोगवाद, प्रयोगशील र प्रयोगशीलता पर्यायवाची शब्द हुन्, त्यसैले यि तीनवटै शब्दहरूको प्रयोग गरिएको छ । यसमा प्रयोगवादको अवधारणा, प्रयोगवादको सैद्धान्तिक मान्यता, यसको विकास, उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचार, भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु, शीर्षकविधानमा प्रयोगशीलता र निष्कर्ष आदि उपशीर्षकमा अलग अलग चर्चा गरिएको छ ।

### २.२ प्रयोगवादको अवधारणा, सैद्धान्तिक मान्यता तथा विकासक्रम

प्रयोगवाद पश्चिमी मुलुकमा आएको एउटा नवीन मान्यता हो । प्रयोगवादी साहित्य लेखन परम्परावादी भाषा, साहित्य तथा व्याकरणको विरोध गर्ने क्रममा आएको एक नवीन मान्यता हो । यसका विरुद्धमा प्रयोगवादी साहित्य लेखन दादावाद, अतियथार्थवाद, यथार्थवाद, बिम्ब प्रतीक, विसङ्गति, अस्तित्ववाद आदिको पृष्ठभूमिमा आएको देखिन्छ । आजको नयाँ युगका तीन विचारशक्तिका प्रवर्तक मानिन्छन्- डार्बिन, मार्क्स र फ्रायड । यिनीहरूमध्ये डार्बिनले विकासवादको सिद्धान्त स्थापित गरे भने मार्क्सले नयाँ आर्थिक-सामाजिक मूल्यहरूको स्थापना गरे अनि फ्रायडले चाहिँ कामवासनाजन्य कुण्ठाहरूको रहस्य खोले । कुमारबहादुर जोशीले ईश्वरहीनता (नीत्सेको ईश्वरको मृत्युको घोषणा) - पछिका नवनव दर्शन-चिन्तनहरू, विश्वयुद्धपछिका जीवनका नैराश्यहरू, कलासङ्गीत आदिका अमूर्त प्रयोगहरू, विदेशी साहित्यका प्रभाव- प्रेरणाहरू अनि आफ्नै राष्ट्रिय तथा वैयक्तिक विशेषताहरूबाट समेत आजको यो प्रयोगवादी साहित्य प्रेरित- प्रभावित रहेको छ भन्ने धारणा राखेका छन् (जोशी, २०६६: १२०) । वासुदेव त्रिपाठीले खासगरी सन् १९१४ भन्दा पछाडि प्रयोगशील साहित्य लेखन उचाइमा पुग्यो र टी. एस. इलियटको साहित्यिक आगमनपछि प्रयोगशील साहित्य लेखनले निकै स्तरीयता प्राप्त गऱ्यो भनी उल्लेख गरेका छन् (त्रिपाठी, २०३०: १३१) । परम्परित साहित्य लेखनले जे जस्ता मान्यता स्थापित गर्छ

त्यसका विरुद्धमा प्रयोगशील साहित्य लेखन आएको हुन्छ । त्यस्तो विरोध जीवनका विसङ्गत पक्ष देखाउने क्रममा हुन्छ । सन् १९१६ मा स्थापित भएको दादावाद, त्यसकै पृष्ठभूमिमा सन् १९२० मा सुरुवात भएको अतियथार्थ त्यस्तै द्वितीय विश्वयुद्धसँगै सुरु भएको विसङ्गतिवाद, सन् १९४५ र त्यसकै वरिपरिबाट सुरु भएको अस्तित्व तथा शून्यवादले परम्परा विरोधी साहित्य लेखनको सुरुवात गऱ्यो । वासुदेव त्रिपाठीले कुनै पाश्चात्य देश, भाषा, साहित्य वा समयको कुनै खास अभियानका तात्पर्यमा प्रयोगवादको चर्चा गर्नु सम्भव तथा उपयुक्त छैन, तर पाश्चात्य देशका भाषा साहित्य वर्तमान युगमा अनेकानेक नौलानौला प्रयोगहरू भइरहेका छन् र तिनीहरूकै सामूहिक विस्तृत संज्ञाका रूपमा भने प्रयोगवादको चर्चा गर्न सकिन्छ भनी उल्लेख गरेका छन् (त्रिपाठी, २०३०: १२७) । खगेन्द्रप्रसाद लुइँटेलले प्रयोगवाद अङ्ग्रेजी शब्द एक्सपेरीमेन्टालिजम्को नेपाली रूपान्तरण हो भन्दै प्रयोग कुनै वाद होइन न त यो स्वयम्मा कुनै साध्य हो न कुनै साधन नै हो भनी उल्लेख गरेका छन् (लुइँटेल, २०६९: ३६१) । प्रयोगवाद वास्तवमा कुनै वाद नभएर साहित्यका क्षेत्रमा देखा परेको एक नवीन लेखन हो । प्रयोगवादले परम्परावादी साहित्यको विरोध गर्दै यसले एउटा नवीन मान्यता स्थापित गर्छ । प्रयोगवाद पश्चिमा मुलुकबाट स्थापित भएको मान्यता हो । यो परम्परागत साहित्य लेखनका विरुद्धमा आएको एक नवीन मान्यता हो । यसमा कुनै पनि सुव्यवस्थित मान्यता तथा सिद्धान्त स्थापित भएका छैनन् । यो परम्परागत साहित्य लेखनका विरुद्धमा आएका एक नवीन मान्यता हो ।

पाश्चात्य साहित्य इतिहासमा होमरदेखि सृजना भएको कविता विधा र पूर्वीय साहित्य इतिहासमा वेद, महाभारत, वाल्मीकि व्यास आदिबाट विश्व साहित्येतिहास अगाडि बढेको पाइन्छ । विश्व साहित्यमा विभिन्न वाद तथा मान्यता विकसित हुँदै आएका छन् । ती वाद तथा मान्यताहरू कुनै न कुनै आन्दोलन साहित्यकारको आगमन तथा राजनीतिक परिवर्तनले गर्दा नयाँ मूल्य मान्यताहरू स्थापित भएका छन् । कुमारबहादुर जोशीले प्रयोगद्वारा कुनै पनि वस्तुको मान्य प्रकृति (एक्सेप्टेक नेचर) को ज्ञान पुनः अनुभव गर्न सकिन्छ र साथै नयाँ उपलब्धिहरू पनि हासिल गर्न सकिन्छ भन्दै यस प्रकार प्रयोगका प्रक्रियाद्वारा मान्य एवम् निर्धारित तथ्यहरूका अतिरिक्त नयाँ तथ्य पनि उपलब्ध गर्न सकिने हुँदा प्रयोग महत्त्वपूर्ण ठहरिन्छ भनी उल्लेख गरेका छन् (जोशी, २०६६: ११८) । पाश्चात्य साहित्यमा १९४२ मा जाँ पाल सार्त्रको 'भविता र शून्यता' ले पूर्ण रूपमा प्रयोगवादी साहित्यको सुरुवात गरिसकेको थियो । विश्वसाहित्यमा प्रथम विश्वयुद्ध (१९१४-१८) पश्चात् आधुनिकतावाद मौलाउँछ । यस वादअन्तर्गत दादावाद यसकै पृष्ठभूमिमा आएको

अतियथार्थवाद, यथार्थवाद, प्रकृतवादले आफ्नो हैसियत जमाउँछ भने द्वितीय महायुद्ध (१९३९-४५)ले निम्त्याएको मानव जिजीविषाले आक्रान्त भएका विश्वमानवको अस्तित्व तथा विसङ्गत शून्यवादी चिन्तन उत्तर आधुनिकतावादसँगै मौलायो र प्रयोगवादको विकास यही समयबाट भएको हो भन्ने कुनै आधारभूत मान्यताहरू स्थापित भएका छैनन् । पश्चिमा मुलुकमा टी. एस. इलियटको आगमनपछि कविता हुनुपर्छ अर्थिनु हुँदैन भन्ने मान्यताबाट प्रयोगवादी साहित्य लेखनको सुरुवात भएको हो भन्न सकिन्छ । सन् २०१६ मा उपस्थित भएको दादावाद त्यसकै पृष्ठभूमिमा सुरु भएको अतियथार्थवाद, त्यस्तै द्वितीय विश्वयुद्धसँगै सुरु भएको अस्तित्व तथा विसङ्गतिवाद र शून्यवादले प्रयोगवादलाई प्रश्रय दिएको पाइन्छ । अल्बर्ट कामुको 'सिसिफसको कथा' ले पनि प्रयोगवादी लेखनलाई पूर्ण रूपमा अङ्गीकार गरेको पाइन्छ ।

प्रयोग कुनै पनि सत्यलाई अन्तिम सत्य मान्न तयार हुँदैन र साथै यसले प्रत्येक सत्यलाई परिस्थितिहरूका सापेक्षतामा हेर्ने प्रयास गर्छ । प्रयोगको मूल प्रवृत्ति परम्परागत स्थापना वा रूढिहरूबाट अगाडि बढेर नयाँ दिशाहरूको अन्वेषण र स्थापना गर्नु हो । साथै प्रयोग यथार्थलाई जीवनको परिप्रेक्ष्यमा हेर्ने साधन पनि हो । स्थापित मर्यादाका जीवन्त तत्त्वहरूलाई स्वीकार गर्नु र नयाँ मर्यादाका सम्भावनाहरूलाई विकसित गर्नुका ं साथै सम्भावनाहरूलाई विकसित गर्नु पनि प्रयोग हो । पुराना मर्यादाले हामीलाई संस्कार दिन्छ भने नयाँ मर्यादाले विकासतर्फ अग्रसर तुल्याउँछ । यसैले प्रयोग पुराना मर्यादाका ती अंशहरूलाई स्वीकार्दछ जसले नयाँ मर्यादाको विकासमा योग दिन्छन् । यसरी नयाँका प्रति आस्था राख्नु प्रयोगको प्रकृति हो । स्थापित मान्यताहरूको विवेकपूर्ण खण्डन पनि प्रयोगद्वारा नै सम्भव हुन्छ । कृष्णहरि बराल र नेत्र एटमले साहित्यमा पनि नयाँ मोड, छटपटी, परिवर्तनको हुटहुटी प्रस्तुत गर्ने अवसरको खोजी गर्दा प्रयोगको सुरुवात हुन्छ भनी उल्लेख गरेका छन् ं(बराल र एटम, २०५६: १४३) । यिनीहरूले पनि प्रयोगवाद कुनै वाद विशेषका रूपमा नभएर एक नवीन प्रयोगका रूपमा आएको साहित्यिक मान्यता हो भन्ने कुरा देखाएका छन् ।

प्रयोग वा एक्पेरिमेन्टसम्बन्धी उपर्युल्लिखित दृष्टिकोण, मान्यता वा सिद्धान्तलाई आत्मशात गर्दै प्रयोगलाई नै सर्वाधिक महत्त्व प्रदान गर्ने कलासाहित्यगत प्रवृत्ति नै प्रयोगवाद (एक्सपेरिमेन्टालिजम्) हो । विज्ञान र प्रविधिको विकासका नवनव आयामहरूले गर्दा आजको युगमा मानवीय सम्बन्ध, मानवीय मूल्य पहिलेको भन्दा ज्यादा जटिल, ज्यादा सङ्कुल र ज्यादा अस्तव्यस्त बन्न पुगेको छ । आर्थिक कठिनाइहरू, राजनीतिक सङ्घर्षहरू

तथा वैज्ञानिक आविष्कारहरूले आज समाजलाई अत्यन्त वेगगतिमा परिवर्तित तुल्याइरहेका छन् । यद्यपि मानवीय मनका स्थायी भावहरू आज पनि उस्तै र उही हुन् परन्तु प्रत्येक युगमा युगको आफ्नै परिवेश हुन्छ । यसरी नै हरेक युगमा नयाँ साहित्यको आवश्यकता हुन्छ । कुमारबहादुर जोशीले प्रयोगवाद वा प्रयोगवादी साहित्य पनि यथार्थमा यसै परिप्रेक्ष्यमा युगको मागअनुरूप प्रकटिएको हो भन्दै अतः प्रयोगवादको अभीष्ट केवल प्रयोगै मात्र कदापि होइन, यसको आग्रह वा मान्यता प्रयोगका माध्यमद्वारा आजका जटिल, सङ्कुल एवं अस्तव्यस्त संवेदनाहरूको अभिव्यक्ति हुन सक्छ भन्ने कुरा उल्लेख गरेका छन् (जोशी, २०६६: ११९) । प्रयोग सबै कालका साहित्यकारहरूले कुनै न कुनै रूपमा गरेकै हुन्छन् र कुनै एक कालमा कुनै खास दिशामा प्रयोग गर्ने प्रवृत्ति पाइनु पनि स्वाभाविकै हो, परन्तु जुन क्षेत्रमा प्रयोग भएका छैनन् र जुनजुन क्षेत्र अभेद्य मानिएका छन्  र अछुतै रहेका छन्, त्यतातिर अगाडि बढेर प्रयोगद्वारा अन्वेषण गर्ने प्रयास आजका प्रयोगवादी साहित्यकारहरूले गरेका छन् । परम्परावादीहरू स्थापित सत्यलाई छाडेर एक पाइला अगाडि बढ्न पनि हिचकिचाउँछन् भने प्रयोगवादीहरू परम्परा र रूढिको विरोध गर्दै नवनव अन्वेषण र आविष्कारतर्फ अग्रसर रहन्छन् । साँच्चै भन्ने हो भने प्रत्येक परम्परा मूलतः प्रयोगात्मक रूपमा नै विकसित हुने गर्दछ । वासुदेव त्रिपाठीले प्राकृतिक-विज्ञान, समाजविज्ञान र मनोविज्ञानका नवनव स्थापनाको उत्तरोत्तर गतिशीलताले मान्छे, जीवन र समाजका सम्बन्धमा पूर्णरूपमा नयाँ दृष्टिहरूको विकास हुँदै आएपछि मानवीय जीवन र सामाजिकताको अभिव्यक्तिस्वरूप साहित्य-कलाले पनि नवीनता प्राप्त गर्न थालेको हो भनी उल्लेख गरेका छन् (त्रिपाठी, २०६५: १२७) ।

परम्पराले आफूलाई देशकालको प्रगतिका साथ अगाडि बढाउन वा विकसित बनाउन सकेन भने रूढि बन्न पुग्ने हो । अर्को शब्दमा समयका साथ विकसित यथार्थ भावबोधलाई स्थापित मान्यताले वा परम्पराले वहन गर्न नसकेपछि नयाँ प्रयोगको आवश्यकता पर्न आउँछ । यसरी हेर्दा स्पष्ट हुन्छ प्रयोगवाद परम्पराको असमर्थतामा साहित्यकारको जिज्ञासामय अभिव्यक्तिको साधन हो । यसो त प्रयोगवाद कुनै खास वाद होइन भने पनि हुन्छ । किनभने कुनै पूर्वीय पाश्चात्य भाषासाहित्यगत कुनै खास सिद्धान्त वा कुनै खास समयको अभियान होइन तर पनि पाश्चात्य भाषासाहित्यका साथै हिन्दी, नेपाली आदि पूर्वीय भाषासाहित्यका पनि विभिन्न विधामा खासगरी भाषाशैली, शिल्प र कथ्य, भाव तथा विषयसम्बन्धी अनेकानेक नौलानौला प्रयोगहरू आज जो भइरहेका छन् खासमा तिनीहरूकै सगोल नाम प्रयोगवाद हो भन्न सकिन्छ । कुमारबहादुर जोशीले सैद्धान्तिक दृष्टिले हेर्दाचाहिँ

प्रयोगवादले खासगरी प्रतीकवाद, बिम्बवाद, अतियथार्थवाद र विसङ्गतिवाद तथा अस्तित्ववादका प्रवृत्तिहरूलाई अँगालेर पाइला चालेको पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् (जोशी, २०६६: १२०) । प्रयोगवादमा रूढिहरू एवम् खोक्रा-थोत्रा परम्पराहरूप्रति विद्रोहको भावना हुन्छ र यो स्वस्थ सामाजिक जीवन-दर्शनको खोज गर्न चाहन्छ तथा त्यसैअनुरूप इतिहास-निर्माणको चेष्टा गर्दछ । तर प्रयोगवादका केही कमजोरीहरू पनि छन् । प्रयोगवादी साहित्य/उपन्यास रचनालाई दृष्टिगत गर्दा अधिकांशले स्थायी प्रभाव पार्न नसक्ने देखिन्छ । यस वादका कमजोरीहरूमध्ये एउटा प्रमुख कमजोरी यो पनि हो । प्रयोगवादको पृष्ठभूमि हेर्दा नवक्लासिकल मान्यता तोड्दै आउने रोमान्टिक युग पनि एकप्रकारले प्रयोगवादको युग हो । प्रकृतवाद, यथार्थवाद पनि प्रयोगशीलताकै एउटा गम्भीर रूप हो तर पनि प्रतीकवाद र अतियथार्थवाद यसैका उत्तरवर्ती विशेष टड्कारो चिन्हहरू हुन् । उन्नाइसौं शताब्दीको पूर्वार्द्ध र उत्तरार्द्ध रोमान्टिक प्रकृतवादी प्रयोग भएकै बेला बीसौं शताब्दी नलाग्दै प्रतीकवादको प्रयोग हुन पुग्यो । प्रथम विश्व महायुद्धका सन्दर्भमा अतियथार्थवाद मौलायो भने द्वितीय विश्व महायुद्धका प्रकरणमा अस्तित्ववाद आयो प्रतीकवाद, प्रकृतिवाद, नवक्लासिकल धारा र अतियथार्थवाद नै प्रयोगवादको आधारभूमि । कुमारबहादुर जोशीका अनुसार प्रयोगवादले खासगरी प्रकृतिहरूलाई अँगालेर पाइला चालेको हो भन्ने देखिन्छ (जोशी, २०३८: १२८) । जोशीले प्रकृतवाद नै प्रयोगवादको आधारभूमि हो भन्ने कुराको उल्लेख गरेका छन् । प्रयोगवाद बीसौं शताब्दीको पूर्वार्द्धको दशकमा यथार्थवाद, अतियथार्थवाद, अस्तित्ववाद अनि विसङ्गतिवादसँगै भाषा व्याकरणको मान्यता विपरीत द्वितीय विश्वयुद्धपछि आएको एक साहित्यिक सशक्त आन्दोलन हो भन्न सकिन्छ ।

नेपाली साहित्यमा खास गरेर कविता - परम्परामा महाकवि लक्ष्मीप्रसाद देवकोटाले नेतृत्व गरेको स्वच्छन्दतावादी-प्रगतिवादी काव्यधारा (खास समयावधि वि. सं १९९१-२०१६) - पछि देखा परेको प्रयोगवादी काव्यधाराको खास समयावधि वि.सं. २०१७ सालदेखि २०३० सालसम्म फैलिएर रहेको र यस काव्यधाराको नेतृत्व कवि मोहन कोइरालाले गरेको मानिन्छ । त्यसैले नेपालीमा स्वच्छन्दतावादी प्रगतिवादी काव्य प्रवृत्तिहरू केलाउनु परे मूलतः महाकवि देवकोटाका काव्य कविताहरू र प्रयोगवादी काव्य प्रवृत्तिहरूको निर्क्यौल निकाल्नु परे खास गरेर कवि मोहन कोइरालाका काव्य प्रवृत्तिहरूको अध्ययन अनुशीलन उपयुक्त ठहरिन्छ ।

माथि भनेझैँ मोहन कोइरालाले नेतृत्व गरेको नेपाली साहित्यको प्रयोगवादी काव्यधाराका उल्लेखनीय साहित्यकार, कवि-कवयित्रीहरूमा तेस्रो आयामवादी कविद्वय ईश्वर वल्लभ तथा वैरागी काइँलाका अतिरिक्त कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, पारिजात, जगदिश शमशेर राणा, मदन रेग्मी, बानीरा गिरी, गुमानसिंह चाम्लिङ, कुमार घिसिङ प्रभृतिको नाम प्रमुख रूपमा लिन सकिन्छ ।

नेपाली साहित्यको पद्य वा कविता फाँटमा मात्र होइन गद्य फाँटमा पनि प्रयोगवादी लेखकहरू अनेकौँ भेटिन्छन् । दृष्टान्तका लागि प्रयोगवादी कथा-उपन्यासका क्षेत्रमा इन्द्रबहादुर राई, ध्रुवचन्द्र गौतम आदि, प्रयोगवादी निबन्धका क्षेत्रमा शंकर लामिछाने, कृष्णचन्द्रसिंह प्रधान आदि अनि प्रयोगवादी नाटकका क्षेत्रमा चाहिँ मोहनराज शर्मा, अशेष मल्ल, गोपाल पराजुली आदिलाई अग्रपङ्क्तिमा राख्न सकिन्छ । वास्तवमा नेपालीमा मूलतः यिनै कवि लेखकहरूको साहित्य नै प्रयोगवादी साहित्य हो भने यस साहित्यगत धारणा, मान्यता तथा प्रवृत्तिहरूको समष्टि नाम नै प्रयोगवाद हो । प्रयोगवाद कुनै वाद विशेषका रूपमा आएको देखिँदैन तर प्रभाव चाहिँ पारेको देखिन्छ । यो पूर्वीय तथा पश्चिमी मुलुकमा स्थापित मान्यताका रूपमा आएको पनि देखिँदैन । यसले आधिकारिक सैद्धान्तिक मान्यतालाई भत्काएर नवीन शैलीको लेखन सुरुवात गरेको हुन्छ । यसले विषयवस्तु तथा भाषा व्याकरणको विरोध गर्दै शिल्प सौन्दर्यलाई प्रधानता दिएर अघि बढ्ने काम गर्दछ ।

इन्द्रबहादुर राई (१९८४) ले नेपाली साहित्येतिहासमा एउटा नवीन आयामेली आन्दोलन ल्याए । उनको प्रत्येक साहित्य सृजनामा एउटा नवीन सोंच देखिन्छ । त्यस सोंचमा तत्कालीन जीवनमा बाँचिरहेका मानिसको अस्तित्व तथा विसङ्गतिवादी चिन्तन र शून्यवादी चिन्तन पनि पाइन्छ । कुमारबहादुर जोशीले यो कुनै वाद नभएर विश्वको साहित्यमा देखिएको एउटा नवीन प्रयोग हो भन्ने कुरा उल्लेख गरेका छन् (जोशी, २०३७ : १२१) । वासुदेव त्रिपाठीले जे होस्, नेपाली साहित्यका सन्दर्भमा भन्न खोज्दा चाहिँ २०१७ सालयता विभिन्न साहित्यिक विधामा जेजस्ता नयाँभन्दा नयाँ लहर आएका छन् तिनका समष्टि संज्ञाका रूपमा प्रयोगवाद शब्द प्रचलित छ भनी उल्लेख गरेका छन् (त्रिपाठी, २०६५: १३१) । घनश्याम कँडेल उपाध्यायले राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक, सामाजिक परिस्थिति र त्यस परिस्थितिको अन्तरकुन्तरमा अन्तप्रवाहित आधुनिक उत्तरआधुनिक चिन्तन र शैली-शिल्पबाट प्रेरित र प्रभावित तथा तदनुरूप लेखनको चाहना र सृजन

सामर्थ्य भएका साहित्यकार/नाटककारहरूले जुन नवलेखन आरम्भ गरे त्यो प्रयोगवादी लेखनका रूपमा स्थापित छ भनी उल्लेख गरेका छन् (उपाध्याय, २०६१: ३५) । कृष्णहरि बराल र नेत्र एटमले साहित्यिक रूढिलाई तोडेर नयाँ परम्पराको निर्णय नै प्रयोगवाद हो भनेका छन् (बराल र एटम, २०५६: १४३) । प्रयोगवाद कुनै वाद, मान्यता र सिद्धान्तका रूपमा प्रयोग नभएर यसले साहित्यको वस्तुशिल्प तथा भाषामाथि अतिक्रमण गर्दछ । अझ भनौँ यसले त भाषालाई एकदमै नयाँ र विशृङ्खलित रूपमा प्रयोग गर्न खोज्छ । साहित्यमा यसले विधाभञ्जनको मान्यता पनि राख्दछ । यसले तत्कालीन युग मानव जीवनका अस्तित्व विसङ्गति तथा शून्यवादी/निस्सारता बोधको नवीन प्रयोग गरेर देखाउँछ । नेपाली साहित्यमा २०१०-२०१३ तिर "रूपरेखा" पत्रिकामा केही प्रयोगवादी झिल्का देखिए पनि मूलतः २०१७ सालमा यसको (प्रयोगवाद) पूर्ण रूपमा मोहन कोइरालाले कवितामा अङ्गीकार गरेका छन् । त्यस्तै २०२१ सालमा इन्द्रबहादुर राईले उपन्यासमा तथा २०३० सालमा ध्रुवचन्द्र गौतमले नाटकमा पूर्णरूपमा प्रयोगवादी लेखन अङ्गीकार गरेका छन् ।

समग्रमा भन्नुपर्दा प्रयोगवाद कुनै वाद विशेष नभई संरचना, भाषा, व्याकरण, शिल्प, कथानक, परिवेश, चरित्र, विचार, शीर्षक आदिमा आएको नवीन परिवर्तन नै प्रयोग हो भन्न सकिन्छ । यो विश्वको दुई नरसंहारकारी महायुद्धले निम्त्याएका मानव जीवनका अस्तिव, विसङ्गति, निस्सारता तथा शून्यबोधको रूपमा आएको साहित्यिक नवीन लेखन हो भन्न सकिन्छ । शिल्प, वस्तु तथा भाषामाथि अतिक्रमण गर्दै परम्परित पक्षलाई क्षीण र नवीन पक्षलाई बढी प्राथमिकता दिएको जस्तो देखिन्छ । यसमा विधाभञ्जन वा विधा विनिर्माण गर्नु, कथानकको सट्टा अकथानक, नायकको सट्टा अनायक, नायिकाको सट्टा अनायिका जस्ता नवीन प्रयोग गर्दै नवनव बिम्ब प्रतीकहरूको प्रयोग गर्नु, संक्षिप्त र सशक्त भाषा एवम् जीवन्त चरित्रका माध्यमबाट प्रेक्षकका दैनिक जीवनका आन्तरिक पक्षलाई प्रस्तुत गर्नुलाई नै प्रयोग हो भन्न सकिन्छ । प्रयोगले समकालीन सामाजिक राजनीतिक विसङ्गति, आडम्बर र विकृतिमाथि कठोर व्यङ्ग्य र उपहास गरेको जस्तो देखिन्छ । मानव जीवनका अस्तित्वलाई दर्साउँदै शून्यवादी निस्सारताको अभिव्यक्ति प्रयोगवादी उपन्यासमा पाइन्छ । प्रयोगवाद नवक्लासिकल मान्यताबाट सुरु भएर उत्तर आधुनिकतासम्म आइपुगेको छ ।

## २.३ प्रयोगवादका आधारभूत मान्यता

प्रयोगवाद कुनै वाद, मान्यता वा कुनै सिद्धान्तका रूपमा नआए पनि यो विश्वसाहित्य लेखनका क्रममा भाषा र व्याकरणलाई उलङ्घन गर्दै नवीन पक्षलाई प्रमुख बनाएर आएको हुन्छ । यसले साहित्य लेखनका क्रममा नवनव प्रयोगहरू अथवा साहित्यिक विधाका तत्त्वहरूमा नवीन प्रयोगको मान्यता राख्दछ । यो नवक्लासिकल, प्रकृतवाद, प्रतीकवाद, यथार्थवाद, अतियथार्थवाद, अस्तित्व तथा विसङ्गतिवाद सँगसँगै नवनव प्रयोग गराएर साहित्यका क्षेत्रमा परम्परित भाषा व्याकरणको विरोधमा आएको मान्यता हो भन्न सकिन्छ । वासुदेव त्रिपाठीले भनेका छन् प्रयोगवादी साहित्य लेखनमा अत्यन्त विविधतामय, अति वैयक्तिक, अत्यन्त अवचेतन, स्वचालित लेखन, बुद्धि र सचेत मनको भूमिकाबाट पूर्णतः मूल अनि भाषा व्याकरणको व्यञ्जना शक्तिबाट पनि ओतप्रोत साहित्यिक प्रयोगको बहुलताले गर्दा आधुनिक समसामयिक पाश्चात्य साहित्य समृद्ध विलक्षण भएर पनि त्यही अराजकता अनिश्चयको विन्दुतिर लम्कदै जान्छ । भाषा र साहित्यको इतिहास, नियम र परिष्कार खोज्दै बढ्छ । अनि अति नियमितता र अति परिष्कारबाट वाक्किएर मुक्ति (रोमान्टिक) खोज्दै खोज्दै फेरि प्रारम्भ विन्दु (प्रयोगात्मक विशृङ्खलता) मा पुग्छ (त्रिपाठी, २०६५: १३०) । प्रयोगवादी साहित्य लेखनलाई नवीन मान्यताका साथ आएर नवक्लासिकल, प्रकृतवाद, प्रतीकवाद, यथार्थवाद, अतियथार्थवाद, अस्तित्व तथा विसङ्गतिवादको नवनव प्रयोग गर्दै भाषा र व्याकरणमाथिको अतिक्रमणमा आएको मान्यता हो भन्न सकिन्छ । प्रयोगवादी साहित्य लेखनमा विधाभञ्जन अर्थात् विधाको विनिर्माण गराइएको हुन्छ , जस्तैः कथा अकथा, उपन्यास अउपन्यास, नाटक अनाटक, कविता अकविता आदि । कुमारबहादुर जोशीले वैयक्तिक अवचेतन मनको उन्मुक्त, विशृङ्खल लक्षणको विचरण साहित्य र अझ खास कविताको चित्रकला सङ्गीत र रेखाकोणहरूको तर्फको अभिसरण परम्परित भाषा व्याकरणको एक प्रकारको अन्त्येष्टि र त्यसपछिको नयाँ भाषिक सम्भावनाको खोजी शब्दभन्दा पर र अर्थहीन ध्वनिसमूहतिर अभिव्यक्तिको लम्काइ कविता हुनुपर्छ, अर्थिनु हुन्न भन्ने टी. एस. इलियटको भनाइको अनुसरण, विधासम्बन्धी पूर्वमान्यताको विघटन नहुने क्रममा कविता अकविता, नाटक अनाटक, कथा अकथा, अतियथार्थवाद प्रकृतिलाई अँगाल्दै स्वचालित लेखनतर्फको उन्मुक्ति अभिसरण भन्ने कुराको उल्लेख गरेका छन् (जोशी, २०३८: १२१, १२२) । त्यस्तै कृष्णहरि बराल र नेत्र एटमले नयाँ कथ्य, नयाँ पद्धति, नयाँ सम्भावनाहरूको खोजी गर्नु रूढि बनिसकेका नियमहरूमा प्रश्नवाचक चीन्ह खडा गरी अगाडि बढ्न प्रेरित गर्न जिज्ञासा शान्त पार्न नयाँ प्रयोग गरी त्यसमा कलात्मक गुणहरूको

परीक्षण गर्नु, चमत्कारलाई महत्त्व नदिई विवेकको उपयोग गर्नु, सचेत प्रयास गर्नु, प्रयोग आफैँमा पूर्ण नहुने भएकाले नवीन र लुप्त सत्यको साक्षात्कारको प्रयास गर्नु, उपन्यासमा कविता, निबन्ध, समालोचना आदिको मिश्रण गर्नु, अधिउपन्यास र द्वितीय पुरुष दृष्टिविन्दुलाई महत्त्व दिनु जस्ता कुराको उल्लेख गरेका छन् (बराल र एटम, २०६६: १४३, १४४) ।

समग्रमा प्रयोगवादी साहित्य लेखन भाषा र व्याकरणमा नवीनताको खोजी गरी विधामिश्रण विधाभञ्जनलाई महत्त्व दिँदै आधुनिक अर्थात् एउटा नवीन साहित्य कलाको स्थापना गर्दै अगाडि बढेको पाइन्छ भने प्रयोगवादी साहित्य लेखनले मानव जीवनका विसङ्गति, अस्तित्व, शून्यता र निस्सारताबोधको कल्पना गरेको हुन्छ ।

## २.४ प्रयोगवादी उपन्यासको अवधारणा

उपन्यास आख्यान हो । उपन्यासलाई कथाको लामो रूप पनि हो भन्न सकिन्छ । उपन्यास लेखन परम्परा त्यति लामो छैन तर यो आख्यान भएकाले परापूर्वकालदेखि अथवा मानव सभ्यतादेखि नै आख्यान सुन्ने र सुनाउने परम्परा रहिआएको छ। पूर्व र पश्चिममा आख्यान विधाले पहिले स्थान नलिए पनि अहिले आख्यान विधाले विश्वमा एउटा हलचल नै मच्चाएको छ भन्न सकिन्छ। नेपाली साहित्यमा उपन्यासको थालनी **वीरसिक्का**बाट भएको मानिन्छ।

प्रयोगवाद वास्तवमा कुनै वाद नभएर साहित्यका क्षेत्रमा देखा परेको एक नवीन लेखन हो । यसको कुनै पनि मान्यता र सिद्धान्तहरू स्थापित भएका छैनन् । अर्को शब्दमा भन्नुपर्दा यो परम्परागत लेखनका विरुद्धमा आएको प्रयोगशीलता हो । यसले साहित्यिक मानकहरूमाथि प्रहार गरेको देखिन्छ । खासगरी विषयवस्तुको प्रतिपादन र ती विषयवस्तुलाई प्रस्तुत गर्ने शिल्प सौन्दर्य र मूलतः भाषिक विरोधका मान्यताहरूका केन्द्रमा रही परम्पराका विरुद्धमा मान्यताहरू स्थापित गरे । कुमारबहादुर जोशीले दादावाद र अतियथार्थवादबाट स्वचालित लेखनका प्रथम विश्वयुद्धजन्य जिजीविषिकाका कारण उत्पन्न मानवीय त्रासदी र तिनले जीवन र जगत्‌लाई गरेको परिवर्तनले लेखकीय र साहित्यिक विश्व दृष्टिमा नवीनपन थपिदियो, दादावाद र अतियथार्थवाद यसको पृष्ठभूमि हो भनेका छन् (जोशी, २०३८: १२०) । वासुदेव त्रिपाठीले विसङ्गतिवाद, अस्तित्ववाद, शून्यवादजीवनका निस्सारता, मूल्यहीनता मृत्युसर्वोच्चता र वैयक्तिक सर्वोच्चतालाई स्थापित

गर्ने क्रममा परम्परित जीवन मूल्यप्रति असहमति जनाए, यी सबै मान्यताबाट परम्पराधर्मी लेखनमा प्रहार भएको देखिन्छ भन्ने कुरा उल्लेख गरेका छन् (त्रिपाठी, २०६५: १२९) । परम्परागत साहित्यले जीवन र जगत्को चेप्टो र सपाट वर्णन मात्र गर्ने हुनाले त्यस्तो लेखनबाट जीवनका बहुआयामिक सत्यहरूको अन्वेषण हुन नसक्ने ठहर प्रयोगवादको छ । त्यसैले प्रयोगवादले परम्परागत साहित्यिक लेखनले आवश्यक ठानेका साहित्यिक विधा र तिनका विधातत्त्वमाथि अतिक्रमण गर्दछ । विधातत्त्वअन्तर्गतका विषयवस्तु र तिनको शिल्प प्रबन्धनमाथि मूलतः प्रयोगवादको असहमति रहेको छ । परम्परागत साहित्यमा विषयवस्तु प्रधान रहन्छ र तिनका पछि शिल्प सौन्दर्य आएको हुन्छ । यसका विपरित शिल्पको प्रधानता प्रयोगवादमा रहने गर्दछ । विषयको उत्कृष्टतालाई शिल्पले अभिव्यञ्जित गर्दछ भने प्रयोगवादी साहित्यमा शिल्प सौन्दर्य नै विषयका रूपमा आएको हुन्छ । मूलतः आख्यानका क्षेत्रमा आउने विधातत्त्वहरू विषयवस्तु, कथावस्तु, पात्र, भाषाशैली, परिवेश आदिमा प्रयोगवादले असहमति जनाएको हुन्छ । कथानकका सट्टा कथानकहीन कथानक, विशृङ्खलित कथानक, झिनामसिना घटनाबाट जीवनका कुरूप विन्द्रुप पुष्टि गर्ने प्रयत्न प्रयोगवादले गर्छ । त्यस्तै गरेर प्रयोगवादले यावत् चारित्रिक विशेषताहरूको उपेक्षा गर्ने गर्दछ । यसका सट्टा अनायक, अनायिकासमूहगत पात्रजस्ता अनेक प्रयोगधर्मी चरित्रहरूको प्रयोग गर्ने गर्दछ । परिवेशविधानअन्तर्गत अन्वितित्रय वा स्थान, काल वा कार्यका बिचको एकतालाई परम्परित साहित्यले अपेक्षा गरेको छ । यसका विरुद्धमा यसको भञ्जन प्रयोगशील साहित्य लेखनले गर्दछ, यसले अन्वित्तित्रयको पालना गर्दैन । परम्परित साहित्य लेखनले जे-जस्तो भाषाशैलीका माध्यमबाट जीवन र जगत्लाई अभिव्यक्त गर्दथ्यो त्यस्तो भाषिक शिल्पबाट वर्तमान जीवनका शाश्वत पक्षहरू अभिव्यक्ति नहुने ठहर प्रयोगशील साहित्यको मान्यता रहेको छ । खगेन्द्रप्रसाद लुइँटेलले भनेका छन् वैयक्तिक अनुभूतिलाई समष्टि अनुभूतिसम्म पुऱ्याउने मान्यता राख्ने प्रयोगवादले परम्परित रूढिको विरोध तथा नवअन्वेषणको समर्थन गर्छ । प्रयोगवादी स्रष्टाहरू व्यक्ति सत्ताका माध्यमबाट व्यापक शाश्वत सत्यको खोजीतर्फ अभिमुख हुन्छन् (लुइँटेल, २०६०: २९५) । त्यस्तै प्रयोगवादले आत्मसात गरेको अर्को पक्ष अवचेतन लेखन र चेतन प्रवाह शैली पनि हो । यो शैली आफैमा विशृङ्खलित हुन्छ । अतः यस्तो शैली प्रयोग गरेर लेखिएको भाषा आफैमा प्रयोगशील हुन्छ । त्यस्तै प्रयोगवादीहरूले जीवनका वास्तविकता देखाउन प्रतीकात्मक, बिम्बात्मक भाषा, मिथक, प्राक्सन्दर्भ जस्ता अनेक प्रविधिहरूको प्रयोग गर्दछन् । यसबाट प्रयोगवादी लेखन अत्यन्त बिम्बात्मक, प्रतीकात्मक र अनेक अर्थहरूको गुजुल्टोले घेरिएको

हुन्छ । अतः साहित्यिक लेखनमा विषय र शिल्प दुवै पक्षको नवीनताको खोजी प्रयोगशील साहित्य लेखनले गर्दछ । परम्परित उपन्यासमा मानव जीवनजगत्का सपाट र सबल पक्षहरूलाई देखाइएको हुन्छ । तर प्रयोगवादी उपन्यासमा मानवजीवनका निस्सारता, शून्यबोध, अस्तित्वहीन पक्षहरू देखाइएको हुन्छ र विशृङ्खल पक्षहरूलाई उजागर गरिएको हुन्छ ।

परम्परित साहित्यमा एउटा आदर्श समाज, आदर्श व्यक्तिको कल्पना गरिएको हुन्छ भने प्रयोगवादी उपन्यासमा समाजका विकृत, विसङ्गत पक्ष र साथै सामाजिक विकृतिहरूलाई उजागर गरिदिएको हुन्छ । परम्परित उपन्यासमा कथानक सरल, सहज र भावगाम्भीर्य किसिमको हुन्छ । तर प्रयोगवादी उपन्यासको कथानक चक्रीय, जटिल, दुरुह, क्लिष्ट आदि प्रकारको हुन्छ । परम्परित उपन्यासका पात्र तथा चरित्रहरू आदर्श, वीर, साहसी, निडर, किसिमका हुन्छन् र कथाको मागअनुसारका पात्रहरू आएका हुन्छन् भने प्रयोगवादी उपन्यासमा काँतर, साधारण, सोझासाझा, निमुखा र तल्लो वर्ग आदि उपस्थित गराइएको हुन्छ र समाजबाट घृणित तथा अपहेलित गरिएका वर्गहरूलाई पात्रका रूपमा उभ्याइएको हुन्छ । परम्परावादी उपन्यासकी नायिकामा आदर्शवान् सकेसम्म सर्वलक्षणयुक्त नारी र नारीमा हुनुपर्ने सम्पूर्ण लक्षण र गुण भएकी नारीलाई नायिकाको रूपमा उपस्थित गराइएको हुन्छ भने प्रयोगवादी उपन्यासमा नायिका सामान्य, निँच, समाजबाट अपहेलित, कुण्ठित, निमुखी आदिजस्ता विशेषताकी पात्रलाई प्रयोगवादी उपन्यासमा ल्याइएको हुन्छ ।

परम्परित उपन्यासमा सर्वकालिक परिवेशको चित्रण गरिएको हुन्छ । प्रयोगवादी उपन्यासमा एककालिक अथवा सूक्ष्म परिवेशको चित्रण गरिएको हुन्छ । प्रयोगवादी उपन्यासको परिवेश सूक्ष्म अथवा मानव जीवनको सपाट एक पक्षको मात्रै चित्रण गरिएको हुन्छ । परिवेश भनेको देश, काल र समयलाई जनाइन्छ । देश भनेको घटना घटेको ठाउँ, काल भनेको कुन बेला घटेको घटना समय अथवा त्यो घटना घट्दाखेरिको सम्बन्धित ठाउँको वस्तुस्थिति के कस्तो थियो भन्ने हुन्छ । परम्परित उपन्यासमा देशकाल र वातावरणको समन्वितिको आवश्यकता पर्दछ भने प्रयोगवादी उपन्यासमा कार्यकारण सम्बन्ध, देश, काल र समयको आवश्यकता पर्दैन । कार्यकारण सम्बन्ध मिलेको हुँदैन र परिवेशको रूपमा चाहिँ आएको हुन्छ । प्रयोगवादी उपन्यासले यी र यस्तै अपेक्षाहरू राखेको हुन्छ ।

परम्परित साहित्य उपन्यासमा नैतिकतापरक विचार हुनुपर्छ भन्ने मान्यता राख्दछ । आदर्श समाजको निर्माण, सत्‌गुण, सत्‌भावनायुक्त विचारको अपेक्षा राख्दछ भने प्रयोगवादी साहित्य/उपन्यासले विकृत, विशृङ्खलित समाज, राजनीतिको कुकृत्यहरू आदिलाई केलाउँदै तत्कालीन समयमा बाँचिरहेका मानिसहरूको जिजीविषा, भोगेच्छा, विसङ्गति, निस्सारता तथा शून्यताको बोध गराउँदै एउटा नवीन शैलीको जीवनयापान बिताउने कल्पना गरेको हुन्छ, जस्तैः अग्निदत्त+अग्निदत्त उपन्यासकी पात्र वृक्षाका एउटी दिदीले भनेकी थिई- वृक्षा त्योसँग बिहे नगर ।

- किन ? वृक्षाले सोधी ।
- दिदीले भनी- त्यो अत्यन्त निर्धन छ, बडो प्राचीन खालको छ, पछि गृहस्थीले झापड हिर्काउन थालेपछि थाम्लाजस्तो छैन ।
- वृक्षाले भनी- तर दिदी, म त नखोज्दा-नखोज्दै पनि निकै उकालो पो उक्लिसकेँ त ?

(पृ. २४६)

## २.४.१ वस्तुविधानमा प्रयोगवाद

साहित्य/उपन्यासका वस्तुविधानअन्तर्गत संरचना, कथावस्तु, चरित्र, परिवेश, विचार तथा उद्देश्य आदि कुराहरू पर्दछन् । प्रयोगवादी उपन्यासमा पनि यिनै तत्त्वहरू पर्ने हुँदा यिनीहरूको कसरी नवीन प्रयोग गराइएको हुन्छ भन्ने कुरा तल उल्लेख गरिएको छ ।

### २.४.१.१ संरचनामा प्रयोग

परम्परित उपन्यासको कथावस्तु सङ्गठित हुन्छ भने प्रयोगवादी उपन्यासको कथावस्तु सङ्गठित हुँदैन । परम्परित उपन्यासमा भएका कथा वा अन्य उपकथाहरूलाई पनि सचेत रूपमा अगाडि बढाउने कार्य गरिएको हुन्छ भने प्रयोगवादी उपन्यासमा भएका कथा वा अन्य उपकथाहरूलाई सचेत रूपमा अगाडि बढाउने कार्य हुँदैन । परम्परित उपन्यासमा परिच्छेद वा खण्डहरूलाई स्पष्ट रूपमा परिच्छेद बनाई छुट्याइएको हुन्छ भने प्रायः गरेर प्रयोगवादी उपन्यासमा लामो अनुच्छेद तथा विश्रामका रूपमा लिएको हुन्छ । परम्परित उपन्यासमा परिच्छेद विभाजन गर्दा कुनै चीन्ह, अङ्क, अक्षर आदिले स्पष्ट रूपमा छुट्याइएको हुन्छ भने प्रयोगवादी उपन्यासमा परिच्छेद विभाजन गर्दा कुनै चीन्ह, अङ्क अक्षर आदिले नछुट्याई परिच्छेद परिवर्तन गर्दा दुई लाईनसम्म छोडेको र उपन्यासको अन्त्य गर्दा तारा चीन्हले सङ्केत गरिएको हुन्छ । परम्परित उपन्यासमा चरित्रलाई भन्दा घटनालाई

बढी महत्त्व दिइएको हुन्छ भने प्रयोगवादी उपन्यासमा घटनालाई भन्दा चरित्रलाई बढी महत्त्व दिइएको हुन्छ । परम्परित उपन्यासमा  सारवस्तु शृङ्खलित हुन्छ भने प्रयोगवादी उपन्यासमा सारवस्तु विशृङ्खलित हुन्छ । परम्परित उपन्यासमा कथावस्तुको आदि, मध्य र अन्त्य क्रमिक रूपमा विकास भएको हुन्छ भने प्रयोगवादी उपन्यासमा भिन्न तथा फरक तरिकाबाट विकास भएको हुन्छ ।

### २.४.१.२ विषयवस्तु तथा कथानकमा प्रयोग

परम्परित उपन्यासमा कथानक भनेको घटनाहरूको कार्यकारण सम्बन्धबाट कसिएर अथवा बुनिएर, उनिएर आएको हुनुपर्छ भन्ने मान्यता राख्छ भने प्रयोगवादी उपन्यासमा घटनाहरूको कार्यकारण सम्बन्धको महत्त्व हुँदैन र घटना विशृङ्खल हुन्छ । घटना भावभङ्गी भएर आएको हुन्छ । परम्परित उपन्यासमा सपाट अवस्थाका घटनाहरू वा क्रियात्मक, प्रामाणिक सन्तुष्टि दिने भएमा त्यस्तो कार्यकारण सम्बन्ध नियोजित मानिन्छ भने प्रयोगवादी उपन्यासमा घटनाहरूको क्रियात्मक समूह शृङ्खलायुक्त र सन्तुष्टि दिने खालको हुँदैन । कुनै कुनै प्रयोगवादी उपन्यासको कथानक त पाठकको मथिङ्गल नै खलबलाउने खालको हुन्छ । प्रयोगवादी उपन्यासको कथानक विकृत समाज, बिग्रिएको राजनीति पक्षहरूलाई उदाङ्गो पार्ने र अहिले बाँचिरहेका मानिसहरूको जिजीविषा, निस्सारता, शून्यता र विसङ्गतिबोध गर्दै अस्तित्वको खोजी गरेको हुन्छ । परम्परित उपन्यासमा अनेक थरीका घटना उपघटना उनेर अथवा बुनेर एउटा कलात्मक कृतिको निर्माण गरिएको हुन्छ भने प्रयोगवादी उपन्यासमा कुनै कलात्मक घटना तथा उपघटनाहरू हुँदैनन् । मान्छेको जीवन जसरी विशृङ्खलित वा विसङ्गत छ त्यसरी नै परम्परित उपन्यासमा कुनै कलात्मक घटना तथा उपघटनाहरू आएका हुन्छन् । परम्परित उपन्यासमा बढी काल्पनिक र कौतूहलतामय कथानकहरू आएका हुन्छन् भने प्रयोगवादी उपन्यासमा तात्कालिक जीवनमा भोगिरहेका मानिसहरूका यथार्थिक भोगाइहरूलाई देखाइएको हुन्छ । कथानक त कौतुहल नहुने होइन तर कौतूहल हुँदाहुँदै त्यो कौतूहल समाप्त हुन नपाउँदै अर्को घटना खप्टिएर आइपुगिसक्छ । परम्परित कथानकका स्रोतहरू इतिहास मिथक यथार्थमूलक अनुभव रागात्मक सौन्दर्य, स्वैरकल्पनात्मक हुन्छन् । दयाराम श्रेष्ठले कथावस्तु नै कथाको बृहत्तम तत्त्व घटक वा अवयव हो यसले कथाका संरचनाको सबैभन्दा स्थूल र सबल तत्त्वको बोध गराउँदछ, कथामा यस तत्त्वको व्याप्ति सर्वत्र हुने भएकाले अन्य तत्त्व वा घटकहरूलाई समेत यसले गहिरो रूपमा प्रभाव पारेको हुन्छ भनेर उल्लेख गरेका छन् (

श्रेष्ठ, २०६८: ९) । प्रयोगवादी उपन्यासले स्थूल तथा सबल तत्त्वको बोध गराउँदैन । यसको सर्वत्र गहिरो प्रभाव पनि परेको हुँदैन र छिनछिनमा देखिने र लोप हुने हुन्छ ।

अन्ततः प्रयोगवादी उपन्यासमा कथावस्तुको कार्यकारणको सम्बन्धलाई मान्यता दिइएको हुँदैन । कथावस्तुको कार्यकारणको सम्बन्धलाई भञ्जन गरिएको हुन्छ । घटना र कार्यको योजनाबद्ध सम्बन्धको खोजी गरेको पाइदैन । यसमा केवल मानवजीवनका विसङ्गत पक्ष, राजनीतिक विसङ्गति आदि घटनालाई प्रधानता दिइएको हुन्छ । यसमा मानवजीवनका ऐतिहासिक, पौराणिक, धार्मिक, राजनैतिक, सांस्कृतिक पक्षको कुनै पनि रूपमा प्रस्तुत नगरेर यसले मानवजीवनका विसङ्गतिलाई उजिल्याउने अनि अस्तित्वको खोजी गर्ने गर्दछ । प्रयोगवादी उपन्यासमा घटना र कार्यको सम्बन्धलाई विनिर्माण गर्न खोजिएको हुन्छ, विशृङ्खल गरिएको हुन्छ । प्रयोगवादी उपन्यासमा कथानक जताबाट पढे पनि हुन्छ किनकि उपन्यासको कथावस्तु रैखिक ढाँचामा हुँदैन ।

### २.४.१.३ चरित्रचित्रणमा प्रयोग

पात्र वा चरित्र भनेको घटनालाई गतिशीलता प्रदान गर्ने वस्तु हो । यसले सम्बन्धित साहित्यलाई गतिशीलता प्रदान गरेको हुन्छ भनी दयाराम श्रेष्ठले उल्लेख गरेका छन् (श्रेष्ठ, २०६८: १०) । प्रयोगवादी उपन्यासमा चरित्रले घटनालाई बोकेको त हुन्छ तर उद्देश्यहीन रूपमा बोकेको हुन्छ । उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ भनी कृष्णहरि बराल र नेत्र एटमले उल्लेख गरेका छन् (बराल र एटम, २०६६: २७) । प्रयोगवादी उपन्यासमा कुनै विशेषता बुझाउन आएका त हुन्छन् तर व्यवस्थित रूपले आएका हुँदैनन् । परम्परित उपन्यासमा मानवेत्तर प्राणीहरू पनि पात्रका रूपमा आएका हुन्छन् भने प्रयोगवादी उपन्यासमा भने मानवीय प्राणी मात्र आएका हुन्छन् तर कँहि कतै मानवेत्तरको नाम दिएर मानवीय प्राणी नै उपस्थित गराइएको हुन्छ । परम्परित उपन्यासमा उच्च, संभ्रान्त, कुलीनवर्गका पात्रहरू ल्याइएको हुन्छ र यिनीहरूको भाषाशैली पनि सभ्य र शिष्ट किसिमको हुन्छ भने प्रयोगवादी उपन्यासमा सामान्य, निम्नवर्गीय, गरिब, निमुखा वर्गहरूलाई पात्रका रूपमा उपस्थित गराइएको हुन्छ, जस्तैः लङ्गडाको साथी उपन्यासको प्रमुख पात्र लङ्गडा आदि । परम्परित उपन्यासमा प्रायः गरेर मानवीय नाम मात्र दिएर राखिएको हुन्छ भने प्रयोगवादी उपन्यासमा सङ्ख्यावाचक, जातिवाचक, क, ख, ग, ए, बी, सी, उरेन्ठेउला र अनौठा नामहरू दिइएको हुन्छ । परम्परित उपन्यासमा उच्च, सम्भ्रान्त, कुलीन, पात्रहरू रहने हुँदा उनीहरूले आदर्श

समाज र काल्पनिक संसारको कल्पना गर्दछन् भने प्रयोगवादी उपन्यासमा सामान्य, निम्नवर्गीय, गरिब, निमुखा वर्गहरू रहने हुँदा मानिसका तत्कालीन जीवनका भोगाइहरूलाई छर्लङ्ग्याइएको हुन्छ । अनायक र अनायिकाको प्रयोग पनि गरिएको हुन्छ ।

समग्रमा भन्नुपर्दा प्रयोगवादी उपन्यासमा पात्र वा चरित्रले कुनै विशेषता अव्यवस्थित रूपले बुझाउन आएका हुन्छन् । प्रयोगवादी उपन्यासमा धेरै पात्रहरूको चयन हुने हुँदा नायक पत्ता लगाउन गाह्रो पर्छ । प्रयोगवादी उपन्यासमा सामान्य, निम्नवर्गीय, गरिब, निमुखा वर्गहरू रहने हुँदा मानिसका तत्कालीन जीवनका भोगाइहरूलाई छर्लङ्ग्याइएको हुन्छ ।

### २.४.१.४ परिवेशमा प्रयोग

देश, काल, समय, परिस्थिति, वातावरणलाई नै परिवेश भनिन्छ । कृष्णहरि बराल र नेत्र एटमले उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ भन्दै पर्यावरण एउटा परिस्थिति हो जसले पाठकलाई बाँध्ने काम गर्दछ भनी उल्लेख गरेका छन् (बराल र एटम, २०६६: ३२,३३) । उपन्यासमा कथावस्तु र पात्रको सिधा सम्बन्ध वातावरणसँग रहन्छ । परिवेशअन्तर्गत स्थान, समय, रीतिस्थिति, चालचलन, आचरण, विचार, रहनसहन, भेषभूषा, प्राकृतिक पृष्ठभूमि आदि पर्दछन् । परम्परावादी उपन्यास व्यक्ति जीवनअनुकरण उपन्यासमा हुने भएकाले व्यक्तिको जीवनमा घटेका घटनाहरूलाई उपन्यासमा समाविष्ट गरिने भएकाले वातावरण एक अनिवार्य तत्त्वका रूपमा देखापर्दछ । प्रयोगवादी उपन्यास व्यक्ति जीवनको अनुकरण नहुने तथा व्यक्ति जीवनका विसङ्गत पक्षलाई केलाउने हुँदा परिवेश पनि विसङ्गत तथा शून्य किसिमको हुन्छ । प्रयोगवादी उपन्यासमा उपन्यास लेखकसँग केही सम्बन्ध नराख्ने बरु पाठकसँग केही सम्बन्ध हुने हुँदा त्यसको रचना नवीन किसिमको हुन्छ । उपन्यासकारले कुनै पनि ठाउँको कुनै समयको कुनै परिस्थितिमा घटेका घटनालाई उपन्यासमा प्रस्तुत गर्दछन् । घटना प्रस्तुति उपन्यासको कल्पनासम्म गर्न सकिँदैन । कथावस्तुसँग सम्बन्धित सबै घटनालाई तत्कालीन सामाजिक, राजनैतिक, धार्मिक, सांस्कृतिक आदि पक्षले प्रभाव पारेको हुन्छ नै । प्रयोगवादी उपन्यासमा घटना हुन्छ तर सामान्य अनि झिनो रूपमा रहेको हुन्छ त्यसैले यी उपन्यासहरूमा कथावस्तुसँग असम्बन्धित भएर पनि घटना आउँछन् । यी उपन्यासमा परम्परावादी उपन्यासमा जस्तो सामाजिक, धार्मिक र सांस्कृतिक

पक्षको प्रभाव हुँदैन, केवल तत्कालीन सामाजिक तथा राजनैतिक घटना अति सानो हुन्छ, समय अति छोटो हुन्छ । परम्परावादी उपन्यासमा उपन्यासकारले उपन्यास रचना गर्दा विषयवस्तु, पात्र र वातावरणसँग पात्रको तालमेल गराएको हुँदैन । परम्परावादी उपन्यासमा उपन्यासको प्रकृतिअनुसारको परिवेश चित्रण गर्नुपर्छ जस्तै ऐतिहासिक र पौराणिक उपन्यासमा तदनुकूल भेषभूषा, आचरण, विचार, सामाजिक, मानसिक र सांस्कृतिक मान्यताअनुसारको परिवेश चित्रण गर्नुपर्छ । परिवेश सजीव र स्वाभाविक बनाउन उपन्यासकारले कुन स्थान, कुन समय र कुन परिवेशको हो, त्यसको निर्देशन दिनु उपयुक्त ठानिन्छ । प्रयोगवादी उपन्यास प्रकृतिअनुसारको परिवेश चित्रण हुँदैन, परिवेश निर्जीव र अस्वाभाविक पनि हुन सक्छ, परिवेशको निर्देशन दिनु उपयुक्त ठानिँदैन । प्रयोगवादी उपन्यासमा मानव जीवनको विसङ्गतिबोध तथा अस्तित्वको खोजी गरिने हुनाले समाज तथा राजनीतिको सूक्ष्म अध्ययन गरिएको हुन्छ । सिङ्गो मानव जीवन नै उपन्यासको परिवेशको रूपमा आएको हुन्छ ।

### २.४.१.५ विचार वा उद्देश्यमा प्रयोग

साहित्यिक कृतिको रचना गर्दा कुनै न कुनै उद्देश्य वा भाव प्रकट गर्नका लागि साहित्यकार वा स्रष्टाहरूले विभिन्न विधाका कृतिहरू रचना तथा सृजना गरेका हुन्छन् । संस्कृत साहित्यमा चतुश्वर्गफलको आशा गरिएको हुन्छ । चतुश्वर्गफलमा धर्म, अर्थ, काम र मोक्ष पर्दछन् । प्रयोगवादी संस्कृत साहित्यशास्त्रीका अनुसार चतुश्वर्गफलको आशा गरिएको हुँदैन । दयाराम श्रेष्ठले सौन्दर्यानुभूति ज्ञानको प्राप्तिद्वारा हृदयको विस्तार नै साहित्यिक प्रयोजन हुन् भनी उल्लेख गरेका छन् (श्रेष्ठ, २०५१: २६) । प्रयोगवादी उपन्यासले परम्परित उपन्यास तथा भाषा, वस्तु, शिल्प र कथ्यमाथि अतिक्रमण गर्ने हुनाले सौन्दर्यानुभूति ज्ञानको प्राप्तिद्वारा हृदयको विस्तार हुनुपर्छ भन्ने मान्यताको विरोध गर्दछ । परम्परित उपन्यास वास्तवमा विचारतत्त्वको मूल सम्बन्ध उपन्यासमा पात्रसँग नभएर लेखकसँग नै हुन्छ किनभने विचारलाई पात्रले व्यक्त गरे पनि विचार चाहिँ लेखककै हुन्छ । प्रयोगवादी उपन्यासमा लेखकका विचारलाई पनि पात्रले नै व्यक्त गरेका हुन्छन् । पात्र सामान्य, निम्न र अनायक प्रस्तुत गरिएको हुन्छ । यस्ता पात्रले विसङ्गति, अस्तित्व तथा शून्यभाव व्यक्त गर्न नसक्ने हुनाले प्रयोगवादी उपन्यासमा आएको विचार पाठकको हुन्छ । परम्परित उपन्यासमा मानव जीवनका सत् र असत् प्रकृतिमुलक द्वन्द्व प्रस्तुत गरी अन्त्यमा असत्

प्रवृत्तिको पराजय र सत् प्रवृत्तिको विजय देखाउँदै पाठकलाई सत् प्रवृत्तितिर लाग्न प्रेरित गर्ने उद्देश्य रहेको हुन्छ ।

प्रयोगवादी उपन्यासमा पनि मानव जीवनका शून्य, निस्सारता, विसङ्गत प्रवृत्तिहरू देखाइएको हुन्छ र प्रायः गरेर द्वन्द्वअन्तर्गत पात्रका आन्तरिक द्वन्द्व सक्रिय रहेको हुन्छ । परम्परावादी उपन्यासको जस्तो सत् र असत् पक्षको द्वन्द्व देखाइएको हुँदैन वा देखाइए पनि सूक्ष्म र क्षीण द्वन्द्व हुन्छ । परम्परावादी उपन्यासमा पाठकका नैतिकताको सन्देश प्रवाहित गरी सत्मार्गमा लाग्ने प्रेरणा दिनु, मनोरञ्जन प्रदान गर्नु, जीवनजगत्को यथार्थको प्रस्तुति गर्नु, ऐतिहासिक सत्यको उद्‌घाटन गर्नु आदि उद्देश्य रहेका हुन्छन् । प्रयोगवादी उपन्यासमा सत् असत् पक्षको उद्‌घाटन गरिएको हुँदैन । मानव जीवनका यथार्थ घटनाको उद्‌घाटन गर्नु र शून्यवादी, निस्सारवादी, विसङ्गत जीवनलाई सङ्गति र मानव जीवनको अस्तित्वको बोध गराइएको हुन्छ । तत्कालीन विसङ्गत समाज तथा राजनीतिलाई स्पष्ट्याइएको हुन्छ । त्यसैले प्रयोगवादी उपन्यासको विचार विसङ्गति नै रहेको र तत्कालीन युग जीवनका मानिसको अस्तित्वबोध रहेको हुन्छ ।

## २.४.२. शिल्पपक्षमा प्रयोग

प्रयोगवादले उपन्यासको शिल्पविधानमा समेत अतिक्रमण गर्दछ । परम्परित शिल्प विषयवस्तुको पछि लागेर आएको हुन्छ । विषयवस्तुलाई उजिल्याउनका लागि वा विषयवस्तुलाई स्तरीयता प्रदान गर्नका लागि शिल्प आएको हुन्छ । परम्परितभित्र भाषाशैली र त्यसको चयन र विचलन पर्दछ । त्यही सरल भाषाशैलीलाई साहित्यकारले विचलन गरी साहित्यिकता प्रदान गर्दछन् । कुमारबहादुर जोशीले प्रयोगवादी उपन्यासमा भाषाशैलीलाई भाँचेर र अनेक प्रयोगशील उपन्यास लेखन प्रणाली अपनाएर भाषिक विचलन गराइन्छ । त्यस्तै प्रयोगशील उपन्यास लेखनको शिल्प  क्लिष्ट र जटिल किसिमको हुन्छ । यसले परम्परित बिम्ब र प्रतीकको अस्वीकार गर्दछ । यसका सट्टा नवीन बिम्ब प्रतीकहरूको प्रयोग गरी शिल्पलाई, अतिशय यान्त्रिक, क्लिष्ट, दुष्कर बनाउने काम गर्दछ भनी उल्लेख गरेका छन्  (जोशी, २०६८: १२१) । त्यस्तै प्रयोगवादी साहित्य लेखनअन्तर्गत आउने शीर्षकविधान पनि प्रयोगशील हुन्छ । त्यस्तै प्रयोगशील लेखनले अनेक शिल्प विधिहरू अपनाउने क्रममा मिथकीय सन्दर्भलाई समेत आत्मसात गर्दछ । यिनै विभिन्न लेखन प्रविधिमा प्रयोगवादी उपन्यास लेखनको विश्लेषण गर्ने काम हुन्छ । प्रयोगवादी उपन्यास लेखनमा शिल्पपक्षअन्तर्गत अपेक्षा गरेका पक्षहरू निम्नानुसार छन् ।

### २. ४.२.१.भाषाशैलीमा प्रयोग

प्रयोगवादी साहित्यिक मान्यताले परम्पराभन्दा भिन्न भाषिक मूल्यको अपेक्षा गरेको हुन्छ । परम्परित साहित्यले जे जस्तो भाषिक पक्षको खोजी उपन्यासमा गरेको हुन्छ, प्रयोगवादी साहित्यले त्योभन्दा भिन्न भाषिक शैलीको खोजी गरेको हुन्छ । घनश्याम कँडेल उपाध्यायले परम्परागत साहित्यमा भाषाशैलीअन्तर्गत शब्दयोजना र वाक्यविन्यासलाई लिएको पाइन्छ भनी उल्लेख गरेका छन् (उपाध्याय २०६१: १४५) । शब्द र वाक्यहरू जति सहज, स्वाभाविक, सार्थक र सुगठित हुन्छन् उपन्यासको भाव पक्ष पनि त्यतिकै सशक्त र जीवित बन्दछ भन्ने मान्यता राख्दछ । त्यस्तै परम्परित उपन्यास लेखन लोक व्यवहार अनुरूपको भाषाको अपेक्षा गरेको हुन्छ । उपन्यासमा देशकाल, परिस्थिति र मनोभावना अनुकूलको भाषाको प्रयोग गर्नुपर्दछ भन्ने मान्यता राख्दछ । प्रयोगवादी उपन्यास लेखन यही मान्यतालाई भत्काउन उद्धत देखिन्छ । यस्तो शास्त्रीयताको विरोध गर्नु प्रयोगशील उपन्यासको भाषा प्रयोगगत विशेषता हो । परम्परित उपन्यासमा सामान्य पात्रले बोल्ने भाषा फरकफरक किसिमको सुहाउँदो हुनुपर्छ भन्ने मान्यता राख्दछ भने प्रयोगवादी उपन्यास लेखनले त्यस्तो मान्यता राख्दैन । परम्परित उपन्यास लेखनमा उपन्यास साहित्यको आख्यानात्मक विधा भएकाले यसमा प्रयोग भएका भाषाशैली अत्यन्त सहज र सान्दर्भिक देखिन्छ तर प्रयोगवादी उपन्यास लेखनमा बोलीचालीको भाषाको प्रयोगले उथलपुथल बनाउँछ । परम्परित उपन्यासको भाषाशैली उपन्यासीय कार्यव्यापारमा भूमिका खेल्ने पात्रको बौद्धिक धरातल भएका वा फरक फरक चेतना स्तर भएका व्यक्तिको भाषा प्रयोगमा विविधता देखिनु स्वाभाविक ठान्दछ भने प्रयोगवादी उपन्यास लेखनमा सबै पात्रको एकै किसिमको भाषाशैलीको प्रयोग गरिएको हुन्छ र ग्रामीण भाषा वा स्थानीय भाषा सशक्त रहेको हुन्छ । परम्परित उपन्यास लेखनमा एउटै व्याक्तिले भिन्न भिन्न परिस्थितिको प्रयोग गर्ने भाषाका बिचमा फरक देखिन सक्छन् । प्रयोगवादी उपन्यास लेखनमा कुनै पात्रको हरेक परिस्थितिमा भाषाशैली एकै किसिमको हुन्छ । विषयवस्तु वातावरण आदिले पनि भाषा प्रयोगमा विविधता ल्याउँछ । प्रयोगवादी उपन्यासले विषयवस्तु र वातावरणको भाषामा कुनै विविधता ल्याउँदैन, किनकि प्रयोगवादी उपन्यासले मान्छेहरूका अस्तित्व तथा विसङ्गतिको खोजी गर्दछ । परम्परित उपन्यासमा सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, मनोवैज्ञानिक आदि उपन्यासहरूमा भाषिक विविधता सहजै देख्न सकिन्छ । प्रयोगवादी उपन्यासमा

सामाजिक यथार्थवादी, स्वच्छन्दतावादी, मनौवैज्ञानिक कुनै पनि उपन्यास भए पनि यसमा भाषिक विविधता हुँदैन । परम्परावादी उपन्यासमा ग्रामीण वातावरणमा हुर्केको व्यक्ति पात्रले प्रयोग गर्ने भाषा र शहरीया एवम् शिक्षित वातावरणमा हुर्केको पात्रले बोल्ने भाषामा भिन्नता पाइनु स्वाभाविक देखिन्छ । प्रयोगवादी साहित्य/उपन्यासमा बेटोल्ड ब्रेख्तले अघिसारेका वीइ फेल्ट थेवरीको पालना गरिएको हुन्छ । पूर्वीय आचार्यहरूले साहित्य/उपन्यासमा प्रयोग गर्ने भाषाको चर्चा गर्दै उत्तम, मध्यम र अधम पात्रानुकूलको भाषामा जोड दिएका छन् ।

समग्रमा प्रयोगवादी उपन्यासमा एकै किसिमको वा सामान्य पात्र हुने हुनाले मध्यम किसिमको भाषा प्रयोग गरिएको हुन्छ । परम्परावादी साहित्य, उपन्यासमा भाषा सुबोधता, स्पष्टता, मधुरता एवम् सजीवता हुनुपर्ने कुरा बताएका छन् तर प्रयोगवादी उपन्यासमा भाषा सुबोधता, मधुरता, स्पष्टता एवम् सञ्जीवता हुँदैन । भाषिक विनिर्माण गरिएको हुन्छ । भाषा व्याकरणको विचलन गरिएको हुन्छ ।

### २.४.२.२ . बिम्ब र प्रतीकमा प्रयोग

प्रतीकले अव्यक्त र अमूर्त भावलाई व्यक्त गर्न सहयोग पुऱ्याउँछ । प्रतीक आँखाले देख्न नसकिए पनि त्यसका पछाडि जहिले पनि अमूर्त आकारको सङ्केत निहित रहन्छ । परम्परित उपन्यासमा यसको प्रयोग कलात्मक उत्कर्षता प्राप्तिका लागि तथा भाव सम्प्रेषणका लागि गरिनु उपयुक्त ठानिन्छ । प्रयोगवादी उपन्यासमा यसको प्रयोग बढी मात्रामा गरिएको हुन्छ । साहित्यिक अभिव्यक्ति दिँदा सामान्य शब्दद्वारा जसरी प्रभावकारी ढङ्गबाट सम्भव हुँदैन त्योभन्दा बढी प्रतीकात्मक शब्दको प्रयोगले प्रभावपूर्ण र कलात्मक बनाउँछ भन्ने प्रयोगवादी उपन्यासकारको मान्यता रहेको हुन्छ । उपन्यासलाई फराकिलो बनाउन सहयोगी बन्ने प्रतीकबाट कलात्मकतामा अभिवृद्धि हुने भएकाले प्रयोगको महत्त्व बढ्ने सम्भावना रहन्छ भन्ने मान्यताले प्रयोगवादी उपन्यासमा अत्यधिक प्रतीकको प्रयोग गरिएको हुन्छ । दयाराम श्रेष्ठले अर्थ प्रस्तुतिको माध्यमको भूमिका खेल्ने हुनाले यसले निहित अर्थको गहिराइमा पुऱ्याउँछ भनी उल्लेख गरेका छन् (श्रेष्ठ, २०३९: १७६) प्रतीकको प्रयोजन पाठक/दर्शकमा रहेको सुषुप्त चेतनालाई जागृत गराएर कुनै न कुनै प्रभाव सञ्चार गर्नका लागि उपन्यासमा प्रयोग गरिएको हुन्छ । जेनरी ह्वार्थनले प्रतीकलाई केवल साहित्य र कलामा मात्र सीमित राख्नु हुँदैन भनेका छन् (ह्वार्थन, १९९७: ६२) । प्रयोगवादी उपन्यासका प्रतीक मानव संस्कृतिको जानकारी गराउने काममा केन्द्रित देखिन्छ ।

परम्परावादी उपन्यासमा वैयक्तिक र सार्वभौमिक प्रतीक सीमित मात्रामा प्रयोग गरेका छन् भने प्रयोगवादी उपन्यासकारहरूले यी दुईओटै प्रतीकहरूलाई मान्छेका अस्तित्व र विसङ्गतिबोधको चेतना प्रवाह गर्ने हुनाले अत्यधिक मात्रामा प्रयोग गरेका हुन्छन् । वैयक्तिक प्रतीकको मौलिक सृजना मानिन्छ भने यसको प्रयोग उपन्यासकारले आफ्नो परिवेश र अनुभूतिअनुसार सृजना गरेको हुन्छ भने उपन्यासकारले आफ्नो परिवेश र अनुभूति अनुसार प्रयोग गरेको हुन्छ । सार्वभौमिक प्रतीक विश्वव्यापी तथा विश्वजनीन हुन्छ । यो सर्वग्राह्य वैयक्तिक प्रतीक उपन्यासकारको मौलिक सृजना मानिन्छ भने यसको प्रयोग उपन्यासकारले आफ्नो परिवेश र अनुभूतिअनुसार सृजना गरेको हुन्छ । सार्वभौमिक प्रतीक विश्वव्यापी तथा विश्वजनीन हुन्छ । यो सर्वग्राह्य र बोध्य हुन्छ जसको एउटै सन्दर्भ र एउटै अर्थमा प्रयोग गरिने हुन्छ । प्रयोगवादी उपन्यासमा वैयक्तिक र सार्वभौमिक समान रूपले प्रयोग गरिएको हुन्छ । किनकि प्रयोगवादी उपन्यासमा प्रतीकवादी, बिम्बवादी, अस्तित्ववादी, विसङ्गतिवादी सबैको प्रभाव परेको हुन्छ । प्रतीकहरू सबै ठाउँमा एउटै अर्थमा प्रयोग हुन सक्दैनन् । परम्परावादी उपन्यासकारहरूले संस्कृतिअनुरूप अलगअलग प्रयोग गर्दछन् । प्रयोगवादी उपन्यासकारहरू सबै जात, धर्म, वर्ग, समाज, संस्कृति समान रूपले हेर्ने हुनाले यसरी प्रयोग गर्दैनन् ।

बिम्बलाई मानिसहरूको मस्तिष्कमा पर्ने छायाँ वा नक्साको रूपमा लिइन्छ । यसलाई परम्परावादी उपन्यासकारहरू सीमित मात्रामा प्रयोग गर्छन् । कृष्णहरि बराल र नेत्र एटमले बिम्बले भाषा र कथ्यलाई एकाकार पार्दछ जसले गर्दा कथ्यको क्षेपणको अन्तिम साधनका रूपमा उपन्यासले बिम्बको प्रयोग गर्दछ र पात्रको मनस्थिति पनि बिम्बकै सहारामा व्यक्त हुने हुँदा वस्तुगतताबाट मानस रूपमा पुग्ने कलात्मक पुल पनि बिम्ब मात्र हुन सक्छ भन्दै आधुनिक उपन्यासमा बिम्बले मनोरचना एवम् मस्तिष्कको गाँठो फुकाउने काम अत्यन्त प्रभावकारी ढङ्गले गरेको हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् ( बराल र एटम २०६६: ४२) । उपन्यासको आस्वादनका क्रममा पाठक/दर्शकका मस्तिष्कमा कुनै घटना, स्थान, चित्र, छायाँ वा नक्सा सृजना गर्ने कार्य बिम्बद्वारा हुन्छ । बिम्बविधान मार्फत कुनै अमूर्त कुरालाई मूर्त रूप दिन सहयोग प्राप्त गर्ने हुनाले प्रयोगवादी उपन्यासकारहरूले अत्यधिक प्रयोग गरेका हुन्छन् । अमूर्त वस्तुलाई मूर्त रूप दिन अमूर्तकै प्रयोग गरिने हुनाले प्रयोगवादी उपन्यासकारहरू यसको बढी प्रयोग गर्दछन् । प्रयोगवादी उपन्यासमा भाषा व्याकरणको विचलन गरिने हुँदा बिम्बको सृजना विविध तरिकाबाट हुन्छ । परम्परावादी

उपन्यासमा बिम्बको प्रयोग विविध तरिकाबाट गरिने हुँदा भाषा प्रयोगका दृष्टिले पनि सामान्य प्रयोगको भाषाभन्दा ज्यादा मसिनो र संवेदनशील हुने गर्दछ । बिम्बको भाषा संवेदनका नजिक रहने हुँदा यसले मानव हृदयलाई स्पर्श गर्दछ । यसले उपन्यासमा नयाँ आयाम कायम गरी साहित्यिक क्षमताको अभिवृद्धिमा सहयोग पुऱ्याउने हुनाले परम्परावादी उपन्यासकारले प्रयोग गरेका हुन्छन् । बिम्बले भावसँग मिसिएर बग्ने तत्त्वका रूपमा रहेको प्रयोजनपश्चात् भाषा बढी संवेदनशील प्रभावकारीता तथा सबल बन्नुका साथै बिम्बमा भाव र स्पर्श कथ्यलाई कलात्मकताका साथ अभिव्यक्ति दिने सामर्थ्य बोकेको हुन्छ । बिम्ब कलाको भाषा भएकाले प्रतीकात्मक भाषालाई पनि लिन सकिने हुनाले प्रयोगवादी उपन्यासकारहरूले बिम्ब प्रतीकको प्रयोग गरेका हुन्छन् ।

### २.४.२.३. शीर्षकमा प्रयोग

शीर्षक कुनै पनि साहित्यिक कृतिको अभिन्न तथा मुख्य अङ्गका रूपमा रहेको हुन्छ । दयाराम श्रेष्ठले शीर्षकबिनाका साहित्यिक कृतिहरू नामबिनाको मान्छे जस्तै हुन्छन् भनेका छन् (श्रेष्ठ, २०३९: १५०) । शीर्षकले साहित्यिक कृतिको परिचय दिने गर्दछ ।

परम्परावादी उपन्यास मान्यता वा सिद्धान्तले शीर्षक नै आलङ्कारिक हुनुपर्छ भन्ने मान्यता राख्दछ । तर प्रयोगवादी उपन्यासमा शीर्षक आलङ्कारिकभन्दा व्यङ्ग्यार्थ हुन्छ । प्रयोगवादी उपन्यासमा शीर्षक क्लिष्ट, दुरुह जटिल प्रकृतिको हुन्छ । परम्परावादी उपन्यासमा उपन्यासको कथावस्तुको घटनाक्रम, पात्र वा विचारलाई अँगालेर शीर्षक चयन गरिएको हुन्छ । प्रयोगवादी उपन्यासमा तत्कालीन मान्छेका युग जीवनको विसङ्गतिबोध तथा अस्तित्वको खोजी गर्ने खालका शीर्षक चयन गरिएको हुन्छ । प्रयोगवादी उपन्यासको शीर्षक बिम्बात्मक तथा प्रतीकात्मक रहेको हुन्छ । कुनै-कुनै प्रयोगवादी उपन्यासमा व्यङ्ग्यात्मक शीर्षक पनि रहेको पाइन्छ ।

## २. ५ निष्कर्ष

प्रथम विश्वयुद्धोत्तर आधुनिकतावाद सुरु हुन्छ । यो आधुनिकतावादसँग यथार्थवाद, दादावाद, प्रतीकवाद, अतियथार्थवाद तथा भाषा, साहित्य, समालोचनामा आफ्नो अस्तित्व कायम राख्छन् भने द्वितीय विश्वयुद्धोत्तर विसङ्गति, अस्तित्व, शून्यवाद उत्तर आधुनिकताका पूरक भएर आउँछन् । प्रयोगवाद कुनै वाद नभएर भाषा, साहित्य, समालोचनामा नवीन

प्रयोगका साथ आएको पाइन्छ । त्यसकारण यसको जन्म कहाँ, कसरी भयो भन्ने प्रश्नको उत्तर खोज्न मुस्किल पर्छ ।

परम्परित उपन्यासले मानव जीवनजगत्को यथार्थको अनुकरण हुनुपर्छ भन्ने मान्यता राख्दछ । उपन्यासको कथावस्तु विशाल अनुकरणीय नायक कुलीन हुनुपर्छ, नायिका पनि त्यस्तै, अनि भाषाशैली आलङ्कारिक, शिष्ट तथा उच्च किसिमको हुनुपर्छ भन्ने मान्यता राख्दछ । विचार पनि पाठक तथा दर्शकलाई नैतिक शिक्षा प्रदान र सत् प्रवृत्तितिर लाग्न अभिप्रेरित गर्ने खालको हुनुपर्छ भन्ने मान्यता राख्दछ ।

परम्परित साहित्यले मानव जीवनका उच्च, भव्य, प्राकृतिक अनुकरणको अपेक्षा राखेको हुन्छ । परम्परित साहित्यमा विषयवस्तुको पछाडि शिल्प आएको हुन्छ । यसमा अन्वितित्रयको परिपूर्ण रूपमा पालना गरिएको हुन्छ भने यसमा विषयवस्तु प्रधान रहेको हुन्छ । यसका पछि शिल्प सौन्दर्य गौण भएर आएको हुन्छ । विषयको उत्कृष्टतालाई शिल्पले अभिव्यञ्जित गर्दछ । यसले साहित्यिक लेखनले अपेक्षा गरेको र यावत् चारित्रिक विशेषताहरूको उपेक्षा गरेको हुन्छ । परिवेशविधान अन्तर्गत अन्वितित्रय, स्थान, काल वा कार्यका बिचको एकतालाई यसले अपेक्षा गरेको हुन्छ । यसले भाषाशैलीअन्तर्गत शब्दयोजनाको विन्यासलाई लिएको पाइन्छ । यसले लोकव्यवहार अनुकूलको भाषाको अपेक्षा गरेको हुन्छ । परम्परावादी उपन्यासमा बिम्ब, प्रतीकहरूको सीमित मात्रामा प्रयोग गरिएको हुन्छ । विषयवस्तुअनुरूप फरक फरक परिवेशमा फरक फरक बिम्ब प्रतीकको प्रयोग गरिएको हुन्छ । परम्परावादी उपन्यासमा बढी मात्रामा पौराणिक र ऐतिहासिक मिथकको प्रयोग गरिएको हुन्छ । यसको शीर्षक पनि उपन्यासको कार्यकारण सम्बन्धसँग मेल खाने खालको हुनुपर्दछ भन्ने मान्यता राख्दछ ।

प्रयोगवादी साहित्य लेखन परम्परित साहित्य लेखनको विरुद्धमा आएको हुनाले यसकै विरोध पक्षमा रहेको हुन्छ । इतिहास र पुराकथालाई आधार तुल्याएर समकालीन समाजको प्रतिबिम्ब उतार्ने प्रयास गरेको हुन्छ । प्रयोगवादी उपन्यासले जीवनमा अनुभव गरिएका तर ध्यानमा नराखिएको, नभोगिएको पक्षबारे सोंच्न बाध्य पार्छ । मिथकको सामाजिकीकरण र सामाजिक सन्दर्भको मिथकीकरण गरी मिथक वा कुनै आधुनिक रचनाको विनिर्माण गरिन्छ । नयाँनयाँ बढीभन्दा बढी निजिपनले भरिएका मौलिक एवम् प्रामाणिक वा आधिकारिक उपन्यास लेखनको खोज गरिन्छ । नयाँ विषयवस्तु, शिल्प र कथावस्तुको खोज गरिन्छ । नयाँनयाँ बिम्ब, प्रतीक तथा संक्षिप्त र सशक्त संवाद एवम् जीवन्त चरित्रका

माध्यमबाट प्रेक्षकका दैनिक जीवनका आन्तरिक पक्षलाई उपन्यासमा प्रस्तुत गर्ने प्रयास गरिन्छ । समकालीन समाज, राजनीति, विसङ्गति, आडम्बर र विकृतिमाथि कठोर व्यङ्ग्य गर्दछ । आख्यानहीन वा कथानकहीन उपन्यास परम्परा थालनी गरी अकथानकमा जोड दिन्छ । कथालाई अकथा र चरित्रलाई अचरित्र तुल्याउँदै उपन्यासलाई अउपन्यासका रूपमा प्रस्तुत गर्दछ । पात्र वा चरित्रको नामकरण गर्दा क, ख, ग, ऊ, ए, बी, सी, त्यो आदिले काम चलाइन्छ । आधिकारिक कथानकको प्रासङ्गिक संयोजन गरी कुनै एक कथा वा घटनाको साटो समकालीन जीवनको व्यापक चित्र प्रस्तुत गर्ने घटना उपघटनाको ठाउँमा समकालीन जीवनको व्यापक चित्र प्रस्तुत गर्ने घटना उपघटना एवम् उपन्यासीय स्थितिहरूलाई एउटै उपन्यास संरचनाअन्तर्गत संयोजित गरी जीवनगत विसङ्गति र सन्त्रासलाई स्थापित गर्दछ । घटना वा चरित्रलाई नभएर वरिपरिको परिवेशलाई व्यापकतामा चित्रित गर्ने प्रयास गरिन्छ । बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्वलाई महत्त्व दिई गतिमयताको साटो गतिहीनता अनि कार्यमयताको साटो कार्यहीनता अँगाल्दै अमूर्त शैलीको प्रयोग गर्दै उपन्यास चक्रीय बनाइएको हुन्छ । कल्पनाका साथै स्वैरकल्पनाको निर्बन्ध प्रयोग गरी विसङ्गत कारुणिक र व्यङ्ग्यात्मक क्षणको भाषाशैली, शिल्पका साथै परम्परित मूल्य र मान्यताप्रति विद्रोह देखाइन्छ ।

प्रयोगवादी साहित्य लेखन परम्परित साहित्य लेखनको विरुद्धमा आएको हुँदा कथावस्तु, पात्र, भाषाशैली, संवाद आदिको विनिर्माण गरिएको हुन्छ साथै भाषा व्याकरणको प्रयोगमा नवनव मान्यता खोज्दछ र परम्परित भाषा व्याकरणको पूर्ण विरोध नै गर्न खोज्छ । मानव जीवनका अस्तित्वको खोजी निस्सारता, विसङ्गत तथा शून्य जीवनको चित्राङ्कन गर्दछ ।

# तेस्रो परिच्छेद

## 'आज रमिता छ' उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारमा प्रयोग

### ३.१ विषयप्रवेश

यस परिच्छेदमा इन्द्रबहादुर राई (१९८४) को **आज रमिता छ** उपन्यासमा संरचना, कथानक, चरित्र, परिवेश, विचार आदिमा सम्बन्धित भएर के कस्तो प्रयोगशीलता भेटिन्छ भनी खोजी गर्दै के-कस्तो नवीन प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

### ३.२ 'आज रमिता छ' उपन्यासको संरचनामा प्रयोग

**आज रमिता छ** उपन्यासको कथावस्तु असङ्गठित भएको देखिन्छ । यसमा भएका अन्य उपकथाहरूलाई सचेत रूपमा अगाडि बढाउने कार्य पनि गरिएको छैन । उपन्यासका खण्डहरूलाई लामो अनुच्छेद विश्रामका रूपमा लिएको छ । त्यसैले यो उपन्यासको प्रयोगशील पक्ष हो । यस उपन्यास परिच्छेद विभाजन गर्दा कुनै चीन्ह, अङ्क, अक्षर आदिले नछुट्याइएको परिच्छेद परिवर्तन गर्दा दुई पङ्क्तिसम्म छोडेको र उपन्यासको अन्त्य गर्दा तारा चीन्हले सङ्केत गरिएको छ । यस उपन्यासमा घटनालाई भन्दा चरित्रलाई बढी महत्त्व दिइएको छ । यसको सारवस्तु विशृङ्खलित छ । यो पनि यस उपन्यासको प्रयोगशील पक्ष हो । यस उपन्यासमा कथावस्तुको आदि, मध्य र अन्त्य क्रमिक रूपमा विकास भएको छ तर परम्परित उपन्यासभन्दा भिन्न तरिकाको रहेको छ । यो पनि प्रयोगशील पक्ष हो ।

यस उपन्यासले पृथक जीवनको मूल्यलाई बोकेर आएको हुँदा यस उपन्यासमा कार्यकारण शृङ्खला पनि व्यवस्थित भएको छैन । पात्रको आगमन र बहिर्गमन कसरी हुन्छ केही थाहा नहुनु, जस्तैः

जनकले एक-दुई साल नाफा खोज्नु हुँदैन हामीले । शमशेरलाई भनेका छन् । नैनक्लाठको सेतो सुरुवाल कमेजमाथि कालो शेरवानी लगाएर शमशेर दोकानमा बस्छन् । खुब खट्छन् । ...... दोकानको किराया, नोकारचाकारको वेतन, कलकत्ता बम्बई गएको खर्च, इन्कमटचाक्स सब जोडेर हेर्दा जनक, शमशेर, जयविलास तीनै जना गालामा हात लाउँछन् (पृ. १४-१५) । ऐलैतक त खूब राम्रो बिक्री छ । दोकानको क्लर्क काम गर्ने देवबहादुरले भन्यो (पृ. १५) । यसमा शमशेर र देवबहादुर बिचमै आएर बिचमै हराएको छ । यो पनि यस

उपन्यासमा रहेको प्रयोगशील पक्ष हो । यस उपन्यासमा धेरै चरित्रका धेरै घटना सन्दर्भहरू गाँसिएर आए तापनि जनकको विवशताले नै उत्कर्षता प्राप्त गरेको छ तापनि यो पूर्णतः विसङ्गत छ यो हुनु पनि यस उपन्यासको प्रयोगशील पक्ष हो ।

यस उपन्यासको कथानकमा घटनाको क्रमबद्धता पाइँदैन, जस्तैः पहिले जनकका बाबुले ट्रकको प्रसङ्ग ल्याउनु, त्यसको लगत्तै त्यो ट्रकको प्रसङ्ग हराएर जनकको पढाइको प्रसङ्ग आउनु, त्योसँगै जनकको बाबुको घेवाको प्रसङ्ग आउनु आदि । यसको घटना अथवा कार्यकारण विशृङ्खलित रहेको छ । परिच्छेद नछुट्ट्याएर लेखिएको, एउटै परिच्छेदमा एउटाको कथा, अर्कोको कथा भएको र मुख्य नायक नायिकाको कथावस्तु विशृङ्खलित रहेकाले पनि यस उपन्यासमा कथानकलाई प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको शृङ्खलामा बाँड्न सजिलो छैन । यो पनि यस उपन्यासमा गरिएको नवीन प्रयोग हो । जसरी परम्परित उपन्यासको कथावस्तुलाई नायक नायिकालाई आधार मानेर सरसर्ती भन्न सकिन्छ, त्यस्तो अवस्था यस उपन्यासमा छैन । यो पनि यस उपन्यासमा पाइने प्रयोगशील पक्ष हो । संरचनामा परिच्छेद परिर्वतन गर्दा खेरी कुनै अङ्क, अक्षर, सङ्केत चीन्ह प्रयोग नगरिएको आदि यस्ता कारणले गर्दा यो उपन्यासको संरचनामा प्रयोगशीलता भेटिन्छ ।

## ३.३ 'आज रमिता छ' उपन्यासको विषयवस्तु तथा कथानकमा प्रयोग

**आज रमिता छ** उपन्यासको प्रारम्भ धुलाले धुस्रिएको कोलाहलमय सिलगुडी बजारलाई उत्तरान्त लेबोङ गोलटारको टाटोसँग वृष्टिपछि कालो भई चम्कने कार्टरोडले अनेक भीर, पहरा, घुमाउरा डाँडा छिचोल्दै गएर जोडेको छ भन्दै लेखकले सुरु गरेको छ (पृ. १) । जनकका बाबुले ट्रक बेचिखाइनस् भने यसैले तँलाई पाल्छ भन्ने अभिव्यक्ति दिएका छन् (पृ. २) । यिनै वाक्यबाट कथानकको विकास भएको छ । चियाकमानका कामदारहरूले म्यानेजरलाई कुट्नु अघिसम्मका घटनाक्रममा यो प्रक्रिया रहन्छ । चियाको दोकान खोलेर बसेका जनकका बाबु आमाको दैनिकी सोही पसलमा आलु, चना, भटमास दिउँसोमा बेच्ने र रातिमा ड्राइभरहरूलाई रक्सी बेच्ने, तास खेलाउँदै बत्ति बालेको पैसा उठाउने कामबाट चलिरहेको थियो । जनकका बाबुले त्यसै आम्दानीबाट नै जनकलाई पढ्न पठाएका थिए । यसै घटनाक्रमका आधारमा नै उपन्यासको घटना विकास भएको छ । इन्द्रबहादुर राईका कतिपय रचनाहरू परम्परावादी साहित्यिक मान्यताभन्दा भिन्न प्रयोग गरी लेखिएका हुन्छन् । राईका रचनाहरूमा विसङ्गतिवादी, अस्तित्ववादी, निस्सारता तथा शून्यताको बोध

गरिएको हुन्छ । राई साहित्यिक रचनाका क्षेत्रमा परम्परित मान्यता जस्तो नीतिपरक तथा समाजपरक नभएर साहित्य व्यक्तिपरक अथवा मानव जीवनका विसङ्गति तथा अस्तित्वलाई मान्यता दिनुपर्छ भन्ने कुराले उनका साहित्यिक रचनाहरू अभिप्रेरित भएका हुन्छन् । यो मान्यतासँगै उनको उपन्यासमा नवीन प्रयोगको खोजी गरिएको छ ।

परम्परित उपन्यासले वस्तुविधानलाई प्राथमिकता दिएको हुन्छ भने प्रयोगवादी उपन्यास लेखनले मानव जीवनका तात्कालिक समस्याहरूलाई उजागर गरेको देखिन्छ । यस्तो लेखनमा प्रथम तथा द्वितीय विश्व नरसंहारकारी महायुद्धले मानिसको जीवनमा ल्याएको अस्तित्व, विसङ्गति तथा निस्सारताबोध ध्वनित भएको हुन्छ । मान्छेको जीवन विशृङ्खलित र अस्तव्यस्त रहेकाले त्यस्तो विशृङ्खलित र अस्तव्यस्त जीवनलाई प्रस्तुत गर्ने कथानक पनि अस्तव्यस्त र विशृङ्खलित हुनुपर्छ भन्ने मान्यता प्रयोगवादी साहित्यले राख्दछ । लेखकले आफ्नो भूमिकामा मैले देखेँ जीवन चलिरहेछ तर सुव्यवस्थित भई यो ठिक्क ठिक्क मिलेर चलेको छैन । यो उपन्यासलाई मैले त्यसरी नै नमिलाएको छु भन्ने विचार प्रकट गरेबाटै लेखक स्वयम्को भूमिकाबाट उपन्यासको कथावस्तु मिलेको छैन भन्ने पुष्टि हुन्छ । परम्परित साहित्यको कथावस्तुको कार्यकारण सम्बन्ध मिलेको हुनुपर्छ । परम्परित मान्यताअनुसार उपन्यासमा घट्ने घटनाहरू योजनाबद्ध हुनुपर्छ भन्ने रहेको छ । प्रयोगवादी उपन्यासमा कथावस्तुको कार्यकारण सम्बन्ध हुँदैन र घटनाहरू पनि योजनाबद्ध हुँदैनन् ।

परम्परित उपन्यासको जस्तो कथानकमा सङ्गति नहुनु, यथार्थ अङ्कनको विशिष्ट प्रयत्न हुनु, आङ्गिक एकता नपाइनु, यसमा धेरै व्यक्तिका जीवनको कथा हुनु यस उपन्यासमा भएको एउटा नवीन प्रयोग हो । यो उपन्यास दार्जिलिङे नेपाली समाजका आर्थिक, राजनैतिक, सामाजिक बनोटको समेत उपन्यासमा तस्वीर खिचिएको छ । विशेष गरी भारतीय स्वतन्त्रता सङ्ग्रामोत्तर भारतीय नेपाली समाजको प्रतिबिम्बन यस उपन्यासमा भएको छ । यसको कथावस्तु यथार्थ धरातलमा उभिएको छ तर पनि यो यथार्थ पूर्णतः विसङ्गत छ, यो पनि यस उपन्यासको प्रयोगशील पक्ष हो । जनक पढ्न गएकै बेला सीतासँग नजिकिन पुगेको छ । जनकले सीतालाई लेखेको पत्रको वाक्यका आधारमा प्रष्ट गर्न सकिन्छ । यी दुवैबिच मायाप्रिति बस्न थालेको देखिन्छ । सीताले जनकलाई लेखेको पत्रमा मेरो भन्दा हजार गुणा प्यारो मलाई हजुरको प्राण लाग्छ (पृ. ४) । भन्ने अभिव्यक्तिमा प्रेमको पराकाष्ट देखिन्छ (पृ. ४) । एक वाक्यमा जनकले समस्त विश्वसाहित्य र

समर्पणको अनुभव गरेर प्रतिउत्तरमा उसले लेखेको पत्रबाट थाहा हुन्छ । पत्रको केही अंश तल उल्लेख गरिएको छ ।

> पनि होइन । अङ्कमालमा बाँधिएर एक
>
> अर्काको मुहारमा हेरिरहनु प्रेम हैन सीता ।
>
> दूरस्थ उभिएर पनि एकै दिशातिर फर्कि
>
> एउटै लक्ष्य राख्नु पो प्रेम हो । आजको मेरो (पृ.४)

त्यसैले सीता हिउँदोदेखि जनकको घरमा बस्न थालेबाट कथावस्तुमा विसङ्गतिसँगै नवीन प्रयोग पाइन्छ । कथानक जनकको जीवनबाट सुरु भई सीता, रवि, एम. के., नामग्येल, यमुना, भूदेव आदि पात्रहरूसँग सम्बन्धित हुँदै आए पनि आद्यन्त उपस्थिति जनककै देखिन्छ । अरु धेरैजसो बिचमै देखिएर बिचमै हराएका छन् । जनकको जीवनसँग सम्बद्ध कथानकको प्रतिस्पर्धी अन्य कथानक देखिँदैनन् । यस उपन्यासको कथानकमा क्रमबद्धता देखिँदैन त्यसैले यो पनि नवीन प्रयोग हो । यस उपन्यासमा स्रष्टाले पौराणिक बाबु र छोरीको मिथकलाई आधुनिक समाजको यथार्थ मिथकमा परिणत गरी जनक र सीतालाई पति र पत्नीको सम्बन्धमा स्थापित गरिदिएका छन् र कथावस्तुलाई विसङ्गत तुल्याइदिएका छन् । यो पनि यस उपन्यासको प्रयोगशील पक्ष हो ।

मासिक एक सय त्रिहत्तर रूपैँया तलब आउने ब्याङ्कको नोकरी छाडेर व्यापार गर्न थालेको जनक सबैसँग मैत्रीपूर्ण व्यवहार गर्दछन् । हैदरावाद भारतीय सङ्घमा समाविष्ट भएकै हप्तादेखि जनकले कन्ट्रोल दोकान पनि चलाएका छन् । सब-सब-सबसँग जनकको व्यवहार मैत्रिपूर्ण । जनक कसैलाई तेल लाउदैँन, न कसैलाई थुक्छ । समता उसको श्रेष्ठ नीति । रातको अन्धकारमा बस्ताका बस्ता आतप चामल बेपत्ता हुन्थे । चिनी, आँटा, मट्टीतेल, साबुन दोब्बर-तेब्बर दाममा खुसीसाथ लगिहाल्न पाए जनता आफ्नो शुभभाग्य मान्थे (पृ. ५) । सुरुमा गान्धीवादी देखिएको जनकपछि सङ्कटावस्थामा खाद्यान्नको कालोबजारी गरेर धन कमाउने गरेको देखिन्छ, जसले गर्दा समाजका विकृति विसङ्गति पक्षहरूलाई उजिल्याउन खोजिएको छ । मुसोलिनीका फासिस्टहरूले ग्रीसमा आक्रमण गरेको कुरामा विरोध गर्ने जनक युद्धकालीन समयमा दोब्बर-तेब्बर मूल्यमा सामान बेच्न पछि पर्दैनन्, यसकारणले पनि समाजका विकृति विसङ्गतिहरूलाई प्रस्ट्याइको छ । यो पनि यस

उपन्यासमा भएको नवीन प्रयोग हो । कान्छी श्रीमती ल्याएर धनकुटादेखि मधेश झरेको जनकको ससुरा धर्मप्रसादले नामअनुसारको धर्म नगरेर पापकर्म मात्र गरेको छ । तराईका धिमाल वस्ती उठिबास लगाउने, कसैको राम्रो खेत देख्यो भने मुद्दा लगाएर रातारात लखेट्ने न्याय हराए गोरखा जानु तर न्याय नपाउने हो भने गोरखा राजमै बसिरहनु भन्ने भनाइबाट उसको अत्याचारी पनले समाजका विकृति विसङ्गतिहरूलाई प्रस्ट्याइएको छ । यो पनि यस उपन्यासमा भएको नवीन प्रयोग हो । जनकको घरमा बसेका वीरमानले घर जाने कुरा गर्दा तीनवटी श्रीमती ल्याएको बाबु भनाउँदालाई के मरिमेटेर भेट्न जान्छस् भन्दै उसलाई घर नजान आग्रह गर्ने जनकले दुईवटी श्रीमती ल्याएको धर्मप्रसादकी छोरीलाई विवाह गरेको छ । कृष्णहरि बराल र नेत्र एटमले भत्कोसहरूले भरिपूर्ण जीवन आफूले सोंचेजस्तो भनेजस्तो चल्दैन तर विसङ्गति नै भए पनि लचिलो भएर चलिरहन्छ र यही सङ्गतिहीनताको अवस्थालाई लेखकले शीर्षकदेखि नै देखाउन सुरु गरेका छन् भन्दै अविधात्मक अर्थमा शीर्षकले भनेझैँ रमिता देखाउन (मनोरञ्जनात्मक अर्थमा) उपन्यास सफल छैन तर यसले विशृङ्खलताको प्रतिनिधित्व गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् । उपन्यासको सन्दर्भले आज रमिता छैन भन्ने पुष्टि गर्ने हुँदा यहाँ शीर्षकले विपर्यासमूलक समन्विति (प्याराडोक्सिकल एसोसीयसन) स्थापित गरेको छ, यही विपर्यास नै जीवनको व्यङ्ग्यात्मक रमिता हो, उपन्यासको कारुणिक जात्रा हो भन्ने कुरा उल्लेख गरेका छन् ।

संरचना व्यवस्थालाई तोड्नु उपन्यासको सचेत खालको विसङ्गति हो भने घटनालाई उचित विन्यास नगर्नु लेखकले जानी जानी कृतीमताको जालो लगाएको हो तर यसबाट उपन्यासमा कुनै कलात्मक सुन्दरता थपिएको छैन भन्ने अभिव्यक्ति उनिहरूले दिएका छन् (बराल र एटम २०६६: १३६,) । पशुजगत् र मानवजगत्को भेद देखाउने र मान्छेको सभ्यताप्रति गर्व गर्ने जनक धेरै काम गर्ने चाहना हुँदाहुँदै पनि र काम गर्दागर्दै पनि खेलाँची लाग्ने अवस्थामा पुग्छ । यहाँ नहुनुको बोधले उसमा जन्मिएको विसङ्गति देखिएको छ, यो पनि यस उपन्यासमा भएको नवीन प्रयोग हो । मरिसकेकी आमालाई सिकिस्त बिरामी पारेर दर्खास्त गरेउ सफल भएन (पृ. १७) भन्ने एम. के. को कथनबाट उसको विसङ्गति रूप देखिन्छ । विपत्तिपूर्वक बाँच भन्ने नित्सेको दार्शनिक नाराको विकृत अर्थ उसको चरित्रमा लागेको छ । घरमा खाने एकमुठी चामल नभएको अवस्थामा एम. के. रक्सीले मातेर आउँछ । यो पनि यस उपन्यासमा नवीन प्रयोग हो । एम. के. विसङ्गति

बोकी हिड्ने विसङ्गतिवादी पात्र हो । हीनताबोधले ग्रस्त उसमा मृत्युन्मूखि प्रवृत्ति पलाएको छ । त्यसैले जागिरको खोजी गरिरहेका बेला त्यही चिज पाउँदा पनि आत्महत्या गरेर मरेको छ । (बराल र एटम २०६६: १३६, १३७,) । यिनीहरूका अनुसार एम. के. पनि एउटा विचित्रको पात्र हो भन्न  सकिन्छ । त्यसैले यो पनि प्रयोगशील पक्ष हो । कसरी महात्मा ज्ञानदिलले नयाँ नेपाली धर्म यस मणि सम्प्रदाय चलाए । किन चलाए ? (पृ. २८) । यस कथनमा परम्परित नेपाली मिथक आएको छ, यसलाई पनि नवीन प्रयोग हो भन्न सकिन्छ । यस उपन्यासको कथावस्तुमा विधा भञ्जन भएको देखिन्छ ।

हाम्रो बेउला कस्तो ?

चामलको बस्ता जस्तो ?

पिरती जोड्दै-जोड्दैन?

पक्रेपछि छोड्दैन ?...(पृ.५०-५१) ।

माथि प्रस्तुत भएको गीतको अंशले पनि प्रयोगशीलता देखिएको छ । शीर्षक देखि अन्त्यसम्म विसङ्गति तथा निस्सारतावादी भए तापनि यसै गीतमा शृङ्गार रसको प्रधानता देख्न सकिन्छ । यो पनि यस उपन्यासको वस्तुविधानमा भएको नवीन प्रयोग हो । मलाई त यो जुनीको दुःख सम्झदा अर्को जुनी नहोस्  जस्तो लाग्छ (पृ. ६८) । बाबुनीको यो भनाइमा पनि विसङ्गति वा निस्सारता देखिन्छ । यस पङ्क्तिलाई पनि यस उपन्यासको नवीन प्रयोग हो भन्न सकिन्छ ।

समग्रमा **आज रमिता छ** उपन्यास विसङ्गतिवादी भएर पनि यसको कथावस्तुको कार्यकारण सम्बन्ध योजनाबद्ध रूपमा नभएको देखिन्छ भने मानवजीवनको अस्तित्व, विसङ्गति तथा निस्सारताबोधलाई समेत उद्घाटन गरेको छ ।

## ३.४ 'आज रमिता छ' उपन्यासको चरित्रचित्रणमा प्रयोग

परम्परावादी उपन्यासका चरित्रले कुनै पनि साहित्यिक रचना कार्यकारण सम्बन्धको योजनाबद्ध प्रस्तुतिलाई अगाडि बढाउन निकै सहयोग पुऱ्याएका हुन्छन् तर प्रयोगवादी साहित्य/उपन्यासमा पात्रहरूले त्यो कार्यकारण सम्बन्ध अगाडि बढाउँछन् । प्रयोगवादी साहित्य/उपन्यासकारहरूले  पात्रहरूलाई योजनाबद्ध नगराई विशृङ्खलित रूपमा अगाडि

बढाएका हुन्छन् ।  कतिपय परम्परावादी उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरेर रचना गरिएका पाइन्छन् भने **आज रमिता छ** उपन्यासमा बहुपात्रीय लगभग एक सय असी पात्रहरूको प्रयोग गरेर उपन्यास तयार गरेको पाईन्छ । तीमध्ये पचास जति स्त्रीपात्र छन् भने अन्य पुरुषपात्र छन् । यहाँ सबै पात्रहरूको उतिकै भूमिका रहेको पाइँदैन भने केही सीमित पात्रहरू औपन्यासिकताका दृष्टिले महत्त्वपूर्ण भूमिका खेलेका पात्रहरूमध्ये जनकमान योञ्जन, सीता, भूदेव र यमुना प्रमुख; रवि, एम .के र बाबुनी सहायक; वीरमान, दा नामग्येल, इशावेल, पार्थिव, हरि, प्रेमकृष्ण, अजोयदास गुप्ता, जयविलास, कमानको म्यानेजर, शुकनाथ बाजे, खगप्रसाद ब्राह्मण, कालो मास्टर, जनककी आमा, सिरिलाल, सन्मती र पुलिसहरू सहायक भन्दा कम महत्त्वका तर आ-आफ्नै किसिमका सानोतिनो प्रभाव छाड्ने शमशेर, यशराज गौण पात्र हुन् भने अरु प्रसङ्गवश देखिने अलग प्रभाव छाड्ने देवबहादुर, वीरमानकी छोरी, इशावेलको बुबा अतिगौण पात्रहरू हुन् ।

**जनक**

जनकमान योञ्जन **आज रमिता छ**  उपन्यासमा उपन्यासको मञ्चमा सबैभन्दा बढी आवृत्त हुने प्रमुख पुरुष पात्र हुन् । विष्णुप्रसाद पौडेलले जनक उपन्यासको आदिमा मिलेको मसिनो केश, प्रस्ट ओठ, निधारमा छड्के दाग र राम्रा आँखा भएको दृढ प्रकृतिका भए तापनि उपन्यासको अन्त्यसम्म पुग्दा शारीरिक तथा मानसिक रूपमा शिथिल, कमजोर र दुर्बल चरित्रका रूपमा देखिएका छन् र उपन्यासको आद्यन्तमा व्याप्त जनक कथानकको केन्द्र बनेको छ र उपन्यासमा सबैभन्दा बढी पटक आवृत्त ( ४९७ पटक ) पनि भएको पाइन्छ । त्यसैले यो उपन्यासको प्रमुख पुरुषपात्र हो भन्ने कुरा उल्लेख गरेका छन् ( पौडेल, २०६८: २३४ ) । जनकले  प्रमुख पात्र भएर पनि सूत्रधारको  काम गर्न सकेका छैनन् । जनकमा नाम अनुसारको कार्य तथा व्यवहार पाइँदैन । प्रयोगवादी उपन्यास लेखनका उद्देश्यका आधारमा जनकलाई अनुकूल चरित्र मान्न सकिन्छ । विष्णुप्रसाद पौडेलले जनक एउटा छोरो पाउने, पुस्तक लेख्ने र बिल्डिङ बनाउने यसका जीवन आकांक्षा भएपनि तीमध्ये केही काम  पूरा गर्न नसकेको चरित्रका रूपमा देखिएका छन् भनी परिस्थितिको चापमा परी उसले अगाडिको आशा, उत्साह र ढृढता सबै गुमाउँदै गएको निरिह व्यक्तिका रूपमा प्रकट भएको देखिन्छ भन्ने धारणा राखेका छन्  । युवाकालमा शुक्ति सङ्कलन गर्ने र देशसेवाका लागि विद्यालय खोलेर पढाउने सोंचाई राखेको भएपनि पछि आएर शिक्षण पेसालाई राम्रो ठानेका छैनन्, आदर्शबाट च्युत हुँदै गएको छ, यसमा यस्ता गतिशीलता वा

परिर्वतनशीलताका स्वभाव प्रकट भएका देखिन्छन्, वैयक्तिक चारित्रिक विशेषता भएको जनक मञ्चीय र बद्ध चरित्र हो भनी उल्लेख गरेका छन् (पौडेल, २०६८: २३४) । पौडेलले पनि जनक एक अस्थिर पात्र वा परिवर्तनीय पात्र हो भनी उल्लेख गरेका छन् । जनकले सीता श्रेष्ठसँग अन्तरजातीय विवाह गरेर जातिभित्रै विवाह गर्नुपर्छ भन्ने मूल्य मान्यतालाई तोडेका छन् भने उनी प्रयोगशील पात्र हुन् । जनकको उपन्यास लेख्ने प्रसङ्गलाई कोट्याउदै सीताले गरेको प्रश्नको प्रत्युत्तरमा मैले धेरै हेरेँ, गुनेँ, बिचारेँ खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहेछौँ, जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ, तिमी एउटा पात म एउटा पात, एउटा विराट अन्धबाध्यता, जीवन बाँचिन्छ यसलाई बाँचिइन्छ, यति नै अर्थहीन अर्थ जीवनको ! (पृ. ६८) । यसरी जनकले जीवनलाई वा मानिसको जीवन खोलोले बगाएझैँ परिस्थितिले बगाउने खोलाको पात जस्तै टुङ्गो तथा गन्तव्य नभएको यात्रा र त्यो यात्रा बाध्यता, विवशता हो र अर्थ नभएको जीवन भनी विसङ्गत यथार्थलाई जोडेका छन् र जीवनलाई निरर्थक र निस्सारताको प्रतीक ठानेका छन् ।

जनक स्वयम्ले पनि जिन्दगीलाई वास्तविक रूपमा अनुभूति गर्दा सङ्गति सूत्र कतै पनि फेला पार्न नसकेको धारणा व्यक्त गरेसँगै उनको जीवन विसङ्गति, विशृङ्खलीत र निस्सारतातर्फ धकेलिएको अनुमान गर्न सकिन्छ । जिन्दगीलाई खोलाको भेल र त्यही भेलभित्र बग्ने हरियो पात मात्रै ठानी पानीको वेगले जता लग्यो उतै जानुपर्ने एउटा अन्धबाध्यतामा अर्थहीन जीवन व्यतीत गर्नुपर्ने वर्तमानको दार्जिलिङे प्रवासी नेपालीको नियतिलाई जनकले प्रस्तुत गरेका छन् । यो नै यस उपन्यासमा पाइने प्रयोगशील पक्ष हो ।

पौराणिक मिथक पात्र जनक आदरणीय, प्रख्यात, राजा थिए भने यस उपन्यासका जनकमा यी कुनै पनि गुणहरू पाइँदैन । वर्तमान समयका अर्थात् यस उपन्यासका जनकलाई आफ्ना पालित पुत्र रविले पनि बेवास्ता गर्छन् भने नजिकका साथी एम. के. ले समेत ईर्ष्या गर्दछ । किनभने जनक विसङ्गत पात्रका रूपमा देखिएका छन् । यस उपन्यासमा जनक पहिले केही गान्धीवादी सोंचका थिए भने पछि आएर निस्सारता, निरर्थकता, शून्यता आदि अनुभूति गर्दै विरोधी, विसङ्गतिवादी भएका छन् । यसै कारणले गर्दा जनक प्रयोगशील पात्रका रूपमा देखिएका छन् ।

## सीता

सीता **आज रमिता छ** उपन्यासकी प्रमुख स्त्रीपात्र अर्थात् जनककी पत्नी हुन् । विष्णुप्रसाद पौडेलले सीतालाई गोलो मुहुडाकी, असाध्य गोरो, विवाहको सिन्दूरले सिउँदो सजाएकी जमिन्दार तथा सामान्त धर्मप्रसाद श्रेष्ठकी छोरी सीता उपन्यासमा सबैभन्दा धेरै पटक आवृत्त भएकी (१८८ पटक), अनुकूल प्रवृत्तिकी, प्रमुख स्त्रीचरित्र (नायिका) हो भन्ने धारणा राखेका छन् (पौडेल, २०६८: २३५,) । पौराणिक पात्र सीतामा जस्तो दैवीशक्ति, साहसी, असल गुण वा विशेषता यी नायिकामा पाइँदैन किनभने वर्तमान युगको सीताका रूपमा उभिएकी छिन् । विष्णुप्रसाद पौडेलले सीता पढेलेखेकी भए पनि परम्परित मूल्य मान्यताको अनुसरण गर्ने पतिपरायणा र आदर्श गृहिणीहरूको प्रतिनिधित्त्व गर्ने स्थिर स्वभावकी वर्गीय चरित्र भए तापनि आफ्नो लोग्ने जनकलाई मुद्दा गरेको निहुँमा दिउँसै जयविलाससँग दोकानमा बाभ्न पुगेकी हुँदा यो अवस्था विशेषमा आफ्नो मर्यादाबाट खस्किएकी देखिन्छिन् भन्ने कुरा उल्लेख गरेका छन् (पौडेल, २०६८: २३५) । दार्जिलिङलाई सीताले आफ्नो पेवा ठानेकी छिन् भने जयविलासलाई अर्काको ठाउँमा आएर रगत चुस्ने भन्दै चुसाहको वा शोषकको दर्जामा राखेकी छन् । पौराणिक पात्र जनक र सीता बाबुछोरीको सम्बन्ध भए पनि यस उपन्यासमा जनक र सीतालाई श्रीमानश्रीमतीको रूपमा देखाइनु नै प्रमुख प्रयोगशील पक्ष हो ।

## भूदेव

भूदेव **आज रमिता छ** उपन्यासको खलनायक वा दोस्रो प्रमुख पात्र हो । विष्णुप्रसाद पौडेलले आफ्नो रातोपिरो र असमयमै केश पाक्न थालेको भूदेव बाहिर, पहाड र मधेसका भिंगामा पनि विभेद देख्ने, उग्र राष्ट्रवादी, जातिप्रेमी भए पनि भित्र स्वार्थी, बेइमानी र अराजक चरित्रका रूपमा प्रकट भएको छ भन्ने कुरा उल्लेख गरेका छन् (पौडेल, २०६८: २३५) । भूदेव नामको ठिक विपरीत गुण भएको पात्र हो । भूदेवको अर्थ भूमि अर्थात् धर्तीको देवता वा संरक्षक भन्ने हुन्छ तर यहाँ यस उपन्यासमा ठिक विपरीत व्यवहारमा भ्रष्ट नेताका रूपमा उपस्थित भएको छ । उपन्यासको नायक जनकलाई परास्त गर्ने प्रतिद्वन्द्वीका रूपमा देखिएको छ । भूदेव चुनावमा हारेर पनि आफ्नो चरित्र सुधार्दैन । भूदेव मजदुरबाट पैसा असुलेर उल्टै मजदुरलाई फसाउँछ र आफ्नो स्वार्थको लागि जस्तोसुकै कुकर्म गर्न पनि पछि परेको देखिँदैन । जनकले आन्दोलन गर्न नहुने जनाए पनि भूदेवले

जवर्जस्ती आन्दोलन मच्चाएर गोलीकाण्ड सृजना  गर्ने जस्ता स्वार्थपूर्ण, अराजक, प्रतिशोधी र कुटिल कर्म गरेको छ । भूदेव समानताका तर्कका क्रममा उसबाट प्रकट भएको अभिव्यक्तिबाट जनताका नाममा राजनीति गर्ने अवसरवादी नेताका रूपमा चित्रित भएको छ । उसको भनाइ यस प्रकार छ 'मेरो न्यायमा सबलाई बराबरी पार्नु एकदम अन्याय हो' (पृ. ३७) । भूदेवको यसै भनाइबाट अवसरवादी नेता र स्वार्थी नेता हो भन्ने पुष्टि हुन्छ । पञ्चशीलको सिद्धान्त नमान्ने मजदुरलाई फसाउँने, आफ्नो स्वार्थ पूर्तिको लागि जस्तोसुकै काम गर्न पनि पछि नपर्ने भूदेव आफ्नो नामअनुसारको काम नगरी प्रतिकूल कार्य गरेकाले भूदेवमा देशघाती प्रवृत्ति पाइन्छ । यो पनि उपन्यासमा प्रयोगशील पक्ष हो ।

कृष्णचन्द्रसिंह प्रधानले भूदेव पात्रको विश्लेषण यसरी गरेका छन्: भूदेव क्यै होइन उसको सार्थकता पनि, सक्रियता पनि जनकद्वारा जनकमा र जनककै निमित्त निर्देशित बाध्यताका कारणभूत आधार ठान्दछु, त्यसैले जनकको लाचरी अथवा विफलता, बाध्य जीवन अथवा अर्थहीनता, जो उपन्यासको कथ्य पनि हो, यथार्थ पनि-उद्घाटित गर्न भूदेवको रचना भएको छ भन्ने  धारणा व्यक्त गरेका छन् (प्रधान, २०३७: ३३७) । यो भनाइमा पनि के स्पष्ट हुन्छ भने भूदेव देवता वा आफैँमा सक्षम व्यक्ति हैन र जनकमा आधरित वा जनकको कमजोरी बाध्यता, विफलताको परिपूरक, जस्तै हुन् भन्ने बुझिन्छ ।

भूदेव स्वार्थी, परपीडक, धोकेबाज, छद्मभेषी, अवसरवादी तथा सन्दिग्ध चरित्र भएको पात्र वा व्यक्तिका रूपमा देखिएको छ । भूदेवको अर्थ पृथ्वीको देवता वा सबैको संरक्षक हुन्छ तर यस उपन्यासका भूदेव दैत्य वा स्वार्थी परपीडकको रूपमा आएको छ । भूदेव पात्र वा चरित्रमा विल्कुलै नयाँपन वा विपरीत विशेषता पाइन्छ त्यसैले यो नयाँ प्रयोग हो । यो भन्दा प्रयोगशील पक्ष अरु के हुन सक्छ ?

**यमुना**

यमुना **आज रमिता छ**  उपन्यासमा दा नामग्येलकी कान्छी श्रीमती हो । विष्णुप्रसाद पौडेलले यमुनालाई बुढो तथा रोगी दा नामग्येलकी कान्छी श्रीमती यमुना उपन्यासमा धेरै नदेखिए पनि (जम्मा ९६ पटक आवृत्त) स्वेच्छाचारी वा खल कर्मका दृष्टिले उपन्यासकी प्रमुख स्त्रीपात्र (खलनायिका) हो भनेर विश्लेषण गरेका छन्  (पौडेल २०६८: २३६) । यमुना बरालिएर हिँड्ने स्वेच्छाचारी वा प्रमुख खलनायिका (स्त्रीपात्र) हो । आफ्नो श्रीमान् नामग्येल बिरामी पर्दा स्याहार तथा हेरचाह नगरी रातभरि हराउँछे भने कहिलेकँही

हप्तादिनसम्म हराउँछे । आफूभन्दा धेरै कान्छो रविलाई दाजु भन्छे भने रविकै बाबुसँग जिस्कने र छिल्लने काम गर्दछे । हरेक दिन केटा फेर्दै हिँड्नु, सिनेमा हल जानु, होटल र क्लवहरूमा रक्सी खानु, डिस्कोमा नाच्नु आदि यमुनाको दिनचर्या हो ।

**आज रमिता छ** उपन्यासमा अन्य पात्रमा जस्तै यमुनाको नाम र कार्यव्यवहारमा पनि अनुकूलता पाइँदैन । पौराणिक मिथक यमुनाको अर्थ यमुना नदी जस्तै पवित्र हुनुपर्नेमा ठिक विपरीत अत्यन्तै घृणित पतीत छे र रोगी लोग्नेको बेवास्ता गरी वेश्याको स्तरमा गिरेकी छे । हरेक लोग्नेमान्छेलाई आफ्नो सिकार ठान्छे भने सधैँ घरमा बस्दा फोनमा बोलिरहने र फोनमै झुन्डिरहने स्वभावकी छे । समाजको मानमर्यादालाई लत्याएर हिँडेकी छे । समाजको बेवास्ता गर्ने, लाज पचाएकी, बाइफाला स्त्रीका रूपमा देखिन्छे । उसको लोग्ने (दा नामाग्येल) पारिवारिक जीवनको असङ्गतिले पिल्सिएकी छे भने स्वास्नी यमुना यौन अतृप्तिले पिल्सिएकी छे । बिरामी लोग्नेको हेरचाहभन्दा अन्धकार सिनेमाहल, होटलको उज्यालो ज्योति, क्लबमा भेटिने अनेक अनुहार, तिनीहरूले गर्ने फुल र कुखुराको बातसँग मोह र प्रेम भएकी यमुनाको यो चरित्रले यौन अतृप्तिको क्षतिपूर्ति खोजेजस्तो देखिन्छ । यमुनाको चरित्र विरोधाभासापूर्ण छ । केटाकेटी (बच्चाबच्ची) हरूलाई माया गरे पनि रुवाउँदै खेलाउन सिपालु छे । कहिलेकँही बिरामी लोग्ने (दा नामग्येल) प्रति माया देखाएर लोग्नेको ओछ्यानमा बसी मध्यरातसम्म रुन्छे । आफ्नो विवाहप्रति गुनासो भएर होला सहनाई बजेको आवाज सुनी भने पनि विरक्तिएर रुन्छे । सोझी स्वास्नी बाबुनीलाई दुःख दिएको थाहा पाएर एम. के. सँग झगडा गर्न पुग्छे । आफ्नो छाडा व्यवहारले वाक्क दिक्क भई लोग्नेले छाडेर गएको थाहा पाए पनि कुनै पश्चाताप, आत्मग्लानि, दुःख नमान्ने गतिहीन स्वभावकी देखिन्छे ।

समग्रमा भन्नुपर्दा यमुना आधुनिकताकी विकृत रूप बोकेकी अतृप्त यौनवासनाले आक्रान्त यो निर्बन्ध नारीहरूको प्रतिनिधित्त्व गर्ने चरित्र हो । विष्णुप्रसाद पौडेलले यमुनाको उपस्थितिले उपन्यासका प्रमुख पात्र र सहायक पात्र (जनक र रवि) को चरित्र प्रभावित तुल्याएको छ भन्ने धारणा राखेका छन् (पौडेल, २०६८ः २३६) । औपन्यासिक प्रवाहमा समेत प्रभाव पारेको स्पष्ट हुन्छ ।

**रवि**

रवि **आज रमिता छ** उपन्यासको सहनायक तथा जनकद्वारा पालित पुत्र हो । विष्णुप्रसाद पौडेलले रविलाई बुथुरे छोटो कपाल भएको, अग्लो, अनुहार भने अलि अँध्यारो वर्णको बी. ए. पास गरेको युवा चरित्र हो, उपन्यासमा यसको आवृत्ति लगभग जनक समान (जम्मा चार पटक कम) भए पनि कार्यका दृष्टिले यो सहायक पुरुषचरित्र (सहनायक) का रूपमा देखिएको छ भनी विश्लेषण गरेका छन् (पौडेल, २०६८: २३६) । जनक मञ्चमा उपस्थित पात्र हो । रवि पनि यस उपन्यासका अन्य पात्र जस्तै नामअनुसारको कार्यव्यापार नभएको विसङ्गत पात्र हो । रविको अर्थ सूर्य हो र सूर्यले अन्धकार हटाएर पृथ्वीमा वा संसारमा उज्यालो पार्नु हो तर यहाँ आफै अन्तरद्वन्द्वमा फँसेको छ । विष्णुप्रसाद पौडेलले रवि सुरुमा जनकलाई अत्यन्तै श्रद्धा गर्ने, उसकै आज्ञाअनुसार चल्ने, इशावेललाई प्रेम गर्ने, पढाइमा ध्यान दिने अनुकूल चरित्रका रूपमा देखिएको छ तर जनक यमुनासँग छिल्लिएको देखेपछि यसको त्यो अनुकूल प्रवृत्ति परिवर्तित भएको छ, त्यसपछि यो एक्कासि जनकको विरोधी भूदेवसँग लागेर जनकलाई असहयोग गर्ने, प्रेमिका इशावेलसँग पनि अकारण टाढिने, जनकको इच्छा विरुद्ध पढाइ छाडी शिक्षण पेसामा लाग्ने, आफूले दुःख पाएर पनि जनकलाई पीडा पुऱ्याउन चाहने प्रतिकूल चरित्रका रूपमा देखिएको छ भन्ने कुरा उल्लेख गरेका छन् ( पौडेल, २०६८: २३६) । जनकप्रति प्रतिशोधको भावनाले अराजक भूदेवले उचालेको आन्दोलनलाई सघाउन पुगेको छ । जुलुसलाई अराजक हुन वा हिंसातिर अग्रसर हुन नदिन यसले चाहे पनि सकेको छैन । अझ आफै गोली लागेर अचेत हुन पुगेको छ । यस्तो अनुकूलताबाट प्रतिकूलतातर्फ लागेको यो परिवर्तनशील वा गतिशील स्वभावको वैयक्तिक चरित्र हो ।

जनकलाई पहिला श्रद्धा गर्ने पछि घृणा गर्ने तर उसलाई त्याग्न नसक्ने, फेरि बिग्रेर भए पनि प्रतिशोध लिन खोज्ने भावुक आदर्शको कारण निर्दोष इशावेलसँग प्रणय सम्बन्ध एक्कासि टुटाउने र पछि चिया दोकानकी केटीसँग जिस्कने, मध्यम वर्गको सदस्य भए पनि चियाकमानका कामदारसँग मिलेर हिँड्ने, जीवनलाई घण्टा सङ्केत गर्ने सुई बिनाको मिनेटमात्रै सङ्केत गर्ने घडी जस्तो ठान्ने यसको चरित्र अन्योल अन्धकारमा अलमलिएको भएपनि आफ्नै किसिमको मौलिकताले भरिएको छ । इशावेलसँग हल्का प्रेम अङ्कुरित भए पनि बाबु (जनक) र यमुनाको रामलीला देखेर शून्य हृदय लिएर बाँच्न विवश भएको छ । घरपरिवारसँग शून्यताबोध, निस्सारताबोध, विसङ्गतिबोध राखेको छ भने घरप्रति वितृष्णा

व्यक्त गर्छ । मानसिक रूपमा पारिवारिक सम्बन्धबाट विच्छिन्न भएको बोध गर्दै पृथकताको अनुभूति गरेको छ । रविको चरित्रले जनकलाई प्रभावित पारेको हुँदा यो उपन्यासको बद्ध चरित्र हो । रवि किरण भएर उज्यालो बनाउनतिर भन्दा जीवनलाई अन्धकारमय बनाएर जीवन भोग्न बाध्य भएको देखिन्छ । रवि सूर्य नभएर बादलको रूपमा देखिएको छ र अरुलाई उज्यालो दिन सक्तैन र आफू पनि अँध्यारोमा रुमल्लिएर बाँचेको छ । यसकारण पनि रवि पात्रमा प्रयोगशील पक्ष रहेको देखिन्छ ।

**एम.के.**

एम. के. **आज रमिता छ** उपन्यासको सहायक पुरुष पात्र हो । विष्णुप्रसाद पौडेलले एम. के. केश माथिसम्म पुऱ्याएर काट्ने, कालो नभए पनि च्याकसे अनुहारको, एकापटिको आँखामा सेतो दाग भएको, हाँस्ता तल्ला दाँतका लहर देखिने एम. के. ले राम्री बाबुनीसँग मागी विवाह गरेर तीन छोरी र १ छोरा पाएको हो तर छोरो सानैमा खस्यो र कान्छी छोरी जन्मनुअघि आफूले आत्महत्या गरेको छ भनेर विश्लेषण गरेका छन् (पौडेल, २०६८: २३७) । यस उपन्यासमा एम. के. पात्रको उपस्थित थोरै भएपनि पाठकलाई गहिरो प्रभाव पार्न सफल देखिएको छ । **आज रमिता छ** उपन्यासमा शून्यतालाई मान्छेको जीवनमा गम्भीर रूपमा आक्रमण गर्ने सिकारीका रूपमा लिइन्छ । एम. के. ले शून्यताको बोध गरेपश्चात् मृत्युवरण गरेको छ । जीवन अस्तित्वपूर्ण ढङ्गबाट चल्न नसक्ने ठानेपछि जागिर पाएकै राति आत्महत्या गर्न पुग्दछ । शून्यता तथा रिक्तताको बोध भएपछि आत्महत्याको सहारा लिनु एम. के. को बाध्यता थियो ।

कार्यका दृष्टिले यो सहायक चरित्र हो । प्रवृत्ति भने यसको प्रतिकूल नै पाइन्छ । स्टेसनमा आलुदम बेच्नेको छोरो होइन भनी जनकलाई छेड हानेर बोल्ने, अजोयदाससँग बोल्दा पनि जनकलाई व्यङ्ग्य गर्ने, जनकले अर्काकी स्वास्नीको चुम्मा खान्छ भन्ने, बाबुनी (श्रीमती) ले जनककी श्रीमती (सीता) सँग सापट लिएको निको नमान्ने, उसलाई जनकको बात लगाउने, पहिला खाइरहेको जागिर छाड्ने, पछि जागिर खोज्दै भौतारिरहने र जनकले मिलाइदिएको जागिर नखाई आत्महत्या गर्ने, मर्नुअघि रक्सी धोकेर टोलछिमेकमा हल्ला गर्दै हिँड्ने, नेताहरूलाई मनपरी भन्ने, अरुको पछाडि दशथरी कुरा काटे पनि अगाडि परेपछि डराउने, ऋण लिएको मानिस देखेपछि त झन् कुत्थुर हुने स्वभावको देखिन्छ । विष्णुप्रसाद पौडेलले एम. के.लाई केही भावप्रधान शब्दावली जम्मा गरी कविता कोर्ने,

भावुक प्रेम र क्रान्तिमा आधरित पुनर्मिलन, क्रान्ति जस्ता केही कथा पनि लेख्ने, छोरो मान्छेमा रक्सी, वेश्या र जुवा मध्ये कुनै एक दोष हुन आवश्यक ठान्ने एम. के. सोंचाइ र व्यवहारका आधारमा प्रतिकूल प्रवृत्ति, गतिहीन स्वभाव र वैयक्तिक जीवन चेतना भएको चरित्रका रूपमा चिनिएको छ भनी विश्लेषण गरेका छन् (पौडेल, २०६८: २३७) । एम. के. नशा सेवन नगरेको अवस्थामा निकै चिन्तित भएर ओछ्यानमा बसिरहन्छ । बाबुनीसँग मसँग ताजमहल बनाइदिने पैसा पो छैन, प्रेम त म तिमीलाई शाहजहाँले भन्दा ज्यादा गर्छु (पृ. ११३) भन्ने भनाइबाट के स्पष्ट हुन्छ भने एम. के.लाई गरिब भए पनि आफ्नी श्रीमतीलाई धैरै माया गर्ने गरेको र आदर्शवादी, कल्पनाशील र महत्त्वकांक्षी स्वभावका पात्रका रूपमा देखिएको छ । जनकको आश्रयमा बस्छ भने त्यही जनकको विरोध गर्छ । जागिर वा कामको सट्टा रक्सी खाने, मातेको समयमा कम्युनिस्ट बन्छु भन्ने आदि उसको दिनचर्या हो । हरेक दिन एम. के. लाई ५ वा १० रुपैँयाको खाँचो पर्छ तर त्यै पनि उसले जुटाउन सक्तैन । आर्थिक विपन्नताबाट जीवनको निरर्थकताको बोध गर्न पुगेको एम. के. आफ्नो जीवनदेखि वाक्क भएर यस्तो धारणा प्रस्तुत गरेको छ, यो जुनीमा त म मान्छे हुनै पाइँन, केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनु पर्‍यो; कचल्टिएँ, जहिले पनि मलाई ५ रुपियाँ र १० रुपैँयाकै खाँचो पर्‍यो; हजार हजार रुपियाँ चाहिने हुनै सकिन तर अर्को जुनीमा हामी पनि धनी हौँला, दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिन (पृ. ६८) । यो उसको आत्मस्वीकारोक्ति हो । एम. के. मा हीनताबोध, निराशाबोध, विसङ्गतिबोध र मृत्युन्मूखि प्रवृत्ति छ । एम. के. जागिरको लागि भौतारिन्छ र जागिर पाएकै दिन आत्महत्या गर्दछ । त्यसैले उसले भोगेको यथार्थ जीवन उसले अवलम्बन गरेको चिन्तन र उसको क्रियाशीलताबिच कुनै सङ्गति देखिँदैन । यस उपन्यासलाई बढीभन्दा बढी विसङ्गत बनाउने सन्दर्भमा एम. के. को प्रस्तुति निकै महत्त्वपूर्ण रहेको छ । घरायसी कामको जिम्मेवारी बोध नगर्ने जाँड रक्सीमात्र खाएर स्वास्नीसँग झगडा गरी रडाको मच्चाउने एम. के. को जीवन निस्सारतापूर्ण र विसङ्गतिपूर्ण रहेको तथ्यलाई उसको उक्त क्रियाकलापले पुष्टि गरेको छ, म मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानु है... (पृ ९९) । यस्ता शब्दले एम. के. मा मृत्युन्मूखि प्रवृत्ति पलाएको देखिन्छ । हीनताबोधले ग्रस्त उसमा मृत्युन्मूखि प्रवृत्ति पलाएकाले जागीरको खोजी गरिरहेका समयमा त्यही चिज प्राप्त हुँदा पनि आत्महत्या गर्दछ ।

समग्रमा भन्नुपर्दा एम. के. को जीवन निरर्थक छ । प्रयोगशील पक्षको नमुनाको रूपमा उपन्यासमा एम. के. देखिएको छ । एम. के. ले खाँदैगरेको जागिर छाडेर फेरि जागिरको खोजीमा भौतारिन्छ र त्यही जागिर पाएकै दिन आत्महत्या गर्दछ । यसबाट पनि एम. के. प्रयोगशील पात्र हो भन्न सकिन्छ ।

## बाबुनी

बाबुनी **आज रमिता छ** उपन्यासकी सहायक स्त्रीपात्र वा एम. के. की श्रीमती हो । विष्णुप्रसाद पौडेलले बाबुनी झलमल्ल सुन्दरी नभई धीमा प्रकाशकी राम्री, अनुहार, छालाको साथै शरीर पनि पाताली भएकी, गुन्यूचोलो र उनीको सेतो साल लाएकी, लामो कपाल भएकी नाक नछेडेकी बाबुनी अनुद्यमी लोग्नेको अनुत्तरदायी व्यवहारबाट प्रशस्त पीडित भए पनि अनुकूल र संयमी नारी चरित्रका रूपमा देखिएकी छे भनेर विश्लेषण गरेका छन् (पौडेल, २०६८: २३७) । बाबुनीको जीवन कष्टपूर्ण रहेको छ । लोग्नेले आफूप्रति अति नै असह्य, अभद्र र हृदयविदारक व्यवहार गरेको देखेर निराश भएकी छे । एम. के. मा आर्थिक विपन्नताले जरो गाडेको हुनाले त्यसबाट छुट्कारा पाउन अनेक प्रयत्न गरे पनि जीवनमा आशाको सङ्केत कहीँ कतै नपाएपछि बाबुनीले आफ्नो जीवनमा दु:ख, कष्ट पाएकाले अर्को जुनी नहोस् भन्ने धारणा यसरी राख्छे, मलाई त यो जुनीको दु:ख सम्झदा अर्को जुनी नहोस् जस्तो लाग्छ (पृ. ६८) । बाबुनीको यस धारणाबाट आफ्नो दु:खदायी जीवनबाट निराश भएर अर्को जुनी नहोस् भन्दै निराशाबोध गरेकी छे ।

बाबुनी एम. के. को अभिभावक झैँ भएर हरपल सेवामा तल्लीन हुन्छे । बाबुनी एम. के. ले जागिर छाडेपछि आफ्ना दुई छोरी पुष्पा र अमृता साथै लोग्नेलाई समेत मागेरै भए पनि खुवाउन बाध्य भएकी छे । गर्भवती अवस्थामा उचित लालनपालन त कहाँको कुरा एम. के. ले उल्टै उक्त बच्चा जन्मेपछि बाकसमा हालेर नालीदेखि उँधै उँधो बगाउने कुरा गरेको कारण बाबुनी अझ विसङ्गत देखिएकी छे । पति (एम. के.) ले आत्महत्या गरेपछि जसोतसो छोरीहरू पालेकी बाबुनी अस्पतालमा नर्सको काम गर्दछे । जीवन सुख र खुसीको अनुभव नगरेकी बाबुनी नर्सको काम गर्दागर्दै चियाकमानको सहायक म्यानेजर प्रेमकृष्णसँग लहसिन पुगेको देखिन्छ । हाम्रो नेपाली समाजमा र संस्कारमा महिलाले परपुरुषसँग

लहसिएर हिँड्नुलाई सङ्गतिपूर्ण वा सहज मानिदैँन । त्यसकारण पनि बाबुनीमा परिवर्तनीय वा प्रयोगशील पक्ष भेटिन्छ ।

**दा नामग्येल**

दा नामग्येल पनि **आज रमिता छ** उपन्यासको पुरुषपात्र हो । दा नामग्येलले खासाको व्यापारी नामग्येल दुई छोराछोरी भएर जेठी श्रीमतीको मृत्युपछि कान्छी श्रीमतीको रूपमा विवाह गरेको छ । विष्णुप्रसाद पौडेलले बुढो रोगी नामग्येल आफ्नो उपचारको लागि गान्तोकबाट कान्छी श्रीमती यमुनालाई लिएर दार्जिलिङ आए पनि पत्नीको बरालिएर हिँड्ने स्वभावका कारण वाक्क भएर उपचारै नगरी एक्लै गान्तोक फर्किएको छ । साथी जनकले रोक्ने प्रयत्न गरे पनि मानेको छैन भन्ने कुरा उल्लेख गरेका छन् (पौडेल, २०६८: २३९) । उपचारमा सहयोगी बन्नुभन्दा मौन व्यभिचारको पसल थापेर हाटबजारको खोजीमा निस्केकी यमुनालाई छाडेर एक्लै गान्तोक फर्किनु जीवनमा उज्यालो प्राप्त हुन नसकेको निचोड निकालिसकेपछिको अवस्थालाई पीडादायी स्थिति मानिन्छ ।

निराशाको चरमबोध भएपछि एक्लै घर फर्केको दा नामग्येल रोगबाट त पीडित नै छ, झन् आफ्नो उमेरदार स्वास्नीको स्वच्छन्दताले पिल्सिएको देखिन्छ । पत्नीले यौन तुष्टिका लागि बजार चहार्दै जाने व्यवहारले गर्दा दा नामग्येलले विसङ्गतिबोध गरेको छ भने अनमेल विवाह बहुविवाहबाट जीवन सुखकर हुँदैन भन्ने सन्देश दा नामग्येलको जीवनबाट प्रकट भएको छ ।

**वीरमान**

वीरमान पनि **आज रमिता छ** उपन्यासको पुरुषपात्र हो । पहिले जनकको घरमा काम गर्ने नोकरका रूपमा देखिएको थियो । वीरमान जनकको घरमा काम गर्न बस्दा यसले ‘थङ्क्यू’ भन्न जानेको छ र बोल्दा त्यसलाई थेगोकै रूपमा प्रयोग गर्न थाल्दछ । यो तुरुन्तै फर्किन्छु भनेर जनकसँग बिदा मागी आफ्नो घर हिँडे पनि धेरै समय (१५/१६वर्ष) पछि मात्रै फर्केको छ र फर्किदा १४ वर्षे छोरी सानी लिएर फर्केको छ । जनकको घरमा काम गर्ने नोकरको रूपमा बसेको वीरमान पनि विसङ्गत पात्र हो । वीरमान वा वीरको अर्थ महान्, बहादुर अर्थात् साहसी हो तर यहाँ वीरमान काँतर स्वभावको देखिन्छ । सिधा वा सत्य बोल्नुपर्नेमा झुटो बोल्ने पात्रका रूपमा देखा परेको छ । उपन्यासमा विसङ्गतिबोध गर्ने

पात्रहरूमा वीरमान बुढाथोकी पनि एक हो । जनक र सीतासँग बिदा भएर घर फर्केको वीरमान चाँडै दार्जिलिङ फर्किने वा आउने भने पनि लामो समय पन्ध्र वा सोह्र वर्षपछि श्रीमतीको मृत्युपश्चात् आफ्नी छोरी सानी (चौध वर्षकी) लाई साथमा लिई फर्केको छ । श्रीमतीको मृत्यपश्चात् आजीवन बिहे नगरी श्रीमतीको संस्मरणमा जिन्दगी बिताउने किरिया खान्छ तर पछि आफ्नै साखै भान्जीलाई भगाएर हिँड्छ त्यसैले यसलाई सामाजिक नैतिक पक्षसँग सम्बन्धित विसङ्गति मानिन्छ । अमर्यादित वैवाहिक जीवन प्रकृयाको अवलम्बन गर्नु पनि विसङ्गत वा प्रयोगशील पक्ष हो । वीरमान पनि बोलीमा अडिग नहुने अस्थिर वा परिवर्तनीय पात्र हो । वीरमान पहिला निकै ठट्यौलो, भावुक, व्यथित र आदर्शवादी देखिए पनि पछि असंयमी, परम्पराविरोधी, आवेगी र अनैतिक चरित्रका रूपमा प्रकट भएको छ । यसैले यसको चरित्र अनुकूलताबाट प्रतिकूलतातर्फ गतिशील स्वभावको वैयक्तिक प्रकृतिको देखिएको छ ।

समग्रमा भन्नुपर्दा वीरमान गतिशील पात्र, अनैतिक चरित्र भएको पात्रका रूपमा स्थापित भएको छ भने श्रीमतीको मृत्युपछि उसकै सम्झनामा जीवन बिताउने कसम खाए पनि वीरमानले आफ्नै भान्जीलाई पत्नीको रूपमा स्वीकारेको छ । प्रयोगशील पक्ष यो भन्दा अरु के हुन सक्छ ? यसकारण पनि वीरमान प्रयोगवादी पात्र हो ।

### जयविलास

जयविलास पनि **आज रमिता छ** उपन्यासको पुरुष पात्र हो । जनकसँग व्यापार साझेदारीमा संलग्न भएको जयविलासले जनकमाथि मुद्दा हाल्नुले आफ्नो अनुकूलता नदेखेपछि जयविलासको जीवनमा पनि सङ्गति छैन । सीताले आफ्नो लोग्नेको विरुद्ध नालिस हालेको जयविलासलाई हप्काउँदा पुलिसलाई खबर गरी ट्रेसपास केश लगाइदिने धम्की दिनु जस्ता कुराले जयविलासले पनि सङ्गति फेला पार्न नसकेको स्पष्ट देखिन्छ । पुस्तौं वा बाबुदेखि राम्रो सम्बन्धमा रहेको जनकले केही पैसा नदिएको कारण मुद्दा हाल्नु र अविश्वास प्रकट गर्नुले पनि उसमा विसङ्गतिको बोध भएको स्पष्ट हुन्छ । मित्रताको नाता वा सम्बन्धलाई सत्रूको रूपमा परिणत गर्नु जयविलास पात्रमा देखिएको प्रयोगशील पक्ष हो ।

## धर्मप्रसाद

धर्मप्रसादमा पनि **आज रमिता छ** उपन्यासका अन्य पात्रमा झैँ नामअनुसारको कार्यव्यापार नभएको शृङ्खलामा पर्दछ । धर्मप्रसाद यस उपन्यासको विसङ्गतिवादी तथा प्रयोगवादी सिद्धान्त स्थापनाको उल्लेख्य पात्र वा चरित्र हो भन्न सकिन्छ । पहाडबाट मधेस झर्नुपरेको अवस्थालाई पहाडका सबै आत्मीयहरूले मृत्युदण्ड दिएको अभिव्यक्ति दिने धर्मप्रसाद व्यवहारमा चाहिँ तराईका धिमाल बस्तीलाई उठिबास लगाउँछ । नाम धर्मप्रसाद भए पनि काम भने ठिक विपरीत कुकर्म वा पापैपाप गर्न पछि पर्दैन । सामन्ती सोंच र हैकमवादी प्रवृत्ति रहेको धर्मप्रसाद कसैको राम्रो खेत देख्यो भने हरेक जाल जुक्ति गरेर, मुद्दा लगाएर रातारात आफ्नो बनाउने आदि कार्य गर्दछ । नामअनुसारको कार्य नगर्ने धर्मप्रसाद विसङ्गत वा प्रतिकूल पात्र हो । यसकारण धर्मप्रसाद पात्रमा पनि प्रयोगशील पक्ष पाइन्छ ।

## अन्य पात्रमा प्रयोगशीलता

यस उपन्यासका अन्य सामान्य पात्रहरूमा पनि प्रयोगशीलता भेटिन्छ वा पाइन्छ । उनीहरूमध्ये कतिपयका अभिव्यक्तिमा मात्रै र कतिपयका भने अभिव्यक्तिका साथसाथै व्यवहारमा समेत नयाँ प्रयोग देखिन्छ वा आभास हुन्छ । अरूको आलोचना नगरी सन्तुष्ट नहुने अजोयदास, आफ्नो नर्तकीको भेष आफैँले नियालेर मोहित हुने रतन, ५६ वर्षको हुँदा विवाह गर्छु, त्यसकारण म ४० बर्षको पुग्दाखेरि दुलहीको पृथ्वीमा अवतरण हुन्छ भन्ने पार्थीबको चरित्रमा पनि विसङ्गत तथा निरर्थकता भेटिन्छ । अगाडि नमस्कार गरेको मान्छेलाई पछाडिबाट धारे हात लगाउने क्लर्क, गाउँघरमा कसैको विवाह हुँदा खुसी हुनुको सट्टा विरक्त वा खल्लो मान्ने रत्नबहादुर बुढा, मास्टर खोज्न आएको तर मास्टर भर्ना गर्न आएको होकि भर्ना हुनेलाई बिच्काउन आएको हो प्रष्ट नदेखिएको र विरोधाभास हुने गरी नेपालमा देशसेवा गर्न जानेहरूको यहाँ परिवार सहिद हुन्छन् ! भन्ने मास्टर अर्काको खुट्टा तान्ने प्रवृत्तिको कृष्णलाल, पत्नीको मृत्युपश्चात् विधुरताको पीडा बोकेर शोकाकुल बन्दै एकाङ्गी जीवन बिताइरहेको डानियल बाबु, आमाको मृत्युपश्चात् शून्यताको बोध गरेकी इशावेल आदि जस्ता चरित्रहरूलाई उपन्यासकारले एउटा न एउटा विसङ्गति झुन्ड्याएर नयाँ प्रयोग गरेर देखाएका छन्  भन्न सकिन्छ ।

त्यस्तै किसनराम, शमशेर, यासोला, रसुला, हरि, दिव्या, अमृता, सि. बि. राई, पुष्पा, सुकनाथ, प्रेमकृष्ण, यसराज, खगप्रसाद, जुलुसमा सहभागी सबै मानिसहरू र गोलीका

सिकार भएकी सनमती लगायतका उपन्यासका अधिकांश पात्रमा विसङ्गतिबोध भएको देखिन्छ । सबै पात्रहरूले स्व-अस्तित्वको लागि सङ्घर्ष गरेका छन् तर सबैलाई शून्यता हात लागेको छ । त्यसकारण यी सबै पात्रमा निस्सारता, शून्यता र विसङ्गतिबोध रहेको पाउन सकिन्छ ।

**आज रमिता छ** उपन्यासमा प्रयोग भएका पात्रहरूको नामका आधारमा उनीहरूको कार्यव्यापार हुँदैन र व्यवहारमा मेल खाँदैन अर्थात् नामअनुसारको काम गरेको पाइँदैन । प्रत्येक पात्रको नामले एउटा अर्थ प्रदान गरेको छ भने उनीहरूको कार्य तथा व्यवहार उल्टो देखिएको छ । यस उपन्यासको पात्रविधानमा व्यापक रूपमा विसङ्गतिको प्रयोग गरिएको छ । यस उपन्यासमा मान्छेको जीवन उपन्यासका पात्रले भोगेको जस्तै निस्सारता, शून्यता मृत्युन्मूखि प्रवृत्ति आदिले ग्रसित भएर विसङ्गतिबोध हुन पुग्छ भने यो नै प्रयोगशीलता हो ।

## ३.५ 'आज रमिता छ' उपन्यासको परिवेशविधानमा प्रयोग

उपन्यासको स्थान, समय र परिस्थितिलाई परिवेश शब्दले समेट्ने वा बुझाउने गर्दछ । कृष्णहरि बराल र नेत्र एटमका अनुसार उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण वा परिवेश भनिन्छ, यो एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ, यसअन्तर्गत देशकाल (सेटिङ्ग) र वातावरण (मूड) पर्दछन् भन्ने कुरा स्पष्ट हुन्छ (बराल र एटम, २०६६: ३२) । **आज रमिता छ** उपन्यासले दार्जिलिङको तथा पूर्वी नेपालको धनकुटा जिल्लादेखि इलामसम्मको स्थानहरूलाई रीतिथिति, रहनसहन र बानी व्यवहारलाई परिवेश बनाएको छ । परिवेशमा सङ्गति र सम्बद्धता नरहेको यस उपन्यासमा अन्वितिमूलक संरचना शिल्पको दृष्टिले स्थान, समय र चरित्रको अन्वितिहीनताको प्रयोग भएको छ । पूर्वी नेपालको धनकुटा देखि पूर्वी तराई हुँदै इलामसम्मको स्थानको साथै मुख्य रूपमा भारतको दार्जीलिङ र यस वरपरको क्षेत्र स्थानका रूपमा आएको छ । भारत अङ्ग्रेजको उपनिवेश रहँदैदेखिको समय र स्वतन्त्र भएको लामो कालखण्डको समयलाई यस उपन्यासमा उपन्यासकारले राम्ररी समेटेका छन् । वि. सं १९९७ देखि २०१४ सम्मको समयावधि र त्यस समयमा दार्जलिङेहरूले जीवनमा भोगेको विसङ्गत, निरर्थक, निस्सार जीवन भोगाइको परिस्थितिजन्य घटनाहरूलाई राईले प्रस्तुत गरेका छन् । राजनैतिक रूपले भारत स्वतन्त्र

भए पनि आर्थिक रूपले विकास हुन नसकेको र अवसरवादीहरू रातारात मालामाल भएको तर दार्जिलिङे जनताहरूलाई खान, लाउन र हिँड्नसमेत मुस्किल भएको परिस्थितिलाई उपन्यासमा देखाइएको छ । विष्णुप्रसाद पौडेलले उपन्यास भारतमा चल्दै गरेको अङ्ग्रेज हटाओ आन्दोलन र पछि भारत स्वतन्त्र भएको कुरा, दोस्रो विश्वयुद्ध, धर्मप्रसादले सात सालअगि जागिर खाएको र सात सालपछि जागिर छाडेको सन् १९४४ मा भूदेवले डम्बर सिंह गुरुङका लागि भोट माग्दै हिँडेको कुरा, पार्थिवले रविलाई  यो बीसौँ शताब्दीको पछिल्लो भाग हो भन्ने कुरा उल्लेख गरेका छन् (पौडेल, २०६८: २४२) । यस उपन्यासमा उपन्यासकारले १९९७ देखि २०१४ सालसम्मको समयमा दार्जिलिङका प्रवासी नेपालीहरूले जीवनमा भोगेका निस्सारता, निरर्थकता, शून्यता, व्यर्थता आदि विसङ्गत  परिस्थितिजन्य जीवन भोगाइलाई परिवेशका रूपमा प्रयोग गरेका छन् । जनकको ससुरा धर्मप्रसाद श्रेष्ठको जमिनदारीदेखि मध्यमवर्गीय जनक र एम. के. जस्ता निम्नवर्गीय आर्थिक परिवेश बाबुनी, सीता र वीरमानमार्फत नेपाली रूढिवादी परम्परा अँगाल्ने, पछि गएर आफ्नै साखै भान्जी बिहे गरेर सांस्कृतिक विसङ्गति प्रस्तुत गर्ने वीरमानका माध्यमबाट सामाजिक परिवेशको चर्चा उपन्यासकार राईले गरेका छन् । यसरी विविध परिवेशको चर्चा गर्दा त्यसमा देखा परेको विसङ्गत घटनाक्रमले उपन्यासको परिवेशमा प्रयोगशीलता रहेको स्पष्ट हुन्छ । उपन्यासकार राईले 'आज रमिता छ' उपन्यासमा नेपालको पूर्वी जिल्ला धनकुटा, मोरङ जिल्लाका रङ्गेली र मधुमल्ल, तिब्बतको सीमाना ओलाङचुङगोला, काठमाडौं, झापा, इलाम लगायत भारतका सिलगडी, कलकत्ता, गान्तोक बजार, सिक्किम र दार्जिलिङको परिवेशमा घटेका घटनालाई कथावस्तुको रूपमा प्रस्तुत गरेका छन् । वि. सं. १९९७ देखि वि. सं. २०१४ सालसम्म सत्र वर्षसम्मको समयमा देखिएको घटनालाई उपन्यासकार राईले उपन्यासमा समेटेका छन् । चियाकमानका कामदारले म्यानेजर कुट्नु, एम. के. ले खाँदै गरेको जागिर छाड्नु, फेरि जागिर खोज्नु, जागिर पाएकै दिन आत्महत्या गर्नु, जनकलाई व्यापारको साझेदार जयविलासले मुद्दा हाल्नु, भूदेवले धारा १४४ विरुद्ध जनकलाई भाषण गर्न लगाउनु जस्ता पारिस्थितिक घटनाले गर्दा उपन्यासको परिवेशमा प्रयोगशीलता भेट्न सकिन्छ । नेपालीहरू जहाँ पनि मजदुरी गर्नमै विवश वा बाध्य भएको परिस्थितिलाई उपन्यासकार राईले बर्मा गए कर्मसँगै नेपाल आए कपालसँगै भन्ने उखानलाई निम्नवर्गीय नेपालीका माध्यमबाट प्रस्ट पारेका छन् । यसरी विभिन्न परिवेश र त्यस परिवेशमा घटेका घटनाहरूमा प्रयोगशीलता भेट्न सकिन्छ ।

## ३.६ 'आज रमिता छ' उपन्यासको विचार वा उद्देश्यमा प्रयोग

कुनै पनि साहित्यिक कृतिको रचना गर्दा साहित्यकार तथा उपन्यासकारले एक न एक उद्देश्य राखेर रचना गरेका हुन्छन् । उपन्यासकार राई प्रयोगवादी उपन्यासकार भएको हुनाले उनको उपन्यास रचना, विचार परम्पराधर्मी उपन्यासभन्दा केही पृथक् देखिन्छ । यस्ता प्रयोगधर्मी उपन्यासमा मानवयुग जीवनका विसङ्गति तथा अस्तित्वको खोजी तथा सामाजिक, आर्थिक, राजनीतिक विकृतिको व्यङ्ग्यात्मक प्रस्तुति गरिएका हुन्छन् । विषयवस्तुका दृष्टिले सामाजिक, यथार्थवादी र चिन्तनका दृष्टिले विसङ्गति, प्रयोगवादी उपन्यासकारद्वारा लिखित **आज रमिता छ** उपन्यासका केन्द्रीय कथ्य वा भाव श्रमजिवि जीवनका समस्याकेन्द्रित रहेका छन् । दार्जिलिङमा रहेका प्रवासी नेपालीहरूको जीवन चरित्रलाई यस उपन्यासमा विषयवस्तु बनाएका छन् । मूलभूत रूपमा मजदुर वर्गको चित्रण रहेको यस उपन्यासमा आजको दार्जिलिङ प्रतिबिम्बित भएझैँ अनुभूत गराउँदछ । यस उपन्यासमा प्रवासी नेपाली वा नेपालीहरू दार्जिलिङ गएदेखि त्यहाँ रहुन्जेलसम्म नेपालीहरूले भोग्नुपरेका दुःखपूर्ण अवस्था र समस्याको चित्रण गरिएको पाइन्छ । दार्जिलिङको इतिहास एक पुस्ताको पात्र नभएर पुस्तौँपुस्ताको हो भन्ने कुरा यस उपन्यासमा देखाइएको छ । प्रवासी नेपालीहरूले पुस्तौँपुस्तादेखि भोगिआएको कष्टपूर्ण, दुःखपूर्ण जीवनस्थितिको जीवन्त चित्रण यस उपन्यासमा विषयवस्तुका रूपमा आएको देखिन्छ । विशेष गरी यहाँका मजदुर वर्गले चियाबगानमा काम गर्दछन्, उनीहरूको जीवन निरर्थक, निस्सार र विसङ्गत देखिन्छ जसलाई उपन्यासकार राईले विषयवस्तु बनाएका छन् । त्यसैले यस उपन्यासको विषयवस्तुमा प्रयोगशीलता भेट्न सकिन्छ ।

उपन्यासकार इन्द्रबहादुर राईले दार्जिलिङ समाजको कुनाकाप्चा सबैको यथार्थलाई उतार्नका लागि धेरै पात्रहरूको प्रयोग गरेका छन् । ती पात्रहरूले भोगेका विसङ्गत जीवनलाई उपन्यासमा मूल कथ्यका रूपमा प्रस्तुत गर्नु नै प्रयोगशीलता हो । विसङ्गतिवादी जीवनलाई यथार्थ रूपमा प्रस्तुत गर्ने यस उपन्यासको प्रमुख प्राप्ति नै प्रयोगशील पक्ष हो । यो उपन्यास समग्रमै प्रयोगवादी मान्यतामा आधारित रहेकाले उपन्यासको मूल कथ्य नै प्रयोगशील छ । उपन्यासमा वर्णित घटनाको व्यतिरेकमा यसको नामकरण गरिएको छ । यस उपन्यासका पात्रहरू असन्तोष, निराशा, चिन्ता, निरर्थकता, शून्यता आदिबाट ग्रसित

रहेकाले यिनीहरूको जीवनमा नरमाइला तथा बिभत्स घटनाहरू घटेका छन् । उपन्यासमा आएका जनक, सीता, रवि, भूदेव, यमुना, धर्मप्रसाद, वीरमान आदिका नाम र काममा निरर्थक तथा विसङ्गत देख्न सकिन्छ । यो पनि यस उपन्यासको प्रमुख प्रयोगशील पक्ष हो । उपन्यासमा नामअनुरूपको कार्यव्यापार छैन; त्यसैले गर्दा उपन्यासको कथ्यमा विसङ्गतिको प्रयोग गरिएको छ । उपन्यासको कथ्य र पात्रविधानमा सार्थकता नभएकाले उपन्यासको कथ्य वा भाव (विषयवस्तु) मा प्रयोगशील पक्ष रहेको छ ।

## ३.७ निष्कर्ष

उपन्यासकार इन्द्रबहादुर राई प्रयोगवादी  उपन्यासकार वा साहित्यकार हुन् । साहित्यका विविध (निबन्ध, समालोचना, कथा, उपन्यास) विधामा कलम चलाएका राईको प्रकाशित उपन्यास **आज रमिता छ** हो । यस उपन्यासलाई  नेपाली उपन्यास  परम्परामा नवीन र विशिष्ट रचनाका रूपमा लिन सकिन्छ । यसमा दार्जिलिङे नेपाली समाजका आर्थिक, राजनैतिक, सामाजिक बनौटको यहाँ जस्ताको तस्तै तस्वीर खिचिएको छ । दार्जिलिङका नेपालीले भोग्नुपरेको समस्या, विसङ्गत, अस्तित्व, निस्सारता, शून्यता, निरर्थकता आदिलाई उपन्यासमा राईले राम्ररी उतारेका छन् । यस उपन्यासको कथानक सङ्गठित नभएकाले अन्य उपकथाहरूलाई सचेत रूपमा अगाडि बढाएको देखिँदैन । यस उपन्यासमा घटनालाई भन्दा चरित्रलाई बढी महत्त्व दिइएको कारण सारवस्तु  विशृङ्खलित छ । यस उपन्यासमा कार्यकारण शृङ्खला पनि व्यवस्थित भएको  छैन । परम्परित उपन्यासको जस्तो कथानकमा सङ्गति नहुनु, यथार्थ अङ्कनको विशिष्ट प्रयत्न हुनु, आङ्गिक एकता नपाइनु, धेरै व्यक्तिका जीवनको कथा हुनु आदिले गर्दा पनि यस उपन्यासमा धेरैभन्दा धेरै प्रयोगशील पक्षहरू भेट्न सकिन्छ । मुख्य नायक नायिकाको कथावस्तु विशृङ्खलित रहेकाले यस उपन्यासमा कथानकलाई प्रारम्भ, विकास, उत्कर्ष, अपकर्ष र अन्त्यको शृङ्खलामा बाँड्न मुस्किल परेको छ । यस्तै विभिन्न कारणले गर्दा यस उपन्यासमा प्रयोगशीलता भेट्न सकिन्छ ।

# चौथो परिच्छेद

## 'आज रमिता छ' उपन्यासको भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु तथा शीर्षकविधानमा प्रयोग

### ४.१. विषयप्रवेश

प्रस्तुत परिच्छेदमा **आज रमिता छ** उपन्यासमा निहित शिल्पविधानअन्तर्गत प्रयोगशीलताको खोजी गरिएको छ । शिल्पविधानअन्तर्गत भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु तथा शीर्षकविधानसँग सम्बन्धित भएर ती पक्षहरूमा के-कस्तो प्रयोगशीलता भेटिन्छ भनी खोजी गरिएको छ ।

### ४.२. आज रमिता छ उपन्यासको भाषाशैली तथा संवादमा प्रयोग

**आज रमिता छ** उपन्यासमा संवाद तथा भाषाशैली पक्ष ज्यादै शक्तिशाली छ भन्न सकिन्छ । यस उपन्यासको प्रयुक्त भाषाशैलीमा प्रयोगशील प्रवृत्ति पाइन्छ । विष्णुप्रसाद पौडेलले दार्जिलिङमा रहेका नेपाली समाजको बहुरूपता प्रकट गर्ने सन्दर्भमा उपन्यासमा विविध स्रोतका भाषाहरूको उपयोग भए पनि ती सहज र स्वभाविक नै बनेर आएका छन्, सम्प्रेषणका दृष्टिले भने केही अप्रचलित तत्सम र आगन्तुक शब्दहरूको प्रयोगले बौद्धिक पाठकको अपेक्षा गरेका छन् भन्ने कुरा उल्लेख गरेका छन् (पौडेल, २०६८: २४५) । खास गरी राईको **आज रमिता छ** उपन्यासमा विसङ्गतिवादी चिन्तनको प्रभाव परेको हुनाले भाषामा पनि विसङ्गत चिन्तनको बढी प्रभाव देख्न सकिन्छ । राईले परम्परागत उपन्यासको जस्तो सरल भाषाको प्रयोग नगरी विसङ्गतिवादी मान्यताअनुरूपको भाषिक विचलनको प्रयोग गरेका छन् । विसङ्गती मान्यताले मान्छेको जीवन विशृङ्खलित र अस्तव्यस्त रहेकाले त्यस्तो विशृङ्खलित र अस्तव्यस्त जीवनलाई प्रस्तुत गर्ने भाषा पनि त्यस्तै किसिमको अस्तव्यस्त र विशृङ्खलित हुनुपर्छ भन्ने मान्यता राख्दछ । उपन्यासकार राईको उपन्यासमा भाषा परम्परागत किसिमको नभएर अत्यन्त भिन्न, क्लिष्ट र नवीन प्रवृत्तिको छ । राईले उपन्यास लेखनका क्रममा प्रायः व्याकरणिक नियमको पालना गरेका छैनन् । जीवन निरर्थक छ, निस्सार छ र कँहिकतै पनि सङ्गति छैन भन्ने मान्यताबाट उपन्यास लेखन प्रभावित छ । भाषिक विचलनका कारण उपन्यास जटिल र क्लिष्ट बन्न पुगेको छ ।

राईले यस उपन्यासमा शब्दयोजना र वाक्ययोजनालाई परम्परित उपन्यासमा भन्दा नयाँ ढङ्गले प्रयोग गरेका छन् । अमूर्त किसिमको शब्दहरूको संयोजन उपन्यासमा भएको छ जसले अर्थको अनिश्चयताको सङ्केत गरेको छ ।

इन्द्रबहादुर राईले यस उपन्यासमा नेपाली भाषाको मात्र प्रयोग नगरी हिन्दी, अङ्ग्रेजी, तामाङ आदि भाषाको प्रयोग गरेका छन्, जस्तैः  यहाँ फाकसाको मोमो, थुक्पा, छौछौ ताजा र गरम पाइन्छ, पासाङलाको छ्याङ प्रसिद्ध छ (पृ. २०) ।  इन्भ्वाइसहरू देखाइदेखाइ  कैयाँहरूले लुगा बेच्दै रै'छ (पृ. २१) । ये बकसा किसका है ?

हमारा है बाबुजी (पृ. २२) ।

उपन्यासमा पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवाद प्रयोग गरेका छन् । जयविलास र शमसेरसँग मिलेर वस्त्रपसल खोलेको जनकलाई व्यापारमा घाटा लागेर सङ्कटको अवस्था सृजना भएको छ । उसले पर्चा छपाएर बाँडेको छ । उक्त पर्चाको भाषा पनि विसङ्गती तथा विशृङ्खलित भएको छ, जस्तैः सारीहरू- सारीको महत्त्व दाममा छ, पत्नीहरूका लागि, पहिल्यै आएर हामीसँग कुरा मिलाइराख्नुभयो भने पछि सँगै उहाँलाई लिएर किन्न आउनुहुँदा ३५ को ५३ भन्दिउँला, हामीसँग अनेक सारी छन्,  सुन्दर शरीरमा च्याप्प समाई टाँस्सिरहने, झर्न नमान्ने, सारीहरू छन् जुन लाएको केहीबेरमै लाउनेलाई शङ्का लागि आत्तिनेछन्, फेरि हामीलाई नै मन नपर्ने रङ्गका सारीहरू पनि छन् तर कसैलाई मन परिजाला, कसैलाई जरुरै मन पर्छ होला त्यस्तो रङ्ग र ता ती सारी बनिएका छन् (पृ. १६) ।

उपर्युक्त कथनमा पनि नवीन प्रयोग देख्न सकिन्छ । विसङ्गतिवादी मान्यताअनुसार यस उपन्यासको संवादमा विसङ्गतिको बोध गर्न सकिन्छ । यहाँ केही प्रासङ्गिक संवादका दृष्टान्त प्रस्तुत गर्नु उपयुक्त देखिन्छ :

गाडाले कोपेर गएको शून्य, नियास्रो लमतन्ने मेगरमा मेरो जीवन कैदीको जस्तो, समाज बहिष्कृत पुरुषको जस्तो बित्यो, जसलाई पहाडका जम्मै आत्मीयहरूले मानौँ मृत्युदण्ड दिएका थिए (पृ. ९) । धर्मप्रसादको यो भनाइमा उनले आफ्नो जीवनको केही अर्थ नभएको र समाजले बहिष्कृत वा बेवास्ता गरेको, आफन्तहरूले मृत्युदण्ड दिएसरह भएको आफ्नो जीवन निरर्थक, शून्य, निस्सार, जेलमा बसेको कुनै कैदीको जस्तो घृणित जीवन बिताउन परेको कुरा स्पष्ट हुन्छ ।

एम. के. र उसकी स्वास्नीबीचको यस संवादमा पनि विसङ्गती भेट्न सकिन्छ, जस्तैः

तपाई जाँड खानुहुन्छ ।

म जाँड खाँदिन ! म वाइन खान्छु

वैनसैन तपाइ केही नखानुहोस् न सक्नुहुन्छ ?

म वाइन नै खान्छु । वाइन नखानेले जनकले जस्तो अर्काकी स्वास्नीलाई चुम्मा खान्छ (पृ. २४) ।

एम. के. र उसकी स्वास्नी बीचको यस संवादले जँड्याहा पोइबाट वाक्क भएकी बाबुनीले जाँड नखान आग्रह गर्दा आफूले वाइन खाएको र वाइन नखानेले जनकले जस्तो अर्काकी श्रीमतीको चुम्मा खान्छ तर आफू त्यस्तो नभएको फूर्ति लगाउँदै पुरुषार्थ देखाउँछ । घरमा साँझ बिहानको छाक टार्न गाह्रो हुने एम. के. ले वाइन खान्छु भन्दै आफ्नो पुरुषार्थ प्रदर्शन गर्छ । एम. के. को उक्त संवाद अस्वाभाविक देखिन्छ, जस्तैः रक्सीले धन र स्वास्थ्य मानिसको बिगार्छ, त्यसकारण नखानु, तर वाइनले ठुला मानिसहरूको सङ्गत र समानता दिन्छ, ठुलो व्यापार र निर्णयहरू वाइन-टेबलमा तय हुन्छन्, दैलो कुरेर हुँदैन (पृ.२४) ।

जनकको यस प्रकारको भनाइबाट फोस्रो आदर्श झल्कन्छ । व्यापारमा घाटा लागेर टाट पल्टन पुगेको व्यक्ति जो रक्सी खाने औकातमा छैन उसैले अझ वाइन खाएर ठूला ठूला व्यापारिक निर्णय गर्न सकिन्छ भन्दै अपत्यारिला कुरा गर्छन्, जुन कुरा अर्थहीन छ ।

रवि र पार्थिवको संवादमा पनि प्रयोगशील पक्ष भेट्न सकिन्छ । जस्तैः

तिमी किन प्रेम आफैँ चैँ गर्दैनौ ?

तिमीले यो सिनेमा हेऱ्यौ ? बुढाले तरुनी बिहा गरेर कति बेहालत भएको देखाइएको छ डाइरेक्टरले ।

मलाई त्यस्तै बुढो हुने मन छ ।

ल...ल !

म ५६ वर्षको हुँदा बिहा गर्छु, त्यसकारण म ४० वर्षको पुग्दा मेरी दुलहीको पृथ्वीतलमा अवतरण हुनेछ। अहिले धेरै वर्ष छ।

पापी ! महापापी ‼ (पृ. ३४) । पार्थिवले आफ्नो विवाह बुढेसकालमा तरुनी केटीसँग गर्ने भनी अनमेल विवाहको कुरा गरेको छ। यो पनि असामाजिक नै मानिन्छ।

सन्चरवार राति मातेर बाहुनबस्ती घुम्नेहरूले आइतवार नेता भएर बजारमा लेक्चर गर्छ, अनि त दार्जिलिङको उन्नति कति हुनु ? (पृ. ३६) । क्लर्कको यो भनाइमा राजनीति गर्ने नेताहरूले जाँड रक्सी खाई गाउँबस्ती हल्ला गर्ने र फोस्रो लेक्चर तथा भाषण गर्नेले दार्जिलिङको विकास कसरी गर्न सक्छ भनी व्यङ्ग्य गरेका छन्।

मेरो न्यायमा सबलाई बराबरी पार्नु एकदम अन्याय हो (पृ. ३७) । भूदेव यस प्रकारको भनाइबाट अवसरवादी नेता, भ्रस्टचारी, राष्ट्रघाती र जनतालाई भेदभाव गर्ने, बेवास्ता गर्ने नेताका रूपमा देखा पर्दछ।

एउटा कथाको किताब पढ्नु देउन दाजु !

आफै छान्नुहोस् (पृ. ३९) । यमुना र रविबीचको यो संवादमा रविभन्दा दोब्बर जेठी यमुनाले रविलाई दाजु भन्दा यमुनामा यौवनाले उन्मात्त भएको देखिन्छ र रविकै बाबु जनकसँग लहसिएकी छ। जस्तैः

कति छ तपाइको ?

मेरो त... बल्ल बल्ल... ३३-१८-२९ पुग्छु !

म बताऊँ तपाइको ब्युटी केमा छ ? ...

पर्दैन बाजे !

म जान्दछु र पो बताउँछु त...

पर्दैन ज्यू; तपाइ जस्तो चार सौ बीसले !

म ४२०

तपाइको एट्रेक्सन केमा छ भने नि, कम्मरदेखि मुनि खुट्टातक यो भाग तपाइको लामो सुलुक्क परेको साह्रो सुहाउने छ,  मलाई सारै मन पर्छ (पृ. ५५-५६) । जनक र यमुना बीचमा भएको यस संवादले बिरामी श्रीमान् उपचार गर्न आएकी यमुना र घरमै श्रीमती भएको जनक बीचको सम्बन्धमा प्रश्न चीन्ह खडा भएको छ । अर्काको श्रीमतीको बखान गर्दै कम्मरमुनिका पिडुँला, तिघ्रा र साप्रा सुलुक्क परेको छ; मलाई मन पऱ्यो भन्दै उसलाई आफूप्रति आकर्षित गर्न अग्रसर देखिन्छ । सामाजिक मर्यादा र संस्कारको उलङ्घन गर्दै सीमा नाघ्न थालेका जनक र यमुना बीचको यो संवाद उच्छृङ्खल देखिन्छ भने यो अश्लील र अस्वभाविक देखिएको छ ।

तलब चाहीँ उहाँ कहिले पाइन्छ ? महिना मरेर कति दिनमा पाइन्छ ?

हँ...

भन्नोस् न महिना मरेको कति दिन पछि पाइन्छ ?

महिना मरेको पाँच महिनापछि पाइन्छ !

कोही बेला वर्षदिनपछि, मास्टर मरेपछि त पाँइदैन (पृ. ६०) । के. बी. मास्टर र एम .के. बीचको यो संवादमा पनि शून्यताबोध, विसङ्गतिबोध भेट्न सकिन्छ ।

मैले धेरै हेरेँ, गुनेँ, बिचारेँ, खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहेछौँ, जीवन खोलाको पानीमा बग्ने हरियो पात मात्रै रहेछ, तिमी एउटा पात, म एउटा पात, एउटा विराट् अन्धबाध्यता, जीवन बाँचिन्छ, यसलाई बाँचिइन्छ यति नै अर्थहीन अर्थ जीवनको ! (पृ.६८) । यसरी जनकले जीवनलाई खोलाले बगाए झैँ परिस्थितिले बगाउने खोलाको पात जस्तै थाहा नभएको यात्रा र त्यो यात्रा बाध्यता हो र अर्थ नभएको अर्थ नै जीवन हो भन्ने जीवनको विसङ्गत यथार्थलाई दार्शनिक तवरमा उक्त संवादमार्फत प्रस्तुत गरेको छ ।

यो जुनीमा त म 'मान्छे' हुनै पाइनँ, केटाकेटी उमेरदेखि अलिकति बढेर रोकिनु पऱ्यो, कचल्टिएँ, जहिले पनि मलाई ५ रुपियाँ र १० रुपियाँको खाँचो पऱ्यो; हजार-हजार रुपियाँ चाहिने हुनै सकिनँ तर अर्को जुनीमा हामी धनी हौँला, दोकानतिर अनेक किसिमका चिजहरू छन्; ती सब चाहिने मान्छे म हुनै सकिनँ (पृ. ६८) । यस भनाइका आधारबाट एम. के. मा

एक प्रकारको हीनताबोध साथै जीवनप्रति निराशा, शून्यता र निस्सारताबोध भेट्टाउन सकिन्छ ।

मलाई त यो जुनीको दु:ख सम्झदा अर्को जुनी नहोस् जस्तो लाग्छ (पृ. ६८) । एम. के. र उसकी पत्नी बाबुनीका बीचको यो संवादबाट उनीहरू जीवनदेखि वाक्क भएको भान हुन्छ । संवादका माध्यमबाट उनीहरूले शून्यताबोध तथा निराशाबोध गरेको देखिन्छ ।

पुष्पाकी आमा !

हजुर ।

“त्यो मेरो ठुलो कालो टिनको बाकसमा तिमीले के राखेकी छौ ?

केई हैन ... किन ?

हाम्रो यो कान्छी छोरी जन्मेपछि त्यै मेरो ठुलो बाकसमा हालेर उँधै उँधो नालीदेखि बगाइदिन्छु (पृ. ६९) । उपर्युक्त संवादात्मक अभिव्यक्तिअनुसार  एम. के.मा अभिभावक भएर पनि अभिभावकत्वको जिम्मेवारी बहन गर्न नसकेको स्थितिमा कर्तव्यहीन, निराशावादी जीवनदृष्टि पाईन्छ ।

म  मरेपछि एउटा राम्रो धनी मान्छे हेरेर तिमी जानू है...(पृ. ९९) । यस संवादका आधारमा पनि एम. के. मा मृत्युन्मूखि प्रवृत्ति पलाएको छ । उसलाई मृत्यु प्यारो लाग्छ र उसले आफ्नी श्रीमतीलाई उक्त कथन भनेको छ ।

यस्तो सब दाग हराउने क्रिम चार रुपैंमा पाउँछ, म किन्छु ।

किन्नुपर्छ किन

मसँग ताजमहल बनाइदिने पैसा पो छैन, प्रेम त म तिमीलाई शाहजहाँले भन्दा ज्यादा गर्छु (पृ. ११२-११३) । यी दुईको संवादबाट घरमा खाना केही नभएको अवस्थामा एम. के. ले बाबुनीलाई क्रिम किनेर मुखको दाग, चायाँ हटाएर तरुनी बन्नुपर्ने र शाहजहाँले भन्दा ज्यादा प्रेम गर्छु भन्ने एम. के. ले आदर्श प्रस्तुत गरेको छ । यसमा विपत्तिपूर्वक बाँच भन्ने नित्सेको मान्यताले एम. के. को जीवनमा सार्थकता पाएको छ ।

पुष्पाको बाबु... झुन्डेर मरेछ ।

के ?

तल ग्यारेजमा गएर राति नै झुन्डिएर मरेछ ।

त्यल्लाई किन मर्नुपरेछ जहान-छोराछोरी छोडेर ? पापी साला ...(पृ. ११५) । रवि र जनक बीचको संवादमा क्लर्कको काम पाएको लगत्तै आत्महत्या गर्ने एम. के.ले समाजमा पाँच रुपैँया खाँचो पर्दा रन्थनिनु परेको र हजार-हजार रुपैया चाहिने हुनै नसकेको दुखेसो पोख्दै एक्लोपनको अनुभव गर्दै निरर्थकता, निस्सारता र शून्यताबोध गर्दै मृत्युन्मूखि प्रवृत्तितर्फ अग्रसर भएर आफूलाई समाप्त गरेको छ ।

चिन्नुभो के मलाई ?

कहाँदेखि ? खै वीरमान ?

आसाम छन्, दरङ्गामा । म तपाँइको हिज फर्केको, इलाम जादैंछु, आफ्नो घर तपाँइको ।

तपाँइकै दरङ्गामा तपाँइकै वीरमान तपाँइकै के गर्दैछ ?

बिहे गऱ्यो उल्ले त ।

बिहे गऱ्यो कसलाई ?

तपाँइको आफ्नै भान्जीलाई !

कस्तो होकि ? (पृ. १२३) जनक र खगप्रसादको संवादमा वीरमानले आफ्नै साखै भान्जीलाई विवाह गरेर सामाजिक संस्कार र संस्कृति विपरित विवाह गरेकोमा आपत्ति जनाएको छ । यसअनुसार पनि यस उपन्यासमा प्रयोगशील पक्ष स्पष्ट रूपमा देख्न सकिन्छ ।

यसरी माथिका उल्लिखित संवादहरूमा निराशा, निस्सारता, शून्यता र निरर्थकता जस्ता विसङ्गतिवादी मान्यताहरूको टड्कारो रूप देखिन्छ जसले गर्दा यस उपन्यासका प्रयुक्त संवादहरूमा प्रयोगशील पक्ष भेट्न सकिन्छ । माथि उल्लिखित संवादबाहेक नवीन प्रयोगका संवादहरू प्रशस्त भेट्न सकिन्छ ।

प्रयोगवादी साहित्यिक मान्यताले परम्पराभिन्न भाषिक मूल्यको अपेक्षा गरेको हुन्छ । परम्परित उपन्यासले जे जस्तो भाषिक पक्षको खोजी गरेको हुन्छ भने प्रयोगवादी साहित्यले

भिन्न भाषिक शैलीको खोजी गरेको हुन्छ । घनश्याम कँडेल उपाध्यायले परम्परागत साहित्यले भाषाशैलीअन्तर्गत शब्दयोजना र वाक्यविन्यासलाई लिएको पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् (उपाध्याय, २०६१: १४५) । शब्द र वाक्यहरू जति सहज, स्वाभाविक, सार्थक र सुगठित हुन्छन् । उपन्यासको भाव पक्ष पनि त्यत्तिकै सशक्त र जीवित बन्दछ भन्ने मान्यता राख्दछ । त्यस्तै परम्परित उपन्यास लेखनमा लोक व्यवहारअनुरूपको भाषाको अपेक्षा गरिएको हुन्छ । इन्द्रबहादुर राईको **आज रमिता छ** उपन्यासमा प्रयुक्त भाषाशैलीमा प्रयोगशील प्रवृत्ति पाइन्छ । खास गरी उनका उपन्यासमा विसङ्गतिवादी चिन्तनको प्रभाव परेको हुनाले भाषामा पनि विसङ्गत चिन्तनको प्रभाव देख्न सकिन्छ । उनको रुचि परम्परागत उपन्यासमा जस्तो सरल भाषिक शिल्पको प्रयोग नभएर विसङ्गतिवादी मान्यताअनुरूपको भाषिक शिल्पको प्रयोगमा रहेको छ । विसङ्गतिवादी मान्यताले मान्छेको जीवन विशृङ्खलित र अस्तव्यस्त रहेकाले त्यस्तो विशृङ्खलित र अस्तव्यस्त जीवनलाई प्रस्तुत गर्ने भाषा पनि त्यस्तै किसिमको विशृङ्खलित र अस्तव्यस्त हुनुपर्छ भन्ने मान्यता राख्दछ । राईको उपन्यासको भाषा परम्परागत किसिमको नभएर अत्यन्त भिन्न र नवीन प्रवृत्तिको छ । राईले उपन्यास लेखनका व्याकरणिक नियमको पालना गरेका छैनन् ।

उपन्यासकार राईले यस उपन्यासमा मौलिक गद्य भाषाको प्रयोग गरेका छन् । उपन्यासको विभिन्न ठाउँमा भाषिक चयनको विशिष्टता भेटिन्छ, जस्तैः

मेरो घर कोङ्सी हैन, तास बन्द आजुदेखि ! (पृ.२) । जनकका बाबुको यस भनाइ आजदेखि तास बन्द गर भन्नुपर्नेमा तास बन्द आजुदेखि भनिएको छ । यस शब्दमा भाषिक शुद्धता देखिँदैन वा स्थानीय भाषाको प्रयोग भएको देखिन्छ ।

तेरो अब कति मैना छ पढ्नु ? (पृ. २) । जनककी आमाको यस भनाइमा महिना हुनुपर्नेमा मैना भनेर उच्चारण गरेकाले यसमा भाषिक शुद्धता पाइँदैन ।

भोन्नु त सोजिलो छ, कर्नु... (पृ. १८) । अजोयदासको यस भनाइमा पनि भाषिक विचलन पाइन्छ ।

यहाँ फाकसाको मोमो, थुक्पा, छौछौ ताजा र गरम पाइन्छ, पासाङलाको छ्याङ प्रसिद्ध छ (पृ. २०) ।

यस वाक्यमा पनि शुद्ध नेपाली भाषा नभएर तामाङ भाषा मिश्रित वाक्य उच्चारण भएको छ । यसमा पनि नवीन भाषाको प्रयोग भएको देखिन्छ ।

होस्, म खान्नँ । तिमीहरूले ढिलो गर्‍यौ । म जान्छु । म गएँ । म अब सधैँ आउँदिनँ !

शुकनाथको उपर्युक्त भनाइमा पनि भाषिक शुद्धता पाइँदैन । म कहिलेकँही मात्र आउँछु भन्नुपर्ने ठाउँमा म अब सधैँ आउँदिनँ भन्ने वाक्यको प्रयोग गरिएको छ ।

बिहारीजोन अ्याकदोम खोराब (पृ. २१) । यहाँ एम. के. र अजोयदासको कुराकानीमा एकदम खराब हुनुपर्नेमा अ्याकदोम खोराब भनी अशुद्ध शब्द प्रयोग गरिएको छ यसमा पनि प्रयोगशील पक्ष भेट्न सकिन्छ ।

ये बकसा किसका है ?

हमरा है बाबुजी !

कितना देगा ? उठाएका ?

कितना माँगता आप ?

५ रुपियाँ लेगा ।

खालि ५ रुपियाँ ?

एक कुल्ली १५ रुपियाँ माँगता था, दुसरा कुल्ली २५ रुपियाँ । आप खालि ५ रुपियाँ बोलता ? उठाऊ, सब सामान उठाऊ । (पृ. २२)

माथिका संवादमा पनि हिन्दी भाषाको प्रयोग गरिएको छ । यसलाई पनि नवीन प्रयोग हो भन्न सकिन्छ ।

पर्सक्युसन मनिया, ही सेज । इजिन्ट देट एब्सर्ड ?

आफ कोर्स ! (पृ. २३) ।

माथिको संवादमा पनि अङ्ग्रेजी भाषाको प्रयोग भएको हुँदा यसलाई पनि नवीन प्रयोग हो भन्न सकिन्छ ।

आगारी टिकट नामाग्यो भने बक्सा बेडिङ चुरी कोर्छ, बेहारीजोन अ्याकदोम खोराब !

यसरी माथिका उल्लिखित संवादहरूका भाषामा विभिन्न भाषाहरूको प्रयोग भएको देखिन्छ, जसले गर्दा यस उपन्यासमा प्रयुक्त भाषाहरूमा प्रशस्तै प्रयोगशील पक्ष भेट्न सकिन्छ ।

## ४.३ 'आज रमिता छ' उपन्यासको शीर्षकमा प्रयोग

शीर्षक कुनै पनि साहित्यिक कृतिको अभिन्न तथा मुख्य अङ्गका रूपमा रहेको हुन्छ । दयाराम श्रेष्ठले शीर्षकबिनाको साहित्यिक कृतिहरू नामबिनाको मान्छे जस्तै हुन्छन् भनेका छन् (श्रेष्ठ, ३०३९: १५०) । शीर्षकले साहित्यिक कृतिको परिचय दिने गर्दछ । परम्परावादी उपन्यासमा शीर्षक नै अलाङ्कारिक हुनुपर्छ भन्ने मान्यता राख्दछ तर प्रयोगवादी उपन्यासमा शीर्षक अलाङ्कारिक भन्दा व्यङ्ग्यार्थ हुन्छ । प्रयोगवादी उपन्यासमा शीर्षक क्लिष्ट, दुरुह, जटिल प्रकृतिको हुन्छ । परम्परावादी उपन्यासमा उपन्यासको घटनाक्रम, पात्र वा विचारलाई अँगालेर शीर्षक चयन गरेको हुन्छ । प्रयोगवादी उपन्यासमा तत्कालीन मान्छेका युग जीवनको विसङ्गतिबोध तथा अस्तित्वको खोजी गर्ने खालका शीर्षक चयन गरिएको हुन्छ । प्रयोगवादी उपन्यासमा बिम्बात्मक तथा प्रतीकात्मक रहेको हुन्छ । कुनै प्रयोगवादी उपन्यासमा व्यङ्ग्यात्मक शीर्षक पनि रहेको हुन्छ । शीर्षक पनि व्यङ्ग्यात्मक रहेकाले यस उपन्यासको प्रयोगशील पक्ष हो ।

यस उपन्यासको शीर्षक अनौचित्यपूर्ण वा व्यङ्ग्यात्मक छ । शीर्षकमा प्रयुक्त तीनवटा शब्द 'आज', 'रमिता', 'छ' मा 'आज' ले नवीनताको सङ्केत गर्दछ, 'रमिता' ले हर्ष, उल्लास, रमाइलो आदिको सङ्केत र 'छ' ले सामान्य वर्तमानकालिक क्रियाको अर्थ बोकेको छ । शीर्षकको सामान्य अर्थमा हेर्दा वर्तमान रमाइलो छ भन्ने हुन्छ तर यस उपन्यासमा अनिच्छापूर्ण जीवन बिताउन बाध्य मान्छेका जीवनको यथार्थ चित्रण प्रस्तुत छ, जसले गर्दा वास्तविक रूपमा आज रमिता छैन भन्ने पुष्टि गर्दछ । भाषावैज्ञानिक दृष्टिले विश्लेषण गर्दा 'छ' भन्नु (+वर्तमान+निश्चय+निषेधात्मकता) लाई बुझाउँदा यसरी **आज रमिता छ** शीर्षक र रचनाको बीचको पूर्ण विपरीत सम्बन्ध राख्छ । यहाँ रमिताको अर्थ रमाइलो नभएर बिजोग हो भन्न सकिन्छ । यसरी यस उपन्यासको शीर्षक विसङ्गत रहेको छ भने शीर्षकीकरणमा नवीन प्रयोग देखिएको छ ।

**आज रमिता छ** उपन्यास समग्रमै नवीन मान्यतामा आधारित छ । उपन्यासलाई समग्रमा पढिसक्दा उपन्यासमा घटित घटनाहरू रमिताको अर्थबोधी छैनन्; यिनले जीवनको आन्तरिक तथा बाह्य जटिलतालाई नै ओगटेका छन् । त्यसकारण शीर्षकले व्यञ्जना अर्थ दिन्छ । उपन्यासमा यो रमिता हरेक चरित्रहरूका हरेक कार्यव्यापारहरूसँग गएर जोडिन्छ र हरेक चरित्रहरूले जीवनलाई, यसको जटिलतालाई, युगीन यन्त्रलाई एउटा रमिता बनाइरहेका छन् । विसङ्गत जीवनमा नरमाइकनै पनि रमिता हुनसक्छ । उपन्यासका चरित्रहरूले यसैको बोध गराउँदछन् ।

यस उपन्यासका हरेक चरित्रले अर्थ खोज्दाखोज्दै पनि निरर्थकताको वरिपरि घुमिरहेका छन् । ती चरित्र ग्रीसेली मिथक सिसिफसको आधुनिक संस्करण जस्तै लाग्छ । सिसिफश त ढुङ्गो बोक्ने नियमितताको निरर्थक नियति मात्रै भोग्न अभिषप्त थियो तर यस उपन्यासका चरित्रहरू जीवनचर्या बदल्दाबदल्दै र पृथक रूपले जीवन बाँच्दाबाँच्दै पनि विसङ्गतिबोधले ग्रस्त छन् । किनकि आफ्नो अहम् र अस्मिता खोज्ने क्रममा यिनीहरूले निरर्थकता मात्र हासिल गरेका छन् । उपन्यास पढ्दै जाँदा उपन्यासको शीर्षकले नै यस्तो अर्थ ध्वनित गरिदिन्छ कि पाठकलाई लाग्छ उपन्यासका सबैजसो चरित्रहरू जिन्दगी बाँचेका होइनन् एउटा न एउटा रमिता गर्न अभिशप्त छन् । यहाँनिर महान् नाटककार शेक्सपियरले संसारलाई एउटा रङ्गमञ्च जीवनलाई नाटक र मान्छेलाई नाटकका कलाकार मानेको प्रसङ्गलाई यस उपन्यासको शीर्षकसँग मिलेको आभास हुन्छ ।

विसङ्गतिवादी मान्यतालाई आत्मसात् गरेर लेखेको यस उपन्यासको शीर्षक नै विसङ्गत छ । उपन्यासमा वर्णित घटनाको व्यतिरेकमा यसको नामकरण गरिएको छ । उपन्यासका सम्पूर्ण पात्रहरू असन्तोष, चिन्ता, निराशा आदिबाट ग्रसित छन् । उनीहरूको जीवनमा कति पनि रमाइलो छैन । यसमा घटित हरेक घटनामा विसङ्गति र निरर्थकता पाइन्छ । उपन्यासको मुख्य-मुख्य घटना करुणामा पुगेर टुङ्गिएका छन् र केही बिभत्स पनि छन्, तर उपन्यासकारले उपन्यासको नाम अर्थात् शीर्षक 'आज रमिता छ' राख्दछन् । उपन्यासका जनक, सीता, भूदेव, रवि, यमुना, धर्मप्रसाद, वीरमान र जयविलास आदि सबैका पात्रका नाम र कार्य व्यवहारमा नितान्त विपरीत सम्बन्ध देख्न सकिन्छ । उपन्यासलाई बिजोक अवस्थामा लगेर टुङ्ग्याएपछि पनि उपन्यासकार आज रमिता र रमाइलो देख्छन् । उपन्यासकारले उपन्यासको जुन तथ्य देखेका छन्, त्यो सत्य नभएकाले यसको शीर्षक विसङ्गत छ ।

उपन्यासको सुरुदेखि अन्त्यसम्मै दुःखै दुःख, निराशा, निरर्थकता, शून्यता र विसङ्गति छ तर यसका विपरीत उपन्यासको शीर्षक **आज रमिता छ** राखिएको छ, जुन विसङ्गतिमूलक भएको तथ्य प्रस्ट हुन्छ । उपन्यासमा विसङ्गत जीवनको यथार्थलाई प्रस्तुत गर्ने क्रममा मानव जीवनका निराशा, कुण्ठा, विवशता तथा बाध्यता, असफलता जस्ता यावत् कुराहरूलाई सशक्त रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको शीर्षकअनुरूप विषयवस्तु देखिँदैन । उपन्यासभित्र कुनै त्यस्तो रमाइलो क्षणको व्याख्या छैन । जीवन भोगाइका अफ्ठ्यारा, विसङ्गति, विकृति जस्ता कुराहरूलाई उपन्यासले विषयवस्तुका रूपमा समेटेको छ । यस्ता विषयवस्तु ग्रहण गरेर यस उपन्यासको कथानक र शीर्षकबीचको सम्बन्ध सार्थक नै नभएकाले उपन्यासको शीर्षक नै विसङ्गत रहेको छ, त्यसैले शीर्षकमा प्रयोगशीलता रहेको छ भन्न सकिन्छ ।

## ४.४ 'आज रमिता छ' उपन्यासमा प्रयुक्त दृष्टिविन्दुमा प्रयोग

परम्परित साहित्यभन्दा प्रयोगवादी साहित्यमा आउने दृष्टिविन्दु पनि पृथक् खालको रहेको हुन्छ । उपन्यासकार राई स्वयम् नवीन साहित्य लेखनमा उद्यत हुने साहित्यकार हुन् । **आज रमिता छ** उपन्यासमा पनि प्रायः गरेर तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । यस उपन्यासमा सर्वदर्शी समाख्याताको प्रयोग गरिएको छ, जस्तैः जनक, सीता, एम. के., रवि, भूदेव, दा नामग्येल, इशावेल, यमुना, धर्मप्रसाद, वीरमान, जयविलास, बाबुनी आदिको सम्पूर्ण कथाहरू आएका छन् । यस उपन्यासमा प्रयोग गरिएको तृतीय पुरुष दृष्टिविन्दु पनि आफैमा नवीन किसिमको छ । द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गराउनु यस उपन्यासको नवीन पक्ष हो । बेचिखाइनस् भने यसैले तँलाई पाल्छ (पृ. २) । यहाँ द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ भने जनकका बाबुले भनेका थिए (पृ. २) । यहाँ तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । एउटै लाइनमा द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गर्नु पनि प्रयोगशील पक्ष हो । यहाँ प्रथम पुरुष दृष्टिविन्दुको पनि प्रयोग भएको छ । म के गर्छु म ? तैँले पो कुटेर खेद्दैनस् र मैले के गर्नु ? यहाँ प्रथम पुरुष दृष्टिविन्दुको पनि प्रयोग भएको छ । यो पनि दृष्टिविन्दुमा प्रयोग गरिएको नयाँ प्रयोग हो । परम्परावादी उपन्यासमा सुरुदेखि अन्त्यसम्म प्रायः गरेर एउटै दृष्टिविन्दुको प्रयोग गरिएको हुन्छ भने यस उपन्यासमा तीनै वटा दृष्टिविन्दुको प्रयोग गरिनु पनि यस उपन्यासको प्रयोगशील पक्ष हो । यस उपन्यासमा आएका सर्वज्ञ दृष्टिविन्दु पनि हस्तक्षेपी छ । यस उपन्यासको समाख्याताले यस उपन्यासका पात्रहरूको सम्पूर्ण कुराहरूलाई उजागर गरिदिएको छ । यस उपन्यासमा

समाख्याताले जनक र सीताको, एम. के. र बाबुनीको, रवि र इशावेलको, दा नामग्येल र यमुनाको वृत्तान्त बताउनुले नै सर्वज्ञ हस्तक्षेपी दृष्टिविन्दु हो भन्ने बुझिन्छ । यसमा समाख्याताले जनकको विसङ्गत जीवन, एम. के., भूदेव, दा नामग्येलको विसङ्गत जीवन इशावेल+रविको विसङ्गत प्रेमको उल्लेख गर्नु पनि सर्वज्ञ हस्तक्षेपी दृष्टिविन्दुले नवीन प्रयोग अँगालेको छ ।

## ४.५ 'आज रमिता छ' उपन्यासको बिम्ब तथा प्रतीकमा प्रयोग

**आज रमिता छ** उपन्यास आफैमा प्रयोगशील तथा विसङ्गत उपन्यास हो । विसङ्गतिवादी उपन्यास वा साहित्यमा बिम्ब र प्रतीकको माध्यमले नै विसङ्गत कुरा दर्शाउने हुनाले यस उपन्यासमा पनि निकै बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ । सीमित मात्र भन्दा बढी बिम्ब र प्रतीकको प्रयोग गराउनु पनि यस  उपन्यासको प्रयोगशील पक्ष हो । यस उपन्यासको शीर्षक नै प्रतीकात्मक छ । 'आज रमिता छ' भन्ने शब्द एक आफैमा प्रतीकात्मक शब्द हो । हरेक ठाउँ, समाज, हरेक व्यक्ति यिनीहरू सबै जात्रा देखाएर हिँड्छन् भन्ने प्रतीकात्मक अर्थ यस उपन्यासले दिएको छ । यहाँ दुई चित्र टाँगिएका छन् जसबाट जनकको चरित्र बुझ्नमा सहाय्य होला । चित्रमा एउटा घायल मृग टाढामा देखिएको उसको हुलबाट बेग्लै एक्लै छुट्टिएर आई मृत्यु पर्खिरहेको छ । साथैको अर्को चित्रमा परदेशबाट बिमार भएर घर फर्केका बाबुलाई दैलोमा आमा छोरा लिन गएका छन्, सानी  छोरी खान बिर्सी  हेरिरहेकी छे (पृ. १६-१७) । यस कथनबाट पनि प्रतीकात्मक रूपमा मानव जीवनको विसङ्गतिबोध देखाइएको छ । खोलाको भलले जहाँ उचालेर लान्छ हामी त्यहीँ पुग्दा रहेछौँ (पृ. ६८) । यहाँ आएको खोलाको भेललाई मान्छेको जीवनसँग तुलना गरिएको छ । यो पनि एउटा प्रतीक हो । स्वर्णिम पङ्खा फिजाउँदै एउटा भाले मुजुर अघिदेखि बाटो देखाउँदै झैँ हिँडिरहेको छ, पाँचकोस बाटो हिँडिसकेर पनि त्यो यताको बाक्लो  वनमा पस्दैन, खसिराखेको  बाटाको थुर टिपेर जनकले झटारो हाने झैँ गऱ्यो, भाग्दैन  निर्भय छ त्यो मुजुर यात्रीहरूदेखि; सायद क्लान्त पथिकहरूको ममतासँग त्यो परिचित छ, भारतको भू-भाग सुरु भयो (पृ. ९) । यसमा आएको मुजुर एउटा नेपाली जनताको प्रतीकको रूपमा आएको छ । स्वदेशको माया मारेर विदेशतिर पलायन हुने युवाहरूको प्रतीकको रूपमा आएको छ । सरस्वतीको मूर्ति जस्तो हुँदैन, भन्यो रविले, मूर्तिहरू जतिकै सुन्दर भए पनि उदास हुन्छ, इशावेल उदास छैन (पृ. ३३) । यहाँ आएको सरस्वतीको मूर्ति एउटा विद्याकी देवीका रूपमा चित्रित भएको छ । इशावेल र रवि विद्यार्थी हुन् । रविले इशावेललाई

सरस्वतीकै उपमा दिनु, उनीहरू लगनशील र सरस्वतीप्रति आस्थाभाव राख्दछन् भन्ने कुरा ध्वनित भएको छ । मानिस त के झिँगासम्ममा भेद छ, इन्डियाका झिँगाहरू फोहोर खाएर कीटाणु सार्ने हुन्छन् तर हाम्रो पहाडको दही-दुधमा खेल्ने झिँगाहरू त्यस्ता होइनन् (पृ. ३४) । यहाँ आएको झिँगा शब्दले भारतीयप्रति तिखो व्यङ्ग्य गरेको छ । नेपालप्रति हेर्ने उसको दृष्टिकोण झिँगाको जस्तै छ र भारतका मानिसहरू निकै खराब प्रवृत्ति भएका हुन्छन् र यो वाक्यमा आएको झिँगा शब्दबाट नेपालप्रतिको माया पनि देखाइएको छ । जे होस् जे भए पनि तपाइहरू त्यस्तो अन्धा देशमा शिक्षा जस्तो अमूल्य वस्तु हाम्रो सन्तानलाई प्रदान गर्नुहुँदैछ, त्यो धन्य हो (पृ. ६१) । शिक्षाको प्रसङ्गमा आधुनिक समाजको परिकल्पनासँगै आधुनिक शिक्षाले गर्दा मान्छेको जीवनशैली नै परिवर्तन हुन्छ र नेपालमा शिक्षामाथि हेरिने दृष्टिकोण र नेपालीहरूले शिक्षाको महत्त्व नै नबुझेको कुरा उल्लेख गरेका छन । यसमा खान जानेपछि औषधी वा एन्टिबाइटिले स्वास्थ्यलाई फाइदा गर्छ भने खान नजान्ने हो भने उक्त औषधिले मान्छेको ज्यान पनि लिन सक्छ । त्यसैगरी शिक्षा विषय पनि त्यस्तो हो । जुन सकारात्मक रूपमा लिने हो भने मान्छेको जीवनशैली उच्चकोटिको हुन्छ यदि शिक्षालाई नकारात्मक रूपमा ग्रहण गर्ने हो भने मान्छेलाई कुलततर्फ धकेल्छ । माथिको प्रसङ्गमा शिक्षाको महत्त्व निकै ठूलो छ भन्ने देखाइएको छ ।

## ४.६ निष्कर्ष

इन्द्रबहादुर राईका उपन्यासमा प्रयोगशीलता पाइन्छ । त्यसमा पनि शिल्पविधान अन्तर्गत रहेका भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, शीर्षकविधानमा नवीन किसिमको प्रयोग पाइन्छ । उनका उपन्यासको भाषाशैलीमा परम्पराभन्दा भिन्न प्रयोगगत प्रवृत्ति पाइन्छ । आलङ्कारिक भाषाको प्रयोग, बिम्ब र प्रतीकहरूको उपयुक्त संयोजन तथा आगन्तुक शब्दको विविधतायुक्त प्रयोगले उनको उपन्यासको भाषा विविधतायुक्त बन्न पुगेको छ । त्यस्तै सरल र संयुक्त वाक्यको प्रयोग बिचबिचमा संवादद्वारा सुरु र अन्त्य गरिएको छ । संवादका क्रममा पनि प्रयोगशीलता देख्न सकिन्छ । यो भाषाशैली विसङ्गत मान्यताबाट प्रभावित छ ।

# पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष

## ५.१ सारांश

इन्द्रबहादुर राई (१९८४) ले नेपाली साहित्येतिहासमा एउटा नवीन आयामेली आन्दोलन ल्याए । उनको प्रत्येक साहित्य सृजनामा एउटा नवीन सोंच देखिन्छ । त्यस सोंचमा तत्कालीन जीवनमा बाँचिरहेका मानिसको अस्तित्व तथा विसङ्गतिवादी चिन्तन र शून्यवादी चिन्तन पनि पाइन्छ । **आज रमिता छ** (२०२१) उपन्यास उनको यही अस्तित्व तथा विसङ्गतिवादी चिन्तनमा आधारित रहेको उपन्यास हो । यसको कथावस्तु क्षीण छ, कथानकको सट्टा अकथानक प्रयोग भएको छ, त्यस्तै चरित्रहरू पनि विशृङ्खलित र सामान्य रहेका छन्, जसमा जनक नायकका रूपमा त आउन खोजेको छ तर वहन गर्नुपर्ने त्यस्तो कुनै विशेषता वहन गरेको छैन त्यसैले यसलाई नायकको सट्टा अनायक भन्न सकिने आधार छन् । किनकि यस उपन्यासमा एम. के. जस्ता पात्रले पहिला जागिर खोज्ने जागिर प्राप्त गरेपछि उक्त जागिर छाड्ने पुनः जागिरको खोजीमा पस्ने, जागीर पाए लगत्तै आत्महत्या गर्नु यस उपन्यासको मुख्य घटना रहेको छ ।

विश्वसाहित्यमा प्रथम विश्वयुद्ध (१९१४-१८) पश्चात् आधुनिकतावाद मौलाउँछ । यस वादअन्तर्गत दादावाद यसकै पृष्ठभूमि आएको अतियथार्थवाद, यथार्थवाद, प्रकृतवादले आफ्नो हैसियत जमाउँछ भने द्वितीय महायुद्ध (१९३९-४५)ले निम्त्याएको मानव जिजीवीषाले आक्रान्त भएका विश्वमानवको अस्तित्व तथा विसङ्गत शून्यवादी चिन्तन उत्तर आधुनिकतावाद सँगै मौलाउँछ, यो कुनै वाद नभएर विश्वको साहित्यमा देखिएको एउटा नवीन प्रयोग हो अर्थात् यो कुनै वाद नभएर विश्व साहित्येतिहासमा वस्तुपक्षलाई अतिक्रमण गर्दै शिल्पपक्षलाई प्राथमिकता दिनुलाई पनि प्रयोगवादको मान्यता हो भन्न सकिन्छ । राष्ट्रिय अन्तर्राष्ट्रिय राजनीतिक, सामाजिक परिस्थिति र त्यस परिस्थितिको अन्तरकुन्तरमा अन्तप्रवाहित आधुनिक उत्तरआधुनिक चिन्तन र शैली-शिल्पबाट प्रेरित र प्रभावित तथा तदनुरूप लेखनको चाहना र सृजन सामर्थ्य भएका साहित्यकार/उपन्यासकारहरूले जुन नवलेखन आरम्भ गरे त्यो प्रयोगवादी लेखनका रूपमा स्थापित छ । साहित्यिक रूढिलाई लत्याएर नयाँ परम्पराको निर्णय गर्नुलाई नै प्रयोगवाद हो भन्न सकिन्छ । प्रयोगवाद कुनै वाद, मान्यता र सिद्धान्तका रूपमा प्रयोग नभएर यसले साहित्यको वस्तुशिल्प तथा भाषामाथि अतिक्रमण गर्दछ । अझ भनौं यसले त भाषाको एकदमै नयाँ र विशृङ्खलित प्रयोग गर्न खोज्छ । साहित्यमा यसले विधाभञ्जनको मान्यता

पनि राख्दछ । यसले तत्कालीन युग मानव जीवनका अस्तित्व विसङ्गति तथा शून्यवादी/निस्सारता बोधको नवीन प्रयोग गरेर देखाउँछ भन्न सकिन्छ ।

परिच्छेद दुईमा उपन्यासमा प्रयोगशीलता विश्लेषणको अवधारणात्मक पर्याधारअन्तर्गत अवधारणा, विकास, मान्यता, उपन्यासको सैद्धान्तिक अवधारणा, वस्तुविधान आदि उपशीर्षकहरू रहेका छन् । परिच्छेद तीनमा **आज रमिता छ** उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचार आदि तत्त्वसम्बन्धी अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै परिच्छेद चारमा **आज रमिता छ** उपन्यासको भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु तथा शीर्षकविधानमा प्रयोग देखिन्छन् भने अन्तिम परिच्छेद वा परिच्छेद पाँचमा निष्कर्ष रहेको छ ।

यस शोधको पहिलो परिच्छेदको प्रारम्भमा शीर्षक परिचय, विषयक्षेत्रको परिचय दिँदै अध्ययनको विषयक्षेत्र निर्धारण गरिएको छ । समस्या कथनअन्तर्गत दुईओटा प्रश्नलाई कथनसहित अलगअलग परिच्छेदमा प्रस्तुत गरिएको छ । उक्त समस्या प्रश्नमा आधारित भएर तिनको निक्यौंल गर्नका लागि पूर्वकार्यको सहयोगको आधारमा विश्लेषण गरिएको छ । पूर्वकार्यमा पनि विभिन्न पुस्तक रचना तथा शोध प्रबन्धहरूलाई आधार मानेर बनाइएको छ । पूर्वकार्यको अध्ययनको निष्कर्षपश्चात् अध्ययनको औचित्य र महत्त्व स्थापना गरिएको छ भने अध्ययनको सीमाङ्कनअन्तर्गत शोधको क्षेत्र प्रयोगशीलतासँग सम्बन्धित भएर इन्द्रबहादुर राईद्वारा रचित **आज रमिता छ** उपन्यासको अध्ययन गरिएको छ । यस उपन्यासमा पाइने प्रयोगशीलता अध्ययनको समाधेय समस्या रहेको छ । त्यसपछि अवधारणात्मक पर्याधार, अर्थापन विधि र स्रोतको विश्लेषणका आधार प्रस्तुत गर्दै प्रस्तावित शोधको रूपरेखालाई छोटकरीमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधले निर्देश गरेअनुरूपको इन्द्रबहादुर राईद्वारा रचित **आज रमिता छ** उपन्यासमा प्रयोगशीलताको अध्ययन विश्लेषणबाट निक्यौंल गरिएको छ । यसर्थ प्रस्तुत शोध **आज रमिता छ** उपन्यास नवीन प्रयोग अध्ययनसम्बन्धी ज्ञान हाँसिल गर्न महत्त्वपूर्ण बनेको छ ।

प्रस्तुत शोधको परिच्छेद दुईमा **आज रमिता छ** उपन्यासमा प्रयोगशीलता विश्लेषणको अवधारणात्मक पर्याधारको विश्लेषणीय आधार रहेको छ । यस क्रममा प्रयोगवादको सामान्य परिचय, प्रयोगवादको अवधारणा विभिन्न विद्वान्ले गरेका अध्ययनका आधारमा प्रस्तुत गरिएको छ । प्रयोगवादको विकास कहिले र कहाँबाट भएको हो भन्ने विश्लेषण तथा

प्रयोगवादको मुख्य आधारभूमि के कहाँबाट स्थापित भयो भन्ने कुराको विश्लेषण गरिएको छ । प्रयोगवादले आफ्नो अस्तित्व कायम गर्ने क्रममा यसले आफ्ना के कस्ता मूलभूत मान्यता स्थापित गरेको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यसै परिच्छेदमा प्रयोगवादी उपन्यासको सैद्धान्तिक अवधारणा के-कस्ता रहेका छन् ती अवधारणालाई परम्परावादी उपन्यास र प्रयोगवादी उपन्यासको तत्त्वगत तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ । वस्तुविधानअन्तर्गत उपन्यासका तत्त्वहरूलाई परम्परावादी उपन्यास र प्रयोगवादी उपन्यासको तुलनात्मक विश्लेषण गरिएको छ । यस परिच्छेदमा रहेको अर्को उपशीर्षक शिल्पविधानमा प्रयोग रहेको छ । यसअन्तरगत जसरी मानिसको सुन्दरता आभूषणमा रहेको हुन्छ, त्यसैगरी साहित्य रचनामा शिल्पतत्त्वले उक्त रचनाको सौन्दर्यलाई चमत्कारिता प्रदान गर्दछ । यिनै शिल्पतत्त्वको परम्परावादी उपन्यास र प्रयोगवादी उपन्यासका तत्त्वगत तुलनात्मक विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधको परिच्छेद तीनमा इन्द्रबहादुर राईका उपन्यासको वस्तुविधानमा पाइने प्रयोगशीलतासम्बन्धी विश्लेषण गरिएको छ । यस परिच्छेदमा राईको **आज रमिता छ** उपन्यासमा के-कस्तो नवीन प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश, विचार आदिमा सम्बन्धित भएर के कस्तो प्रयोगशीलता भेटिन्छ भनी खोजी गरिएको छ । **आज रमिता छ** उपन्यासको कथावस्तु सङ्गठित छैन । यसमा भएका अन्य उपकथाहरूलाई पनि सचेत रूपमा अगाडि बढाउने कार्य पनि भएको छैन । उपन्यासमा खण्डहरूलाई लामो अनुच्छेद वा विश्रामका रूपमा लिएको देखिन्छ । यस उपन्यासको प्रारम्भ धुलाले धुम्रिएको कोलाहलमय सिलगडी बजारलाई उत्तरान्त लेबोङ गोलटारको टाटोसँग वृष्टिपछि कालो भई चम्कने कार्टरोडले अनेक भीर, पहरा, घुमाउरा डाँडा छिचोल्दै गएर जोडेको छ (पृ. १) । बेचिखाइनस् भने यसैले तँलाई पाल्छ (पृ. २) । भन्ने वाक्यबाट कथानकको विकास भएको छ । मुसोलीनीका फासिस्टहरूले ग्रीसमा आक्रमण गरेका कुराको विरोध गर्ने जनक युद्धकालीन समयमा दोब्बर-तेब्बर मूल्यमा सामान बेच्न पछि पर्दैन यसकारणले पनि समाजका विकृति विसङ्गतिहरूलाई प्रस्ट्याँइको छ ।

उपन्यासकार राई प्रयोगवादी उपन्यासकार भएका हुनाले उनको उपन्यास रचना, विचार परम्पराधर्मी उपन्यासभन्दा केही पृथक् देखिन्छ । यस्ता प्रयोगधर्मी उपन्यासमा मानवजीवनका विसङ्गति तथा अस्तित्वको खोजी तथा सामाजिक, आर्थिक, राजनीतिक

विकृतिको व्यङ्ग्यात्मक प्रस्तुति गरिएका हुन्छन् । विषयवस्तुका दृष्टिले सामाजिक, यथार्थवादी र चिन्तनका दृष्टिले विसङ्गती, प्रयोगवादी उपन्यासकारद्वारा लिखित **आज रमिता छ** उपन्यासको केन्द्रीय कथ्य वा भाव श्रमजिवी जीवनका समस्याहरू रहेका छन् । दार्जिलिङमा रहेका प्रवासी नेपालीहरूको जीवन चरित्रलाई यस उपन्यासमा विषयववस्तु बनाइएको छ । मूलभूत रूपमा मजदुर वर्गको चित्रण रहेको यस उपन्यासमा आजको दार्जिलिङ प्रतिबिम्बित भएझैँ अनुभूत गराउँदछ । यस उपन्यासमा प्रवासी नेपाली वा नेपालीहरू दार्जिलिङ गएदेखि त्यहाँ रहुन्जेलसम्म नेपालीहरूले भोग्नुपरेका दुःखपूर्ण अवस्था र समस्याको चित्रण गरिएको पाइन्छ । दार्जिलिङको इतिहास एक पुस्ताको पात्र नभएर पुस्तौँ पुस्ताको हो भन्ने कुरा यस उपन्यासमा देखाइएको छ ।

प्रस्तुत परिच्छेदमा **आज रमिता छ** उपन्यासमा निहित शिल्पविधानअन्तर्गत प्रयोगशीलताको खोजी गरिएको छ । शिल्पविधानअन्तर्गत भाषाशैली तथा संवाद, बिम्ब प्रतीक, दृष्टिबिन्दु र शीर्षकविधानसँग सम्बन्धित भएर ती पक्षहरूमा के कस्तो प्रयोगशीलता भेटिन्छ भनी खोजी गरिएको छ । **'आज रमिता छ'** उपन्यासमा भाषाशैली वा संवाद, बिम्ब प्रतीक, दृष्टिबिन्दु र शीर्षकविधानमा प्रयोगशीलता भन्ने शीर्षकमा विश्लेषण गरिएको छ । यो शीर्षकमा उपन्यासका शिल्प तत्त्वअन्तर्गत पर्ने तत्त्वहरूको क्रमैसँग विश्लेषण गरिएको छ । यस परिच्छेदमा भाषाशैलीसम्बन्धी उपन्यास प्रयोगशील भएकाले भाषाको परम्परापनलाई भाँच्ने, भाषिक विचलन गर्ने गरिएको छ र भाषिकपन पनि नवीन रहेको छ भन्ने कुराको विश्लेषण गरिएको छ । यस्तै **आज रमिता छ** उपन्यासमा पनि नवीन भाषिक शिल्पको प्रयोग गरिएको छ भन्ने कुराको विश्लेषण गरिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत शोधमा नेपाली उपन्यासलेखन क्षेत्रमा इन्द्रबहादुर राईले (१९८४) **आज रमिता छ** उपन्यास परम्परावादी उपन्यास मान्यताका विपरीत नवीन मान्यतामा रचना गरेको देखिन्छ भने यसलाई नेपाली प्रयोगवादी उपन्यास हो भन्न सकिन्छ । राईले **आज रमिता छ** उपन्यासका कथानक, चरित्र, परिवेश, भाषाशैली, अङ्क (दृश्य, परिच्छेद) विभाजन, संवाद, दृष्टिविन्दु, बिम्ब तथा प्रतीक आदि जस्ता उपन्यासका संरचनात्मक अवयवहरूमा नवीन प्रयोग गरेका छन् भने बढीभन्दा बढी चरित्रचित्रणमा नवीन प्रयोग भेट्न सकिन्छ । परम्परित उपन्यासको जस्तो कथानकमा सङ्गति नहुनु, यथार्थ अङ्कनको विशिष्ट प्रयत्न हुनु,

आङ्गिक एकता नपाइनु, यसमा धेरै व्यक्तिहरूको जीवनको कथा हुनु पनि यस उपन्यासमा भएको एउटा नवीन प्रयोग हो भन्न सकिन्छ । यस उपन्यासमा दार्जिलिङे नेपाली समाजका आर्थिक, राजनैतिक, सामाजिक बनौटको समेत तस्वीर खिचिएको छ । विशेष गरी भारतीय स्वतन्त्रता सङ्ग्रामोत्तर भारतीय नेपाली समाजको प्रतिबिम्बन यस उपन्यासमा भएको छ । यसको कथावस्तु यथार्थ धरातलमा उभिएको छ तर पनि यो यथार्थ पूर्णतः विसङ्गत छ, यो पनि यस उपन्यासको प्रयोगशील पक्ष हो । अन्ततः प्रयोगवादी उपन्यासमा कथावस्तुको कार्यकारणको सम्बन्धलाई मान्यता दिइएको हुँदैन । कथावस्तुको कार्यकारणको सम्बन्धलाई भञ्जन गरिएको हुन्छ । घटना र कार्यको योजनाबद्ध सम्बन्धको खोजी गर्दैन । यसमा केवल मानवजीवनका विसङ्गत पक्ष, राजनीतिक विसङ्गति आदि घटनालाई प्रधानता दिइएको हुन्छ । यसमा मानवजीवनका ऐतिहासिक, पौराणिक, धार्मिक, राजनैतिक, सांस्कृतिक पक्षको कुनै पनि रूपमा  प्रस्तुत नगरेर यसले मानवजीवनका  विसङ्गतिलाई उजिल्याउने अनि अस्तित्वको खोजी गर्ने  गर्दछ । प्रयोगवादी उपन्यासमा घटना र कार्यको सम्बन्धलाई विनिर्माण गर्न खोजिएको हुन्छ, विशृङ्खल गरिएको हुन्छ । प्रयोगवादी उपन्यासमा कथानक जताबाट पढे पनि हुन्छ किनकि उपन्यासको कथावस्तु रैखिक ढाँचामा हुँदैन ।

कतिपय परम्परावादी उपन्यासमा थोरै पात्रहरूको प्रयोग गरेर रचना गरिएको पाइन्छ भने **आज रमिता छ** बहुपात्रीय लगभग एक सय असी पात्रहरूको प्रयोग गरेर उपन्यास तयार गरेको पाइन्छ । तीमध्ये पचास जति स्त्रीपात्र छन् भने अन्य पुरुषपात्र छन् । पौराणिक मिथकअनुसार जनक र सीता बाबु-छोरी हुनुपर्नेमा यस उपन्यासमा जनक र सीतालाई श्रीमान्श्रीमतीको रूपमा उभ्याइएको छ भने यसलाई नै नवीनभन्दा नवीन प्रयोग भन्न सकिन्छ । पात्र वा चरित्रका नामानुसार अर्थात् नामअनुकूल कुनै पात्रले पनि कार्य गर्न सकेका छैनन् ।

**आज रमिता छ** उपन्यासले दार्जिलिङको तथा पूर्वी नेपालको धनकुटा जिल्लादेखि इलामसम्मको स्थानलाई रीतिथिति, रहनसहन र बानीव्यवहारलाई परिवेश बनाएको छ । परिवेशमा सङ्गति र सम्बद्धता नरहेको यस उपन्याससम्म अन्वितिमूलक संरचना शिल्पको दृष्टिले स्थान, समय र चरित्रको अन्वितिहीनताको प्रयोग भएको छ । पूर्वी नेपालको धनकुटादेखि पूर्वी तराई हुँदै इलामसम्मको स्थानको साथै मुख्य रूपमा भारतको दार्जिलिङ र यस वरपरको क्षेत्र स्थानका रूपमा आएको छ । भारत अङ्ग्रेजको उपनिवेश रहँदैदेखिको समय र स्वतन्त्र भएको लामो कालखण्डको समयलाई यस उपन्यासमा उपन्यासकारले

राम्ररी समेटेका छन् । वि. सं १९९७ देखि २०१४ सम्मको समयावधि र त्यस समयमा दार्जिलिङेहरूले जीवनमा भोगेको विसङ्गत, निरर्थक, निस्सार जीवन भोगाइको परिस्थितिजन्य घटनाहरूलाई राईले प्रस्तुत गरेका छन् । यसरी विभिन्न परिस्थितिजन्य घटनाहरूलाई राम्ररी उतार्नुलाई पनि नवीन प्रयोग भन्न सकिन्छ ।

राईले परम्परागत उपन्यासको जस्तो सरल भाषाको प्रयोग नगरी विसङ्गतिवादी मान्यताअनुरूपको भाषिक विचलनको प्रयोग गरेका छन् । विसङ्गत मान्यताले मान्छेको जीवन विशृङ्खलित र अस्तव्यस्त रहेकाले त्यस्तो विशृङ्खलित र अस्तव्यस्त जीवनलाई प्रस्तुत गर्ने भाषा पनि त्यस्तै किसिमको अस्तव्यस्त र विशृङ्खलित हुनुपर्छ भन्ने मान्यता राख्दछ । उपन्यासकार राईको उपन्यासमा भाषा परम्परागत किसिमको नभएर अत्यन्त भिन्न, क्लिष्ट र नवीन प्रवृत्तिको  छ । राईले उपन्यास लेखनका क्रममा प्रायः व्याकरणिक नियमको पालना गरेका छैनन् । राईले यस उपन्यासमा नेपाली भाषाको मात्र प्रयोग नगरी हिन्दी, अङ्ग्रेजी, तामाङ आदि भाषाको प्रयोग गरेका छन् भने यसलाई पनि प्रयोगशील पक्ष भन्न सकिन्छ ।

यस उपन्यासमा शीर्षक **आज रमिता छ** भनिएको छ तर यहाँ रमिताको ठिक विपरीत बिजोग वा दुःखपूर्ण जीवन बिताउन बाध्य जीवनस्थितिको जीवन्त चित्रण गरिएको पाइन्छ । दार्जिलिङको वा प्रवासी नेपालीहरूको बाध्यता, विवशता तथा कठिनाइहरूलाई राम्ररी उतारेका छन् । प्रयोगवादी उपन्यासमा तत्कालीन मान्छेका युग जीवनको विसङ्गतिबोध तथा अस्तित्वको खोजी गर्ने खालका शीर्षक चयन गरिएको हुन्छ । प्रयोगवादी उपन्यासको शीर्षक बिम्बात्मक तथा प्रतीकात्मक हुन्छ । कुनै प्रयोगवादी उपन्यासमा व्यङ्ग्यात्मक शीर्षक पनि रहेको हुन्छ । शीर्षक व्यङ्ग्यात्मक रहेकाले यस उपन्यासलाई प्रयोगशील उपन्यास हो भन्न सकिन्छ । यसैले गर्दा शीर्षकीकरणमा पनि नवीन प्रयोग देख्न सकिन्छ । यसरी अतिक्रमण र नवीन मान्यताको वरण गर्नुलाई नै उपन्यासमा गरिएको नवीन  प्रयोग हो भन्न सकिन्छ ।

यस उपन्याससँग सम्बन्धित सम्भावित शोधशीर्षकहरू यसप्रकार रहेका छन्:

क) **आज रमिता छ** उपन्यासमा परिवेशविधान

ख) **आज रमिता छ** उपन्यासमा पात्रविधान

# सन्दर्भ सूची


कँडेल, घनश्यामउपाध्याय (२०३८) . '**आज रमिता छ** यथार्थ अङ्कनको विशिष्ट प्रयत्न'. **जूही** वर्ष १ अङ्क ३, पुस-फागुन, पृ. ८७, ८९ ।

कोइराला, बद्रीप्रसाद (२०६७). '**आज रमिता छ** उपन्यासमा भाषिक प्रयोग'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, कुसुम (२०७०). '**आज रमिता छ** उपन्यासमा विसङ्गतिवाद'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

गौतम, ध्रुवचन्द्र (२०५३). **अग्निदत्त+अग्निदत्त.** काठमाडौँ : हिसि प्रेस नेपाल, लेखक सङ्घ ।

ज्ञवाली, रामप्रसाद (२०६६). **पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या.** (दो. संस्क.) काठमाडौँ : हजुरको प्रकाशन ।

जोशी, कुमारबहादुर (२०३८). **पाश्चात्य साहित्यका प्रमुखवाद.** ललितपुर : साझा प्रकाशन ।

तिवारी, कान्तिप्रसाद (२०७३). 'ध्रुवचन्द्र गौतमका नाटकमा प्रयोगशीलता'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

त्रिपाठी, वासुदेव (२०३०). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १.** ललितपुर : साझा प्रकाशन ।

..................... (२०६५). **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग २.** पाँचौं संस्क. ललितपुर : साझा प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद (सम्पा. २०२१). 'नेपाली उपन्यासको एतिहासिक विवेचना'. लेख **ज्ञानविज्ञानको दिशा**, बाराणसी : ।

पोखरेल, भानुभक्त (२०५५). **साहित्य समीक्षासङ्ग्रह.** ललितपुर : साझा प्रकाशन ।

पौडेल, विष्णुप्रसाद (२०६८). **उपन्यास समालोचना प्रवृत्ति र विश्लेषण.** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (सम्पा. २०२५). **साझा समालोचना.** ललितपुर : साझा प्रकाशन ।

.....................(२०३७). **नेपाली उपन्यास र उपन्यासकार.** ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८). **उपन्यास सिद्धान्त र नेपाली उपन्यास.** दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

भण्डारी, पारसमणि र अन्य (२०६६). **नेपाली गद्य र नाटक.** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

राई इन्द्रबहादुर (२०६२). **आज रमिता छ.** पाँचौं संस्क.  ललितपुर : साझा प्रकाशन ।

....................(सन् १९७४). **उपन्यासका आधारहरू.** दार्जिलिङ : नेपाली साहित्य परिषद् ।

राई, भुवीन्द्र (२०७०). 'त्यो एउटा कुराको विधातात्त्विक अध्ययन'.  काठमाडौं : अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

लामिछाने, यादवप्रकाश (२०६१). 'आधुनिक नेपाली उपन्यासमा विसङ्गतिवोधः'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

लुइँटेल, खगेन्द्रप्रसाद( २०६९). **नेपाली उपन्यासको इतिहास.** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, तारानाथ (२०२६). 'दार्जिलिङको रमिता'. (**मधुपर्क** १:१२), वैशाख पृ. ४५-५४ ।

शर्मा, मोहनराज (२०५५). **समकालीन समालोचनाः सिद्धान्त र प्रयोग.** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

शर्मा, शान्तिराज (२०२९). **दार्जिलिङ र सेरोफेरो**. दार्जिलिङ : उमेश गौतम ।

श्रेष्ठ, तीर्थकुमार (२०७१). 'भस्मासुरको नलीहाड नाटकको विधातात्त्विक अध्ययन'. काठमाडौं अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर।

श्रेष्ठ, दयाराम (२०५७). **नेपाली कथा भाग ४.** ललितपुर : साझा प्रकाशन ।

सुब्बा टी. बी. चन्द्र (२०६१). **श्री इन्द्रबहादुर राई व्यक्तित्व, कृति र कार्य.** गान्तोक सिक्किम किनार प्रकाशन ।

सुब्बा, शङ्कर (२०३८). 'साहित्यकार इन्द्रबहादुर राईको जीवनी, व्यक्तित्व, कृतित्व'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

सुवेदी, राजेन्द्र (२०३७). 'कतिपय कोणबाट आज रमिता छ उपन्यासको अध्ययन' **वाङ्मयः.** ललितपुर : साझा प्रकाशन ।

.................... (२०६४). **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति.** दोस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

# ‘आज रमिता छ’ उपन्यासमा प्रयोगशीलता

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

स्नातकोत्तर दोस्रो वर्षको दसौँ पत्रको

प्रयोजनका लागि प्रस्तुत

शोधपत्र

**शोधार्थी**

दिव्याकुमारी तामाङ

नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर २०७४

# विषय सूची

| | पृष्ठ |
|---|---|
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१-१०** |
| १.१ विषयपरिचय | १-२ |
| १.२ समस्याकथन | २ |
| १.३ शोधको उद्देश्य | ३ |
| १.४ पूर्वकार्यको समीक्षा | ३-७ |
| १.५ शोधको औचित्य र महत्त्व | ७-८ |
| १.६ शोधकार्यको सीमाङ्कन | ८ |
| १.७ शोधविधि | ८ |
| १.७.१ सामग्री सङ्कलन विधि | ९ |
| १.७.२ अवधारणात्मक पर्याधार र अर्थापन विधि | ९ |
| १.८ शोधको रूपरेखा | १० |
| **दोस्रो परिच्छेद : 'आज रमिता छ' उपन्यासमा प्रयोगशीलता विश्लेषणको अवधारणात्मक पर्याधार** | **११-३३** |
| २.१ विषयप्रवेश | ११ |
| २.२ प्रयोगवादको अवधारणा, सैद्धान्तिक मान्यता तथा विकासक्रम | ११-१७ |
| २.३ प्रयोगवादका आधारभूत मान्यता | १७-१९ |
| २.४ प्रयोगवादी उपन्यासको अवधारणा | १९-२२ |
| २.४.१ वस्तुविधानमा प्रयोगवाद | २२ |
| २.४.१.१ संरचनामा प्रयोग | २२-२३ |
| २.४.१.२ विषयवस्तु तथा कथानकमा प्रयोग | २३-२४ |
| २.४.१.३ चरित्रचित्रणमा प्रयोग | २४-२५ |
| २.४.१.४ परिवेशमा प्रयोग | २५-२६ |
| २.४.१.५ विचार वा उद्देश्यमा प्रयोग | २६-२७ |
| २.४.२. शिल्पपक्षमा प्रयोग | २७ |
| २.४.२.१. भाषाशैलीमा प्रयोग | २८-२९ |
| २.४.२.२.बिम्ब र प्रतीकमा प्रयोग | २९-३१ |

२.४.२.३. शीर्षकमा प्रयोग ३१

२.५ निष्कर्ष ३१-३३

**तेस्रो परिच्छेद : 'आज रमिता छ' उपन्यासको संरचना, कथानक, चरित्र, परिवेश र विचारमा प्रयोग ३४-५५**

३.१ विषयप्रवेश ३४

३.२ **आज रमिता छ** उपन्यासको संरचनामा प्रयोग ३४-३५

३.३ **आज रमिता छ** उपन्यासको विषयवस्तु तथा कथानकमा प्रयोग ३५-३९

३.४ **आज रमिता छ** उपन्यासको चरित्रचित्रणमा प्रयोग ३९-५२

३.५ **आज रमिता छ** उपन्यासको परिवेशविधानमा प्रयोग ५२-५३

३.६ **आज रमिता छ** उपन्यासको विचार वा उद्देश्यमा प्रयोग ५४-५५

३.७ निष्कर्ष ५५

**चौथो परिच्छेद : 'आज रमिता छ' उपन्यासको भाषाशैली तथा संवाद, बिम्ब र प्रतीक, दृष्टिबिन्दु तथा शीर्षकविधानमा प्रयोग ५६-६९**

४.१ विषयप्रवेश ५६

४.२ **आज रमिता छ** उपन्यासको भाषाशैली तथा संवादमा प्रयोग ५६-६५

४.३ **आज रमिता छ** उपन्यासको शीर्षकमा प्रयोग ६५-६७

४.४ **आज रमिता छ** उपन्यासमा प्रयुक्त दृष्टिविन्दुमा प्रयोग ६७-६८

४.५ **आज रमिता छ** उपन्यासको बिम्ब तथा प्रतीकमा प्रयोग ६८-६९

४.६ निष्कर्ष ६९

**पाँचौं परिच्छेद : सारांश तथा निष्कर्ष ७०-७५**

५.१ सारांश ७०-७३

५.२ निष्कर्ष ७३-७५

**सन्दर्भ सूची ७६ -७७**

**त्रिभुवन विश्वविद्यालय**
**नेपाली केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौँ**

# शोध निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागकी छात्रा दिव्याकुमारी तामाङले नेपाली विषय स्नातकोत्तर तह दसौँ पत्रको प्रयोजनका लागि '**आज रमिता छ' उपन्यासमा प्रयोगशीलता** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यप्रति म पूर्ण सन्तुष्ट छु । आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७४/०१/२२

............................
डा. कृष्णहरि बराल
त्रिभुवन विश्वविद्यालय
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौँ

# त्रिभुवन विश्वविद्यालय
# नेपाली केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौँ

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय मूल्याङ्कन विभागकी छात्रा दिव्याकुमारी तामाङले त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तह द्वितीय वर्षको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नुभएको इन्द्रबहादुर राईको **'आज रमिता छ' उपन्यासमा प्रयोगशीलता** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

| **शोधपत्र मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| **१. प्रा.डा. देवीप्रसाद गौतम**<br>**विभागीय प्रमुख** | ................................ |
| **२. डा. कृष्णहरि बराल**<br>**शोध निर्देशक** | ............................. |
| **३. डा. भरत भट्टराई**<br>**बाह्य परीक्षक** | ............................ |

**मिति : २०७४/०२/१४**

# कृतज्ञता ज्ञापन

**'आज रमिता छ' उपन्यासमा प्रयोगशीलता** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु डा. कृष्णहरि बरालज्यूका कुशल निर्देशनमा तयार पारेकी हुँ । विभिन्न कठिनाइ तथा व्यस्तता हुँदाहुँदै पनि विभिन्न समस्याहरूमा अत्यन्तै सहजता र प्रेमका साथ समय उपलब्ध गराई शोधकार्यका विषयगत र प्राविधिक पक्षमा निरन्तर सजग र सचेत गराउँदै उचित मार्ग निर्देशन गरिदिनुभएकोमा आदरणीय गुरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत शोधकार्य गर्न स्वीकृति प्रदान गरिदिनुभएकोमा विभागीय प्रमुख प्रा. डा. देवीप्रसाद गौतमज्यूप्रति पनि कृतज्ञ रहेकी छु ।

यस शोधकार्यका लागि प्रेरणा र हौसला दिँदै हरेक प्रकारले सहयोग पुऱ्याउने मेरा आदरणीय माता कुशुममाया तामाङ तथा भाइ भुपाल तामाङप्रति आभारी छु । यसका साथै विभागीय कामकारवाहीमा सहयोग गरिदिनुभएकोमा शैक्षिक प्रशासक र नेपाली केन्द्रीय पुस्तकालय प्रमुखलाई पनि म धन्यवाद दिन चाहान्छु । नेपाली केन्द्रीय विभागको विभागीय पुस्तकालयका साथै शोधपत्र तयार पार्दा आवश्यक सहयोग गर्ने मेरा साथी तथा मित्रहरू, कान्तिप्रसाद तिवारी, समिर कोइराला, आशाकुमारी गुरुङ्ग, रमिला गुरुङ्ग, तारा गौतम लगायत अन्य सम्पूर्ण साथीहरूप्रति पनि आभार प्रकट गर्न चाहान्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

शैक्षिक सत्र : २०७०/०७१

मिति : २०७४/०२/०२

त्रि.वि. दर्ता नं. : ६-२-७-१७९७-२००६

रोल नं. : ०९

........................

दिव्याकुमारी तामाङ
नेपाली केन्द्रीय विभाग
त्रि.वि.कीर्तिपुर